ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



## किरण पुस्तकालय

तम्घास, गुल्मी

## काली गण्डकी गाउँपालिकामा रहेका मठमन्दिर र दर्शनीय स्थलहरू



हिले सिद्धबाबा



कनौटा मन्दिर



दुर्गादेवी कोट मन्दिर



होस्मारे झरना



ध्वाखोला पोखरी

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४८ ❑ अङ्क : १ ❑ सम्पूर्णाङ्क : ८८ ❑ कार्तिक-पुस, २०७७

**सम्पादक**
शशि पन्थी

**सह–सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

**किरण पुस्तकालय**
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.५०/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

आवरण पृष्ठ : गुल्मीको काली गण्डकी गाउँपालिकामा अवस्थित शिवालय मन्दिर परिसर

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## *काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## *रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## *चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## *दाङ प्रतिनिधि*

**अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## *पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

## *पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## *विदेश प्रतिनिधि*

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

**सम्पादकीय**

# सिसिफसको कथा

- सिसिफसको कथाझैं भयो नेपालीको क्रान्तियात्रा । कोलका गोरुझैं घुमिरह्यौं हामी निरर्थक र निर्लक्ष्य यात्रामा । मानौं यो तमासा हेरिरहेछौं हामी राजनीतिको । मानौं हामी नौटङ्की रमिता गरिरहेछौं । मानौं हामी भाण र विदूषकहरूका हास्यास्पद निर्लज्ज अभिनय हेरिरहेछौं ।

- सात साल, छ्यालीस साल र त्रिसठ्ठी सालमा नेपालमा क्रान्तिहरू भए । क्रान्तिमा नायकहरू लुके । जनताले छाती थापे । जनता नै शहीद भए । नायकहरूले अबीर र माला थापे, थापिरहे । नायकहरू पदका लागि लडिरहे । प्रत्येक महिना संक्रान्ति आए पनि नेपालीलाई संक्रान्ति आएन। अधूरो भइरह्यो क्रान्ति, अपूरा भइरहे जनताका सपनाहरू ।

- क्रान्ति : देशोत्थानको मियो बन्नु पर्ने थियो । क्रान्ति : राष्ट्रिय चेतनाको दियो बन्नु पर्ने थियो । क्रान्ति : यस राष्ट्रलाई एउटै सूत्रमा उन्ने सियो बन्नु पर्ने थियो । क्रान्तिले लोकतन्त्रको सुमधुर फल फलाउला भनेको त पार्टीतन्त्रको तितो ऐरलु पो फलायो । यसले त राष्ट्रिय एकताको उनेको माला च्यातेर छिन्न-भिन्न गरायो ।

- एउटा समुन्नत र समृद्ध राष्ट्रको सपना हामी बुनिरहेथ्यौं । एउटा कल्पना हामी गरिरहेथ्यौं, - क्रान्तिले सुख, स्वतन्त्रता र समानता ल्याउँछ भनेर । भएन त्यस्तो । हामीले राष्ट्रमा भस्मासुरको दाइँ देखिरहेछौं । एकता होइन, गुट, फुट र पदलोलुपताको चर्तिकला हेरिरहेछौं । अस्थिरताको भुमरीमा घुमिरहेछौं ।

–०००–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | हाम्रो संस्कार, संस्कृति र ... | शरदकुमार भट्टराई | १ |
| २. | विद्यावारिधि शोधकार्य भनेको ... | प्रा.डा. महादेव अवस्थी | ११ |
| ३. | नेपाली दर्शन सांख्यमा जीव-जगत् ... | कृष्णप्रसाद कोइराला | १७ |
| ४. | हेमन्ती याम | डा. श्यामप्रसाद न्यौपाने | २२ |
| ५. | जिन्दगी | ध्रुव सुमन | २३ |
| ६. | प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. ... | डा. बाबुराम आचार्य | २४ |
| ७. | आमा हाम्री वसुन्धरा | रुद्र ज्ञवाली | ३५ |
| ८. | भागवत ज्ञवाली : स्मृति-बिम्ब | डा. रामप्रसाद ज्ञवाली | ३६ |
| ९. | स्वदेश | विजय सागर | ४० |
| १०. | चुनाव जित्ने जुक्ति | शिवप्रसाद पौड्याल | ४१ |
| ११. | नेपालमा निर्वाचन | हरिप्रसाद भण्डारी | ४५ |
| १२. | पुष्पवती | उत्तरकुमार पराजुली | ५४ |
| १३. | जीवन बुझ्नुको अर्थ | पद्मप्रसाद शर्मा | ६६ |
| १४. | रमणीय पवित्र रेसुङ्गाभित्र पस्दा | खिमानन्द पोखरेल | ७० |
| १५. | एकल जिन्दगी | कृष्णप्रसाद खनाल 'कुस्मा' | ७६ |
| १६. | बर्सिन्छ आनन्द | मनबहादुर खत्री 'मनु' | ७७ |
| १७. | बाछिटा | चन्द्रकला अधिकारी | ७८ |
| १८. | वैकुण्ठको वैकुण्ठबास | शेरजंगबहादुर बस्नेत | ७९ |
| १९. | मूला | रामप्रसाद पन्थी | ८१ |


## स्थायी स्तम्भहरू


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. लक्ष्मीकान्त पन्थी | १ |
| | | डा. कृष्णप्रसाद भण्डारी | ११ |
| ३. | अनुभव/अनुभूति | गोपाल पन्थी | ८४ |
| ४. | काली गण्डकी गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय | ८९ |
| ५. | पुस्तकालय परिचय | रामप्रसाद पन्त | ९७ |
| ६. | किरण पुस्तकालयको पातो | सचिव | १०१ |
| ७. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १०२ |
| ८. | यताउताबाट | विभिन्न पत्रपत्रिका | १०५ |
| ९. | पाठक-प्रतिक्रिया | (क) डिल्लीराज खनाल | १०६ |
| | | (ख) सन्ध्या पन्थी | १०७ |


०००

# हाम्रो संस्कार, संस्कृति र धर्मसमेतको भविष्य अन्धकारपूर्ण देखिन्छ ।



**✍ शरदकुमार भट्टराई**

*(गुल्मी जिल्लाबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ' त्रैमासिक पत्रिकाको लागि अद्वैत वेदान्त चिन्तक तथा लेखक श्री शरदकुमार भट्टराई जो नेपाल सरकारको निजामती सेवामा रहेर सचिवसम्म हुनुभयो । हाल सेवानिवृत्त भएर नित्य स्वाध्यायमा संलग्न हुनुहुन्छ । उहाँ नेपाली साहित्यका पनि ज्ञाता एवं योग्य कवि हुनुहुन्छ । उहाँसँग हाम्रो पुरुषार्थका काठमाडौं प्रतिनिधि डा.लक्ष्मीकान्त पन्थीले भेटेर प्रश्नहरू सोधी लिखित रूपमा लिनुभएको अन्तर्वार्ता यसप्रकार छ - **सम्पादक**)*

**१. हजुर नमस्कार छ । म आज हजुरसँग हाम्रो जिल्ला गुल्मीबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ'का लागि अन्तर्वार्ता लिन आएको छु । सर्वप्रथम हजुरको स्वास्थ्य अवस्था के कस्तो छ ? स्वास्थ्य रक्षाका लागि कस्तो उपाय गर्दै रहनु भएको छ ?**

❑ सर्वप्रथम आदरणीय विद्वान् तपाईंले आज मसँग गुल्मी जिल्लाबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ'का निम्ति अन्तर्वार्ता लिन लाग्नुभएर मलाई गौरव प्रदान गर्न लाग्नुभएको छ । यसका लागि म धन्यवाद अर्पण गर्दछु ।

आठौं दशक पार गरिसकेको मेरो जीर्णशीर्ण यो मायिक शरीर सामान्यरूपमा स्वस्थ नै छ । स्वास्थ्यरक्षाका लागि वर्तमान कोरोनाक्रान्त अवस्थामा घरमै परिसीमित परिधिमा रहेर नित्यकर्म र स्वाध्यायका साथै वेदान्तलेखनका अतिरिक्त सामान्य योगादि व्यायाम पनि गर्दछु । स्वास्थ्यरक्षाको खास सामान्य उपाय प्रातः वा सायं भ्रमण पनि गर्न समयले साथ दिएको छैन । यस्तै चल्दैछ यो जीवन ।

**२. हजुरको पारिवारिक पृष्ठभूमिसहित हजुरको शिक्षादीक्षाका सम्बन्धमा जिज्ञासा छ ?**

❑ मेरा पुर्खाहरूमध्ये एकजना शुद्ध वैदिक सनातन धर्मावलम्बी ऋषेश्वर गोरखाबाट पूर्वतिर बिर्ता पाएर जानुभएको र उहाँकै वंशमा मेरो पनि जन्म भएको हो । मेरा पिताजी पं. धर्मदत्त भट्टराई निष्णात वेदपाठी, कर्मकाण्डी, पुराणवाचक, ज्योतिषी, आशुकवि हुनुका साथै बहुमुखी प्रतिभाले सम्पन्न हुनुहुन्थ्यो । उहाँबाटै गुरुमुखी भएर मैले आफ्नू शाखाको वाजसनेयिमाध्यन्दिनशुक्लयजुर्वेदसंहिता चालीस अध्याय पढेको हुँ । पिताजीका गुण, प्रतिभा आदि ममा आउन नसके पनि सामान्य संस्कार र शुद्धाचरण ममा पनि आधान भए जस्तो ठान्दछु । मेरी जननी रन्धता साक्षात् सरलताकी प्रतिमूर्ति, साध्वी, भक्तिमती, गृहिणी हुनुहुन्थ्यो । उहाँबाटै मैले भक्ति र त्यागको संस्कार, शिक्षा र सत्प्रेरणा पाएको हुँ ।

सर्वोच्च हिमश्री हिमशृङ्खलाशिरोमणि सगरमाथाको काखमा अवस्थित मेरो सुन्दर गाउँ खोटाङ रावा लामीडाँडा पतितपावनी निर्मलहिमनीरवाहिनी दूधकोशी र रावाका तटमा अवस्थित छ । अत्यन्त समतल परेको तथा हराभरा वृक्षवाटिकाद्वारा परिवेष्टित मेरो गाउँमा अधिक सङ्ख्यामा भट्टराई ब्राह्मणहरू र अरूमा सुवेदी, तिमल्सिना, ढुङ्गेल आदि थरका ब्राह्मणहरू निवास गर्दथे । यिनका अतिरिक्त विभिन्न जातजातिको सुन्दर बसोबास भएको तत्कालीन मेरो त्यो गाउँ एउटा उदाहरणीय ब्रह्मवस्ति थियो । त्यस पावन गाउँमा १५० घरभन्दा बढी शुद्ध वेदपाठी सनातन हिन्दुधर्मावलम्बी ब्राह्मणहरू निवास गर्दथे । त्यस सुन्दर गाउँका प्रत्येक घरमा पठित तथा विद्वान् पण्डितहरू थिए ।

सम्मो र फराकिलो त्यो ब्रह्मवस्तिको बीच भागमा सुन्दर तलाउ थियो र वरिपरि विशाल पीपलका वृक्षका साथै आँप, सुन्तला, चाक्सी, कटहर, जुनार, कागती, निबुवा, भोगटे आदि सदावहार वृक्ष र लटरम्म फल्ने फलफूलका बगैचाले त्यो आदर्श गाउँ समलङ्कृत थियो । उपर्युक्त तलाउका दक्षिण भागमा मगमग सुवास फैलाउने सुन चाँपोको वृक्ष थियो र संस्कृत पाठशाला पनि त्यहीँ थियो । त्यसै पाठशालामा संस्कृतको पठनपाठन हुन्थ्यो । मेरो सुरम्य गाउँ यस्तो थियो –

**लामीडाँडा धवल हिमका शैलले घेरिएको,**
**खोलानाला सघन वनका पङ्क्तिले बेरिएको ।**
**बग्छिन् छ्यौमै हिमजल नदी दूधकी दूधकोशी,**
**आमाले झैं मधुर पयले नित्य सन्तान पोसी ॥ १ ॥**

**लामीडाडाँ झलमल सधै उच्च डाँडो हुनाले,**
**लामीडाँडा गहन अति नै वृक्ष बाक्ला हुनाले ।**
**लामीडाँडा शिवतर सधै ब्रह्मवस्ती हुनाले,**
**लामीडाँडा प्रियतर निकै लेक बेसी हुनाले ॥ २ ॥**

**राम्रा सोझा प्रियजन थिए शुद्ध सोझो समाज,**
**गर्थ्यो होला त्यस समयमा सत्य सद्धर्म राज ।**
**राम्रो ब्रह्मस्थल अघि थियो शान्तिको धामपूर्ण ।**
**बस्थे पुर्खा मिलजुल गरी शान्ति पाई प्रपूर्ण ॥ ३ ॥**

मेरो उक्त गाउँमा बाह्रै महिना पुराण, हरिकीर्तन, शास्त्रचर्चा, यज्ञयागादि चलिरहन्थे र आजको आँखाबाट अतीततिर फर्केर हेर्दा ती सारा मलाई कल्पनाको स्वप्निल सुन्दर संसार जस्तो लाग्छ तर त्यो मबाट अनुभूत यथार्थता थियो ।

उपर्युक्त सुरम्य गाउँका बीचमा अवस्थित त्रिशुक्ल उपाध्याय वसिष्ठ गोत्री पिता पं. धर्मदत्त भट्टराई तथा माता साध्वी रन्धता भट्टराईको पाँचौं सन्तानको रूपमा त्यस घरमा पूर्व जन्मको पुण्य र प्रारब्धले मैले जन्मने सौभाग्य पाएको थिएँ । गाउँको जस्तो सौम्य तथा धार्मिक वातावरण थियो त्यस्तै नै मेरो घरको वातावरण पनि थियो । नित्यनैमित्तिक कर्महरू सधै चलिरहन्थे र समय-समयमा पुराण, माहात्म्यका साथै रुद्री, चण्डी, सत्यनारायणपूजा, यज्ञयागादि काम्य कर्मको पनि आयोजना हुने गर्थ्यो ।

मेरो घर परम्परागतरूपमा गुरुकुल जस्तै थियो । लघुकौमुदी, अमरकोश, रघुवंशमहाकाव्यका अतिरिक्त रुद्री, चण्डीलगायतका कर्मकाण्डको समेत मेरो घरमा पढाइ हुन्थ्यो । मैले पनि उपर्युक्त अनुसारको पढाइ घरबाटै शुरू गरेको हुँ । मेरा घरमा उपर्युक्त विषयका अतिरिक्त पुराणको पनि पढाइ हुन्थ्यो । पढ्न गाउँका प्रौढ तथा युवा विद्यार्थीहरूका अतिरिक्त टाढा टाढाबाट हाम्रै घरमा बसेर नै पढ्न नाता कुटुम्बका साइनो पर्ने विद्यार्थीहरू पनि आउँथे ।

त्यस गुरुकुलमा संस्कृत व्याकरण आदिका साथै पुराणसमेत दाजु पशुपतिप्रसाद भट्टराईज्यूले पढाउनुहुन्थ्यो । पिता पं. धर्मदत्त भट्टराईज्यूले कर्मकाण्डका साथै वेद, पुराण, रुद्री, चण्डी, ज्योतिषका साथै आयुर्वैदिक औषधि जडीबुटीको शिक्षा दिनुहुन्थ्यो ।

त्यस गुरुकुलकी सञ्चालिका आबाल ब्रह्मचारिणी विदुषी गुरुमाता बालकुमारी हुनुहुन्थ्यो । उहाँलाई वेद, पुराण, चण्डी, रुद्री, कर्मकाण्डसमेत कण्ठै थियो तर हाम्रो वैदिक परम्परामा 'स्त्रीशूद्रद्विजबन्धूनां त्रयी न

श्रुतिगोचरा ॥' (भागवत १।४।२५) भन्ने भएकाले उहाँ विद्यार्थीलाई सन्था दिनुहुन्नथ्यो तर अभ्यास भने गराउनुहुन्थ्यो । उहाँ आफ्नै परिवारभित्रका र बाहिरबाट पढ्न आएका बालबालिकाहरूलाई पनि अक्षरारम्भ गराएर पढ्न लेख्न सक्ने बनाइदिनुहुन्थ्यो । गुरुआमा तत्कालीन गाउँघरमा प्रचलित नेपाली भानुभक्तरामायण, कृष्णचरित्र, महाभारतका कथा, भगवतीस्तोत्र, मणिरत्नमाला आदि सबै कण्ठै पढाउनुहुन्थ्यो । मलाई उहाँले अक्षरारम्भ पछि आफ्नै काखमा राखेर भानुभक्तको रामायणबाटै साक्षर र पढ्न सक्ने बनाउनुभयो । ७८ वर्षअघि गुरु आमाबाट पढेका र सुनेका भानुभक्तका रामायणका केही श्लोकहरू र उहाँले गाउनु हुने अन्य कतिपय श्लोकहरू पनि मेरा स्मृतिपटलमा अझैसम्म ताजै छन् ।

उपर्युक्त अनुसारको मेरो पारिवारिक पृष्ठभूमि थियो र त्यहीँबाटै मेरो शिक्षादीक्षाको श्रीगणेश भएको हो । गृहगुरुकुलबाट शुरू भएको मेरो शिक्षाको यात्राले गाउँको संस्कृत पाठशाला, खार्पाको भाषापाठशाला हुँदै दिङ्लास्थित षडानन्दसंस्कृतमहाविद्यालयमा पदार्पण गर्‍यो । त्यताबाट २०१२ फागुन महिनामा काठमाडौ आएर रानीपोखरी प्रधान पाठशालामा विधिवत् संस्कृत शिक्षा शुरू भएको थयो ।

त्यसपछि संस्कृतशिक्षातर्फ साहित्य विषय लिएर वाराणसेय संस्कृत विश्वविद्यालय वाराणसीबाट मध्यमा परीक्षा उत्तीर्ण गरेपछि तत्कालीन संस्कृत महाविद्यालयका प्राचार्य श्रीपद्मप्रसाद भट्टराईज्यूको निर्देशनअनुसार प्रा.गोपालनिधि तिवारीज्यूसँग गुरुमुखी भएर अद्वैत वेदान्त विषयमा मैले आचार्यसम्म अध्ययन गरें । ' अर्को तर्फ तत्कालीन नेशनल कलेज रानीपोखरीबाट B.A. त्रि.वि.बाट कानून विषयमा B.L. गरेर त्रि.वि बाटै साहित्य विषयमा M.A गरें । त्यसपछि बेलायत गएर त्यहाँको Victoria Manchester University बाट Public Administration विषयमा Master गरें । अन्त्यमा जापानको सिन्जुकुको फुचु स्थित संयुक्तराष्ट्रसँग सम्बन्धित UNAFEI Institute बाट कानून सम्बन्धी CRIME Prevention and treatement of offenders विषयमा उच्चस्तरीय योग्यता तथा उपाधि प्राप्त गरें । सेवाबाट निवृत्तिपश्चात् उपर्युक्त मेरा शैक्षिक योग्यता, उपाधि र अनुभवहरूमध्ये केवल अद्वैत वेदान्तमात्रै मेरो जीवनको सम्बल बनेको छ भने अरू विषयहरू विस्मृतिमा प्रविष्ट भइसकेका छन् ।

**३. हजुर जस्तो योग्य विद्वान् भएको व्यक्तिले विश्व-विद्यालयतिर प्राध्यापन कार्यमा लाग्नुपर्ने ? कसरी सरकारी सेवामा प्रवेश गर्नुभयो ? लामो समय सरकारी सेवा गरेर बिताउनु भयो, यसबाट कत्तिको सन्तुष्टि भएको छ नि ?**

- विद्वान् प्रश्नकर्ताले अरू प्रश्नहरू जस्तै यो पनि अत्यन्त परिष्कृत, शिष्ट, सङ्क्षिप्त तर अर्थपूर्ण प्रश्न गर्नुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । तपाईंले राख्नुभएको उक्त जिज्ञासा वा प्रश्न मेरा अन्तर मनमा सधै उठिरहने प्रश्नहरूमध्येको एउटा प्रमुख प्रश्न हो । यसलाई सङ्क्षिप्तरूपमा यसरी निवेदन गर्नु उपयुक्त ठान्दछु ।

  उपर्युक्त प्रश्न २ को उत्तरमा मेरो प्रारम्भिक शिक्षाका सम्बन्धमा केही उल्लेख गरिसकेको छु । शुरूदेखि नै संस्कृत शिक्षाका साथसाथै अङ्ग्रेजी शिक्षा पनि मैले घरबाटै शुरू गरेको थिएँ । काठमाडौंमा अध्ययन गर्न आएपछि पनि मैले दिनमा विद्यालयमा संस्कृत एवं रातमा अङ्ग्रेजी पढ्ने क्रम गरी नै रहें । अन्ततः म आचार्यको अन्तिम वर्षमा पुग्दा अङ्ग्रेजीतर्फ बी.ए.को अन्तिम वर्षमा पुगिसकेको थिएँ ।

  यसरी दोहोरो अध्ययन गर्दा एकातर्फ तत्कालीन राजकीय संस्कृत महाविद्यालयमा प्राचार्य श्रीपद्मप्रसाद भट्टराई मलाई अद्वैत वेदान्तको विद्वान् बनाउन चाहनुहुन्थ्यो भने अर्कातर्फ तत्कालीन नेशनल कलेजका प्राचार्य श्रीशङ्करदेव पन्त मलाई विद्वान् बनाएर उहाँ आफ्नू उत्तराधिकारी प्राचार्य बनाउन चाहनुहुन्थ्यो । त्यसपछि त्रिभुवन विश्वविद्यालयमा वि.सं. २०२१ सालमा अध्ययन गर्दा एक पटक अन्तर्राष्ट्रिय वक्तृत्वकलाप्रतियोगितामा सर्वप्रथम भएर तत्कालीन युवराज श्री ५ वीरेन्द्रबाट म सम्मानित भएको थिएँ । त्यसबाट प्रभावित भएर त्रि.वि.का. तत्कालीन मेरा प्राध्यापक श्रीगोकुलचन्द्र शास्त्री पनि मलाई विद्वान् तथा प्राध्यापक बनाउन चाहनुहुन्थ्यो ।

  उपर्युक्तअनुसार मलाई विद्वान्, प्राध्यापक तथा प्राचार्य बनाउन चाहने तीनै जना आदरणीय विद्वान् गुरुहरूको इच्छालाई मैले पूर्ण गर्न नसकेकोमा मलाई अहिलेसम्म पश्चात्ताप छ । अन्ततः प्रारब्धले मलाई सरकारी सेवामा प्रविष्ट गरायो । मनुष्य जीवनमा कुनै वस्तुबाट पनि मोक्षपर्यन्त सन्तुष्टि नहुने यथार्थताबाट म पनि अवश्य अपवाद हुनसक्तिनँ । प्रारब्धले मलाई प्रशासनतर्फ नै लग्यो । मेरो सन्तुष्टि वा असन्तुष्टिको यथार्थ विवरण मेरो जीवनी 'अनुस्मृति २०६७' मा आएको छ । त्यसैबाट जान्न सकिन्छ ।

**४. वर्तमान समयमा हाम्रो समाजमा संस्कृतशिक्षाको पठनपाठनलाई अझै बढाउन, अझै यसको उन्नयन गर्न के के उपायहरू गर्नु पर्ला जस्तो लाग्छ ? बताइदिनुहोस् ।**

- संस्कृतशिक्षाको पठनपाठनलाई सशक्त अघि बढाउन सरकार, धनीमानी वर्ग, समाज र यसमा संलग्न संस्कृतका विद्वान्, शुभेच्छुक, र खास गरेर

पठनपाठनमा वेतनभोगी भएर नियुक्त गुरुवर्गले पनि इमान्दारीपूर्वक अध्यापन गर्नु गराउनुपर्छ । गुरुहरूले आफ्ना छोराछोरीलाई डाक्टर, इन्जिनयर, सी.ए. आदि बनाउने तर अरूहरूलाई संस्कृत शिक्षाको महत्त्व दर्शाएर संस्कृत पढ्न प्रवचन दिने जस्तो निर्लज्ज द्वैध चरित्र त्यागेर आफ्ना सन्तानलाई पनि ब्रह्मलीन प्रा.शिवराज आचार्यले जस्तै संस्कृतशिक्षा दिने इमान्दारीपूर्वक प्रण गर्नुपर्‍यो । अन्यथा संस्कृतशिक्षाको पठनपाठन र यसको श्रीवृद्धि केवल कोरा कल्पनामा मात्र परिसीमित हुनेछ ।

**५. नेपाली भाषा र साहित्यको वर्तमान अवस्था कस्तो देख्नुहुन्छ नि ?**

❑ नेपाली भाषा र नेपाली साहित्यको अवस्था पनि अपेक्षाकृत सन्तोषजनक देखिदैन ।

**६. अहिले हाम्रो नेपाली समाजमा विदेशी शिक्षा मात्र होइन, रहनसहन, चालचलन र संस्कृति नै भित्रिन लागे जस्तो देखिन्छ । यसले अब हाम्रो सामाजिक अवस्था कस्तो होला ? हजुरको विचार जान्न पाऊँ ?**

❑ यस सम्बन्धमा मैले २०७४ सालमा लेखेको 'संवेदना पर भयो' भन्ने कविताबाट नै स्पष्ट हुनेछ । अझ झन् विकृतितर्फ जाँदै गरेको हामी सबैको अनुभूति छ र यसबाट हाम्रो संस्कार, संस्कृति र धर्म समेतको भविष्य अन्धकारपूर्ण देखिन्छ । कविता यसप्रकार छ –

## संवेदना पर भयो

**देखिन्छ सम्भ्रम अशान्ति र अस्तव्यस्त,**
**यो देह भो गलित सुस्त र दैन्यग्रस्त ।**
**हामी भयौं भ्रमित शान्ति र चैन भाग्यो,**
**संवेदना जड भयो कि त ! दूर लाग्यो ॥ (१)**

**आचार संस्कृति र धर्म समेत भागे,**
**संस्कारहीन अपसंस्कृति आइलागे ।**
**भाषा म सुन्दछु नयाँ अनुहार देख्छु,**
**आफ्नै स्वदेश नव लाग्छ जता म टेक्छु ॥ (२)**

**सारा नवीन सरि लाग्छ जता म जान्छु,**
**आफ्नै स्वदेश किन हो ? परदेश ठान्छु ।**
**अत्यन्त सम्भ्रमित भै म अचम्म मान्छु,**
**यद्वा परें कि अरूका घरभित्र ठान्छु ॥ (३)**

हामी गयौं अब पलायनतर्फ सारा,
बिर्सेर भू र जननी शुभ भावधारा ।
आफै भयौं कि ! अब दुर्व्यसनाभिलाषी,
सम्भ्रान्त दिग्भ्रमित वा कि ! भयौं विलासी ॥ (४)

हामी प्रवासनमुखी क्रमले भएछौं,
आफ्नै स्वका अब विसर्जनमा गएछौं ।
हामी पराङ्मुख भई कि त भाग्न लाग्यौं,
यद्वा स्वजन्म जननी अब त्याग्न लाग्यौं ॥ (५)

दुर्भावना दुरति उग्र बढेर आयो,
सौहृद्य सख्य शिव शान्ति सबै हरायो ।
सम्बन्ध मात्र उपचारित भो समस्त,
संवेदना अब भयो क्रमसाथ अस्त ॥ (६)

हामी सबै दमित दुर्धर दैन्य पाली,
हिँड्छौ भिरेर भय निर्भय दूर फाली ।
बन्छौ भ्रमी भ्रम लिई भ्रमबाट भ्रान्त,
हाम्रो छ भित्र मन चञ्चल भै अशान्त ॥ (७)

कुण्ठा दुराग्रह दुराशय पाल्न थाल्यौं,
हाम्रा सुसभ्य समता सब फाल्न थाल्यौं ।
हामी बहिर्मुख भई सब डुल्न थाल्यौं,
हाम्रो सुसभ्य शुभ संस्कृति भुल्न थाल्यौं ॥ (८)

**७. सचिवज्यू ! हजुरका लेख रचना वा कृतिहरू के कति छन् नि ?**

❑ अहिलेसम्म मेरा प्रकाशित ग्रन्थ र प्रकाशोन्मुख कृतिहरू निम्नअनुसार छन्–

**आध्यात्मिकतर्फ –**

ज्ञान र भक्ति, रासपञ्चाध्यायी, ब्रह्मसाक्षात्कार, उपनिषत्सार, ब्रह्मसूत्रसार, मणिरत्नमाला अनुवाद, अध्यास र चतुःसूत्री, वेदान्तपरिभाषासार, श्रीकृष्णाय वयन्नुमः, परमसत्य, अध्यास, अद्वैतसिद्धिः १ खण्ड, अद्वैतसिद्धिः २ खण्ड, अन्तिम उपदेश, ब्रह्मविद्या, अजातवाद, पराविद्या, अपरोक्षाऽनुभूति, औपनिषद पुरुष, श्रीमद्भागवतमहापुराणको अवतरणिकाको नेपाली

अनुवादसहित, अष्टावक्रगीता समछन्दमा नेपाली अनुवाद, अवधूतगीता अनुवाद, ऋते ज्ञानान्न मुक्तिः ।

**लौकिकतर्फ** – उसैको लागिको समीक्षात्मकग्रन्थ, ऋतुमन्थन समीक्षात्मकग्रन्थ, सिर्जनाका फूलहरू कवितासङ्ग्रह, बहादुर शाह खण्डकाव्य, श्रद्धाञ्जलि शोककाव्य, गीत तथा भजनहरू, अमरसिंहको चिट्ठी काव्य, क्रान्तिदूत खण्डकाव्य, विविधयात्रा कवितासङ्ग्रह, यात्रैयात्रा कवितासङ्ग्रह, पत्रैपत्र कवितासङ्ग्रह, पृथ्वीविजयकाव्य, तीर्थहरूको यात्रावृत्तान्त, अनुस्मृति (जीवनयात्रा), वन्दना काव्यसङ्ग्रह, कविशतक कवितासङ्ग्रह, अष्ट्रेलियाको दैनिकी, आभास कवितासङ्ग्रह, कवितामञ्जरी कवितासङ्ग्रह ।

**प्रकाशोन्मुख कृतिहरू –**

उपनिषत्कारिका, ब्रह्मसूत्रकारिका, ज्ञेयतेव ।

**८. सेवानिवृत्त जीवन के कसरी बिताउने गर्नुभएको छ ?**

❑ सेवानिवृत्त जीवन सेवामा हुँदाको भन्दा सिर्जनात्मक र सार्थक भएर बितिरहेको छ । सदुपयोग गरेमा अवकाश प्राप्त वृद्धावस्था वरदान हो र दुरूपयोग गरेमा अभिशाप हो भन्ने मेरो अभिव्यक्ति मेरो आभास कविता सङ्ग्रहमा आइसकेको छ । वरदान हो भन्ने सम्बन्धमा २०५५ साल चैत्रमा अवकाश प्राप्त गरेपछि मबाट सिर्जित अद्वैत वेदान्तपरक र अन्य ३७ ओटा ग्रन्थहरूले प्रमाणित गर्दछन् । लेखन र सृजनको कार्य वर्तमान समयमा पनि अनवरत चलिरहेको छ । जुन कुरा उपर्युक्त सातौं प्रश्नको उत्तरबाट अवगत हुने नै छ ।

सामान्य रूपमा मेरो सेवानिवृत्तजीवन अत्यन्त नियमितरूपमा मैले श्रीमद्गीतोक्तप्रकारले बिताउने प्रयास गरिरहेको छु –

**युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।**
**युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥**

आयुर्वेदका अनुसार हित, मित र प्रीत सात्विक भोजन गर्छु, बेलुका सबेरै सुत्छु, प्रातः सबेरै उठ्छु र नित्य नैमित्तिक कर्मका साथै विधिपूर्वक **'स्वाध्याय धर्मपठितं निजवेदशाखावेदान्तभूमिगतमादरपालितञ्च'**मा पनि चल्ने प्रयास गर्दछु । यसका साथै –

**वेदो नित्यमधीयतां तदुदितं कर्म स्वनुष्ठीयताम् ।**
**तेनेशस्य विधीयतामपचितिः काम्ये मतिस्त्यज्यताम् ॥**

**वाक्यार्थश्च विचार्यतां श्रुतिशिरः पक्षः समाश्रीयताम् ।**
**ब्रह्मैवास्मि विभाव्यतामहरहर्गर्वः परित्यज्यताम् ॥**

**प्राक्कर्म प्रविलाप्यतां चितिबलान्नाप्युत्तरैः श्लिष्यताम् ।**
**प्रारब्धं त्विह भुज्यतामथ परब्रह्मात्मना स्थीयताम् ॥**

अनुरूप जीवन व्यतीत गर्न प्रयासरत छु ।

**९. हजुरको दृष्टिमा जीवन के हो ? र जीवनदर्शन के कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ? सो पनि कृपया बताइदिनुहोस् ।**

❑ शास्त्रअनुसार पूर्वजन्मकृत शुभाशुभ सञ्चित-कर्मबाट उद्भूत प्रारब्धजन्य आयुभरि आफैले कमाएका सुख र दुःखको भोग गर्न पञ्चाग्निमा होमिदै आएको मायिक जड बुद्धिसँग आध्यासिकरूपमा ग्रथित चिदाभासात्मक ग्रन्थि नै जीव हो र त्यसैबाट सञ्चालित यो क्षणिक सुखदुःखमात्मक दुर्लभ मनुष्य जीवन हो । यसको जीवनदर्शन त्यागमय, सात्विक, परोपकारी, आदर्शमय र मुमुक्षापूर्ण हुनुपर्दछ । यसैमा नै मनुष्यजीवनको सार्थकता छ । यस मनुष्य जीवनलाई सामान्यरूपमा हामीहरू सुलभ ठान्दछौं तर अत्यन्त दुर्लभ हो । भनिएको पनि छ । जस्तै –

**लब्ध्वा कथञ्चिन्नरजन्म दुर्लभं,**
**तत्रापि पुंस्त्वं श्रुतिपारदर्शनम् ।**
**यःस्वात्ममुक्तौ न यतेत मूढधीः**
**स आत्महाहा स्वं विनिहन्त्यसद्ग्रहात् ॥**

अनेकौं जन्महरूका पुण्यपुञ्जको उदय नभईकन अनुशयी जीवले दुर्लभ मनुष्यको जुनी पाउनै मुश्किल छ । त्यसमा पनि पुरुषत्व प्राप्त गरेर श्रुतिसिद्धान्तद्वारा प्रतिपादित मार्गमा अग्रसर हुन झन् कठिन छ । ब्रह्मज्ञान हुनु र ब्रह्मज्ञान भएपछि पनि जुन मनुष्यले मुक्ति प्राप्त गर्ने प्रयास गर्दैन भने त्यस्तो मनुष्य अवश्य पनि आत्मघाती हो । त्यसले आफ्नू अमूल्य नरजीवनलाई त्यसै नष्ट गर्दछ भन्ने आद्यजगद्गुरुको अभिव्यक्ति मननीय छ ।

त्यसै गरेर भगवान् योगेश्वर श्रीकृष्णको –

**'नृदेहमाद्यं सुलभं सुदुर्लभं**
**प्लवं सुकल्पं गुरुकर्णधारम् ।**
**मयानुकूलेन नभस्वतेरितं**
**पुमान् भवाब्धिं न तरेत्स आत्महा ॥'**

भन्ने सन्देश पनि मनुष्यमात्रका लागि शाश्वत सन्देश हो भन्ने बुझ्नु आवश्यक छ र हामी सबैको पनि जीवदर्शन यसै अनुकूल हुनुपर्दछ भन्ने लाग्दछ ।

अन्त्यमा मनुष्यमात्रका लागि ब्रह्मज्ञानी श्रीदत्तात्रेय गुरुको उपदेश यस प्रकार छ–

**यः प्राप्य मानुषं लोकं मुक्तिद्वारमपावृतम् ।**<br>
**गृहेषु खगवत्सक्तस्तमारूढच्युतं विदुः ॥**

**१०. आगामी नयाँ पुस्ताका विद्यार्थीहरूका लागि पनि हजुरको केही सन्देश छ कि ? जान्न पाऊँ ।**

सच्चा विद्यार्थीले जननी, जन्मभूमि र स्वधर्मलाई सर्वोपरि राखी सच्चरित्रवान्, नैतिकतावान् र अनुशासित भएर दायाँ बायाँ नलागीकन विद्योपार्जन गर्नुपर्दछ । अहिलेका होनहार विद्यार्थीहरू नै भावी नेपालका समग्ररूपमा कर्णधार हुन् । अतः असल शिक्षा प्राप्त गरेर नेपालको सच्चा नागरिक र नेपाल आमाको असल सन्तान बन्न म हार्दिक शुभ सन्देशका साथ शुभकामना अर्पण गर्दछु । धन्यवाद !

ooo


# गाउँपालिकाको अनुरोध

- ❑ फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं
- ❑ जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- ❑ घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवनसंहिताको पालना गरौं ।
- ❑ सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ/छैन, प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- ❑ सवारीसाधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- ❑ आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- ❑ आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- ❑ गाउँपालिकामा तोकिएको कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- ❑ रूख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- ❑ खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

**मालिका गाउँपालिका**

**अर्खावाङ्ग, गुल्मी**

# विद्यावारिधि शोधकार्य भनेको शोध निर्देशक र शोधार्थीको सहकार्यमा पूरा हुने अनुष्ठान हो ।



✍ **प्रा.डा. महादेव अवस्थी**

*(गुल्मी जिल्लाबाट वि.सं. २०३० सालदेखि निरन्तर प्रकाशित हुँदै आइरहेको हाम्रो पुरुषार्थ पत्रिकामा वरिष्ठ स्रष्टा समालोचकहरूको अन्तर्वार्ता प्रकाशन गर्ने कार्य भई आएको छ । नेपाली साहित्यका वरिष्ठ समालोचक प्रा.डा. महादेव अवस्थीज्यूसँगको अन्तर्वार्ता लिने क्रममा 'हाम्रो पुरुषार्थ'का काठमाडौं प्रतिनिधि डा. कृष्णप्रसाद भण्डारी 'मुमुक्षु' कीर्तिपुर नगरपालिकाको चाँदनीचोक नजिकै रहेको उहाँको घरमा २०७७ साल मङ्सिर १८ गते दिउँसो पौने एक बजे पुगी उहाँसँग अढाई घण्टा बसी लिएको अन्तर्वार्ताको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ ।*

*-**सम्पादक**)*

**१. आदरणीय गुरुवर नमस्कार, आरामै हुनुहुन्छ ?**

❑ नमस्कार, आराम छु; तपाईंको आरामीको कामना गर्दछु ।

**२. आज म गुल्मी तम्घासबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ पत्रिकाको तर्फबाट केही जिज्ञासा केही प्रश्न लिएर आएको छु, समकालीन साहित्य र नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको अध्यापनको सेरोफेरोमा रही केही सोध्न चाहन्छु ।**

❑ सोध्ने चाहना मात्र किन राख्नुहुन्छ ? सोधिहाल्नुस्; म तपाईंका जिज्ञासाको समाधान गर्न तयार छु ।

**३. गुरुदेव यहाँको शैक्षिक उन्नयन र विद्यावारिधि गर्दासम्म पारिवारिक सहयोग प्रेरणा के कति प्राप्त गर्नुभयो ?**

❑ मेरो शैक्षिक उन्नयन र विद्यावारिधि उपाधिप्राप्तिसम्मका यात्रामा मेरो पारिवारिक ज्योतिष-पण्डित पारिवारिक पृष्ठभूमिको उल्लेख्य भूमिका रहेको छ । ज्योतिष पितामह, शाङ्कर वेदान्ताचार्य पण्डित पिता एवं भानुभक्तीय रामायणको सस्वर वाचन गर्ने माताका वात्सल्यमय छहारीमा मैले बिताएको बालककाल, मेरा काका-काकीबाट प्राप्त स्नेह, मेरै धर्मपत्नी र पुत्रपुत्रीहरूसँगको सुखदु:खसहितको पारिवारिक वातावरणमा नै मैले प्राज्ञिक प्रोन्नति गरेको हुँ । तसर्थ मेरा प्राज्ञिक यात्राको प्रत्येक सोपानको आरोहण गर्दा मैले मेरा परिवारजनबाट सकारात्मक प्रेरणादायी ऊर्जा प्राप्त गरेको कुरा म निर्धक्क स्वीकार्छु ।

**४. यहाँको दृष्टिमा समकालीन साहित्य र समालोचनाको अवस्था कस्तो छ ?**

❑ समकालीन नेपाली साहित्य गुणस्तर, परिमाण र प्रकारजस्ता तीनवटै कोणका कसीमा अत्यन्त उपलब्धिपूर्ण रहेको छ भन्ने म ठान्छु । नेपाली साहित्यका प्रत्येक विधामा नयाँनयाँ प्रतिभाहरू नवनव प्रवृत्ति र प्रयोगका साथ प्रकट भइरहेका छन् । तिनले समकालीन युगबोधलाई आफ्ना कृतिमा ध्वनित गर्ने सृजनकौशल आ-आफ्ना प्रतिभा, व्युत्पत्ति र अभ्यासका स्तरअनुरूप देखाइरहेका छन् । निश्चय नै मानवका निम्ति मनोहारि र हृदयसंवेद्य उच्च सौन्दर्यचेतनाले ओतप्रोत एवं कलात्मक गहिराइको आयामप्राप्त साहित्य समयुगमा कमै रचिएको छ तापनि युगध्वनि र युगव्यञ्जनाका दृष्टिले त्यो प्रशस्त प्राप्तिपूर्ण देखापर्छ । वैचारिक स्वरगत बहुलता, प्रयोगशीलताप्रतिका चेष्टा र मानव, राष्ट्र, समाज तथा नागरिकका स्तरमा विद्यमान अनेकथरी विभेदकारी समस्याका यथार्थ चित्रणको मार्मिकताजस्ता प्रवृत्तिको वरणले गर्दा समकालीन नेपाली साहित्य यस युगको नेपाली जनजीवनको प्रतिबिम्बन गर्न समर्थ भएको छ भन्ने म ठान्छु । समकालीन नेपाली समालोचनाका क्षेत्रमा केही नयाँ भर्भराउँदा प्रतिभा क्रियाशील रहेको देखिए पनि र समालोचनाका नयाँ नयाँ धारा तथा प्रणालीको प्रयोग गर्ने प्रचेष्टा बढ्दो देखिए पनि सृजनात्मक साहित्यकै स्तरको मानक उपलब्धि स्थापित हुन सकेजस्तो मलाई लाग्दैन । मलाई लाग्छ- समकालीन नेपाली समालोचनाले समकालीन नेपाली साहित्यको समग्र र वस्तुगत प्राज्ञिक मूल्याङ्कन गर्ने सृजनात्मक क्षमता देखाउन बाँकी नै छ ।

**५. यहाँले अति विशिष्ट शैलीमा प्राध्यापन गर्नुहुन्छ भन्ने कुरा धेरै विद्यार्थीबाट सुनिरहेको छु, विश्वविद्यालयको पठनपाठनलाई विशिष्टता दिन एक प्राध्यापकले के कसरी तयारी गर्नुपर्छ यहाँको विचारमा ?**

❑ मैले त्रिभुवन विश्वविद्यालयको नेपाली विभागमा प्राध्यापन गर्न लागेको लगभग चार दशक हुन लाग्यो । यस बीचमा मैले विद्यार्थीलाई सम्बद्ध विषयमा आफूले आर्जेको ज्ञान र कौशलको हस्तान्तरण गर्ने कार्य पद्धतिसङ्गत ढङ्गले गरिरहेँ । अर्को किसिमले भन्ने हो भने विद्यार्थीहरूमा सम्बद्ध विषयप्रतिको जिज्ञासा जगाई त्यसलाई फैलाउँदै फैलाउँदै लगी एउटा टुङ्गोमा पुऱ्याई शमन वा शान्त पार्ने ढङ्गको वा विधिको वरण गरी म प्राध्यापनकार्य गर्दै आइरहेको छु । यस बीचमा जहाँ मैले आफ्ना विद्यार्थीहरूलाई आफूले जानेको कुरो यथाशक्य रूपमा हस्तान्तरण गरेँ त्यहीँ पुस्ताप्रतिपुस्ताका विद्यार्थीहरूबाट म केही न केही सिक्तै पनि आएँ । यसर्थ विश्वविद्यालयका शैक्षिक वातावरणमा शिक्षक-विद्यार्थीका बीच सिक्ने-सिकाउने चासो र अपेक्षा जति प्रबल हुन्छ पठनपाठन पनि त्यत्तिकै सबल र उपलब्धिपूर्ण हुन्छ भन्ने म ठान्छु ।

**६. वर्तमान नेपाली समालोचनाको अवस्थाबाट कति सन्तुष्ट हुनुहुन्छ र यो विधालाई नेपाली साहित्यकै उत्थानको मार्ग देखाउने विधा पनि मानिन्छ । अतः समालोचकका धर्म र गुणबारे प्रकाश पारिदिन अनुरोध गर्दछु ।**

❑ अगि नै भनिसकेँ, समकालीन नेपाली समालोचनाको अवस्था उति सन्तोषजनक छैन है भनेर । अझ भन्ने हो भने २०३० साल यताको नेपाली साहित्य र यसका परम्परामा उदाएका प्रमुख प्रतिभा एवं तिनका प्रवृत्ति र प्राप्तिबारे सघन विश्लेषणात्मक समीक्षा उत्तरदायित्वपूर्ण ढङ्ले कुनै समीक्षकले गर्न नसकेको कुरो मेरो मात्र होइन, स्रष्टाहरूको पनि गुनासो हो । कति कुरा पक्का हो भने साहित्यको मूल्याङ्कन गर्नु स्वयंमा प्राज्ञिक सृजनात्मक कार्य हो र सृजनात्मक साहित्यको सघन सूक्ष्म विश्लेषण र मूल्याङ्कन गर्नका निम्ति समीक्षकमा सृजनाको मर्मबोध गरी मूल्य-निरूपण गर्ने सूक्ष्म सृजनात्मक दृष्टि, प्राज्ञिक चेत एवं साहित्यशास्त्रीय विद्वत्ताको गहनता हुनु वाञ्छनीय हुन्छ । साहित्यकारले के भनेको छ भन्ने कुराको आकलन मात्र समीक्षा होइन, साहित्यकारले के के कुरा कसरी भनेको छ र उसले त्यो कुरा किन भनेको हो भन्ने प्रश्नका उत्तरमा आउने ज्ञानको सृजना समीक्षकले आफ्ना समीक्षात्मक कृतिमा गर्नुपर्छ । यी सम्पूर्ण कुराका सन्दर्भमा भन्नुपर्दा समालोचना पनि प्राज्ञिक ज्ञानको सृजना गर्ने विधा हो र समीक्षक चाहिँ प्राज्ञिक सृजनात्मक अन्तर्दृष्टियुक्त विशिष्ट विद्वान् हो; उसमा प्राज्ञिक सृजनात्मक अन्तर्दृष्टि र विशिष्ट विद्वत्ता अपेक्षित हुन्छ ।

## ७. नेपाली भाषामा देखिने गरेको वर्णविन्यासका नियमसम्बन्धी मतान्तरको कारण के हो र यसको समाधान कसरी हुनसक्ला ?

❑ नेपाली भाषाका वर्णविन्यासमा उहिलेदेखि नै मतमतान्तर देखिँदै आएका हुन् र समय-समयमा तिनको समाधान पनि भइआएकै हो । यसमा मतमतान्तर देखिनुको कारण नेपाली भाषाको आफ्नो प्रकृतिका साथै नेपाली भाषामा अरू भाषाबाट आएका शब्दहरूको लेख्य संस्कृति पनि हो । नेपाली भाषाका प्रयोक्ताहरूले नै यस्ता मतमतान्तरको अन्तर्मन्थन गरी सही समाधान दिन सक्छन् । यसर्थ यसबारे सीमित विज्ञ जनले मात्र निर्णय नगरी आम प्रयोक्ताका स्तरमा छलफल चलाई समयानुकूल रूपमा सके सर्वमान्य नभए बहुमान्य निर्णयलाई स्थापित एवं कार्यान्वित गर्ने परिपाटी बस्नुपर्छ भन्ने म ठान्छु ।

## ८. यहाँले डेढ दर्जन विद्यार्थीलाई विद्यावारिधिको निर्देशन गरी पिएच.डी. तह उत्तीर्ण गराई एक महागुरुको भूमिका पूरा गर्नुभयो, कसरी समय व्यवस्थापन गर्नुभयो, आफ्नो अनुभव (आम प्राध्यापक र बुद्धिजीवीहरूका लागि) बताइदिनुहोस् न ?

❑ मेरो निर्देशनमा विद्यावारिधि शोध गर्ने शोधार्थीको सङ्ख्या तपाईंले भने भन्दा बढी नै होला : चौबीस-पच्चीस जना जति । महागुरु त म आफूलाई मान्दिनँ, स्वयंमा म नेपाली साहित्यको एक विद्यार्थी नै हुँ, महागुरु त ज्ञानको सागर हुने गर्छ र मेरा निम्ति नेपाली साहित्य नै ज्ञानको सागर हो । विद्यावारिधि शोधकार्य भनेको शोधनिर्देशक र शोधार्थी दुवैका सहकार्यमा पूरा हुने अनुष्ठान हो; यसका निम्ति दुवैले समय-व्यवस्थापनका साथै आवश्यक प्राज्ञिक साधना गर्नुपर्छ । हामीले पनि पारस्परिक रूपमा समय-व्यवस्थापन गरी प्राज्ञिक सहकार्य गर्दै आयौँ र सफलता पायौँ ।

## ९. नेपाली साहित्यको विकासक्रममा महत्त्वपूर्ण योगदान दिएका केही स्रष्टा र समालोचकको योगदान उल्लेख गर्नुपर्दा को कोलाई सम्झनु हुन्छ ?

❑ नेपाली साहित्यको विकासक्रममा महत्त्वपूर्ण योगदान दिने स्रष्टाहरू निकै छन् र तीमध्ये प्रमुख हुन् : भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भवानी भिक्षु, विजय मल्ल, रमेश विकल, इन्द्रबहादुर राई, मोहन कोइराला, ध्रुवचन्द्र गौतम, मनु ब्राजाकी आदि, अरू थुप्रै नाम छन्, तिनलाई यहाँ म मनमनै स्मरण गर्छु । नेपाली समालोचनालाई सुदृढ बनाउने समीक्षकको सङ्ख्या सीमित छ, तिनमा ईश्वर बराल, इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी र मोहनराज शर्माको भूमिका बढी मूल्यवान् छ भन्ने मलाई लाग्छ ।

**१०. यहाँले नेपाल प्रज्ञा-प्रतिष्ठानमा एक प्राज्ञका रूपमा कार्य गर्नुभयो, त्यस प्रतिष्ठानले गर्नु पर्ने तर गर्न नसकेका केही कुरा छन् भने बताइदिनुहोस् ?**

❑ मैले नेपाल प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञ-परिषद्को सदस्यका रूपमा एक कार्यकाल बिताएँ । त्यस क्रममा मेरो त्यो चार वर्षे कार्यकाल प्रज्ञा-प्रतिष्ठानबारे र यसले गर्ने कार्यबारे केही सिक्तासिक्तै र बुझ्दाबुझ्दै बितिहाल्यो; त्यसैले मैले खासै उल्लेखनीय कार्य गरेँ भन्नाका निम्ति मसँग केही पनि छैन । प्रज्ञा-प्रतिष्ठान राज्यबाट प्रदत्त अनुदानमा चल्ने संस्था भएकाले यसले एक वर्षे बजेट पाउँछ र सोही अनुसारका लघु परियोजना तथा कार्यक्रमको आयोजना यसअन्तर्गत सञ्चालित भई पूरा गरिन्छन् हतार हतारमा । प्रज्ञा-प्रतिष्ठानले दीर्घकालीन बहुवर्षीय गहन अनुसन्धान गर्ने जिम्मेवारी पाउने र सोहीअनुसार बहुवर्षीय बजेटको व्यवस्था हुने हो भने ठोस गुणस्तरीय उपलब्धि हासिल हुन्थे कि भन्ने चाहिँ मेरो सोच छ ।

**११. यहाँले नेपाली केन्द्रीय विभाग र नेपाल सरकारको सम्बन्ध के कस्तो देख्नुहुन्छ र यसबारे केही सुझाव दिनुहुन्छ कि ?**

राज्यद्वारा प्रदत्त अनुदानबाट चल्ने स्वायत्त संस्था त्रिभुवन विश्वविद्यालयको एक विषयगत केन्द्रीय विभाग नेपाली केन्द्रीय विभाग हो र नेपाल सरकारसँग यसको प्रत्यक्ष सम्बन्ध हुँदैन; तर नेपाल सरकारले त्रिभुवन विश्वविद्यालयमार्फत दिने प्राज्ञिक जिम्मेवारी यसले पूरा गर्नुपर्छ; यसर्थ नेपाल सरकार र यस केन्द्रीय विभागका बीच अप्रत्यक्ष सम्बन्ध चाहिँ छ । नेपाली भाषासाहित्यबारे गरिने अध्ययन-अनुसन्धानद्वारा यस विभागले नेपाल सरकारलाई संस्कृतिसम्बन्धी नीति, योजना र कार्यक्रम बनाउन निर्देश गर्न सक्नुपर्छ भन्ने म ठान्छु । नेपाल सरकारले नेपाली भाषा तथा साहित्यबारे केही आवश्यक निर्णय लिनुपर्दा यस केन्द्रीय विभागबाट पनि प्राज्ञिक परामर्श लिन सक्छ र त्यसो गर्दा सकारात्मक प्रतिफल प्राप्त हुन सक्छ भन्ने मेरो धारणा छ ।

**१२. विश्वविद्यालयले सिर्जनात्मक लेखनलाई प्रोत्साहित गरे पनि सिर्जनात्मक कृतिको मूल्याङ्कन गर्ने परिपाटी नभएकोमा के भन्नुहुन्छ ?**

❑ त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयमा एम.ए. तहमा सृजनात्मक लेखनलाई एक पाठ्यांशका रूपमा पठनपाठन गर्ने व्यवस्था छ । यो सृजनात्मक लेखन भनेको विद्यार्थीले शिक्षकका निर्देशनमा रही गर्ने प्राज्ञिक विमर्शसहितको सृजनात्मक कार्य हो, विश्वविद्यालयका नियमित प्रक्रियाअनुरूप यसको मूल्याङ्कन हुन्छ र विद्यार्थीले अङ्क प्राप्त गर्दछन् ।

यस पाठ्यांशको ध्येय विद्यार्थीमा खास खास साहित्यविधाको सैद्धान्तिक र ऐतिहासिक विकासक्रमसँग सम्बद्ध ज्ञानका धरातलमा सृजनप्रक्रियाबारे आधारभूत ज्ञानको विकास गराई योजनाबद्ध रूपमा गरिने सृजनकौशलको पनि विकास गराउनु हो । विद्यार्थीले विश्वविद्यालयबाट यहाँभन्दा परको अपेक्षा किन गर्नुपर्‍यो र ?

**१३. यहाँको मतमा राजधानीवाद र मोफसलको स्रष्टा भन्ने धारणा कसरी अन्त्य गर्न सकिन्छ ?**

❑ अब अहिले भूमण्डलीकरणको युगमा प्रवेश गरिसकेपछि नेपालमा पनि सदर र मोफसलका बीचको विभेद मेटिइसक्यो; बाँकी रहेको भए यो मनको स्तरमा मात्र होला । राजधानीबाट मात्र नभई मोफसलबाट समेत उत्कृष्ट साहित्य रचिन पुगेको कुरा विगत केही वर्षयताका सृजनात्मक उपलब्धिले पुष्टि गरिदिएका छन्; प्रतिभा, साधना र निपुणता छ भने मोफसलमा रहनुबस्नुले केही फरक पार्दैन; छैन भने सदरमै रहेबसे पनि केही गर्न सकिन्न ।

**१४. केही भन्नै पर्ने र मैले सोध्न छुटाएका केही कुरा भए बताइदिनुहुन अनुरोध गर्दछु ?**

❑ यति धेरै कुरा भनिसकेँ, अब के भन्नु र ? तपाईंले सोधेकाभन्दा थप आफ्ना कुरा भनेँ भने पाठक वर्गलाई पट्यार पनि त लाग्ला नि !

**१५. अन्त्यमा अत्यन्त व्यस्त र मूल्यवान् समय दिएर महत्त्वपूर्ण विचार दिनुभएकोमा गुरुवरप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।**

❑ म पनि मेरा केही विचार सार्वजनिक गर्ने अवसर दिएकामा व्यक्तिगत रूपमा तपाईंप्रति र संस्थागत रूपमा हाम्रो पुरुषार्थ परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

ooo

विश्वभरका विद्यालयहरूबीच गरिएको प्रतिस्पर्धामा हाम्रो विद्यालय उत्कृष्ट भई **ब्रिटिश काउन्सिलबाट अन्तर्राष्ट्रिय अवार्ड प्राप्त** गर्न सफल भएको छ । हामी यस उपलब्धिलाई हाम्रा मेहनती शिक्षक–कर्मचारी, विद्यार्थी अभिभावक एवम् सम्बद्ध सम्पूर्णमा साटासाट गर्न चाहन्छौं ।

**अर्जुन आवासीय माध्यमिक विद्यालय**

**रेसुङ्गा नगरपालिका, तम्घास, गुल्मी**

# नेपाली दर्शन सांख्यमा जीव-जगत् सम्बन्धी दृष्टिकोण

✍ **कृष्णप्रसाद कोइराला**
**बुटवल-११, कालिकानगर, रूपन्देही**

जीव र जगत्लाई हेर्ने अन्तर्दृष्टिको नाम दर्शन हो । हिन्दूजगत्मा विकसित दर्शनलाई सामान्यतः दुई भागमा बाँड्ने गरिन्छ : वैदिक दर्शन र अवैदिक दर्शन । वेदप्रमाण मान्नेलाई वैदिक र त्यो नमान्नेलाई अवैदिक भनिन्छ ।

वैदिक दर्शन छ प्रकारका छन् : वैशेषिक, न्याय, सांख्य, योग, मीमांसा र वेदान्त । अवैदिक दर्शनमा चार्वाक, बौद्ध र जैन पर्दछन् ।

नेपालकै कपिलवस्तुमा जन्मेका महर्षि कपिल सांख्य दर्शनका आदि प्रवक्ता हुन् । यिनले सर्वप्रथम आफ्नी माता देवहूतीलाई सांख्यतत्त्वको उपदेश गरे र पछि सांख्यसूत्रको रचना गरे । कपिलले वेदमा बीज रूपले रहेको सांख्य सिद्धान्तलाई पल्लवित गरेका हुन् । कपिलले आसुरिलाई र आसुरिले पञ्चशिखलाई उपदेश गरिएको सांख्य ज्ञानलाई परम्पराबाट ईश्वरकृष्णले प्राप्त गरेर सांख्यकारिका रचना गरी सरल ढंगले संझाएका छन् । यिनकै सरणिमा अरू पनि अनेकौं व्याख्याकारहरूले व्याख्या गरेका छन् । सांख्यशास्त्रको पठनपाठनको परम्परा उहिलेदेखि नै कपिलवस्तुलगायत नेपालका अनेकौ क्षेत्रमा कायम रहेको थियो । बुद्धले पनि सांख्य पढेका थिए जसको प्रभाव उनका उपदेशहरूमा देख्न पाइन्छ ।

श्वेताश्वतरोपनिषद्मा (बाख्रा : बाख्रीलाई रूपक बनाई) प्रस्तुत गरिएको मन्त्रमा सांख्यतत्त्वको बीज निहित छ :

**अजामेकां लोहितशुक्लकृष्णां**
**वह्वीः प्रजाः सृजमानां सरूपाः ।**
**अजो ह्येको जुषमाणोऽनुशेते**
**जहात्येनां भुक्तभोगामजोऽन्यः ॥**

अर्थात् : रातो, सेतो, कालो वर्ण (रज, सत्व र तम गुण) भएकी एउटी अजा (अनादि मूल प्रकृति) छ जो आफू जस्तै धेरै सन्तान उत्पन्न गर्ने गर्छे । एउटा पुरुष (बद्ध जीवात्मा)ले त्यसलाई प्रेमपूर्वक पछ्याँउछ र अर्को अज (मुक्त जीवात्मा) ले भोगिसकेपछि छाडिदिन्छ ।

सांख्य दर्शनमा जीव-जगत्सित संबन्धित २५ तत्त्व मानिएका छन् । २५ तत्वलाई यथार्थरूपमा जानेपछि दुःखमय संसारको निवृत्ति हुन्छ र कैवल्य (मोक्ष) प्राप्ति

हुन्छ भन्ने सांख्यको सिद्धान्त हो । सम्यक् ख्यायते - विचार्यते इति सांख्यम् अर्थात् जीवःजगत् सम्बन्धी ठीक विचार वा ज्ञानको नाम सांख्य हो । कसैको विचारमा यो दर्शन तत्त्वात्मक २५ संख्यामा केन्द्रित रहेकाले संख्या शब्द ज्ञानकै पर्याय बन्न पुग्यो र सांख्य शब्दको उत्पत्ति भयो । अमरकोषकारले पनि संख्यालाई ज्ञानको पर्यायको रूपमा लिएका छन् : 'संख्यावान् पण्डितः कविः ।'

सांख्यले मौलिक तत्त्व दुई मात्र मान्दछ : प्रकृति र पुरुष । कुनै वस्तु वा विचार प्रमाणद्वारा सिद्ध भएपछि मात्र सिद्धान्ततः स्वीकृत हुन्छ । सांख्यले तीन मात्र प्रमाण मान्दछ : प्रत्यक्ष, अनुमान र आप्त वचन (वेदादि शास्त्रीय वचन) । प्रकृति र पुरुष देखिंदैनन् कसरी मान्ने भन्ने शंकामा सांख्यकारिकाकार ईश्वरकृष्ण भन्छन् : कुनै कुरा न देखिदैमा त्यसको अस्तित्व छैन भन्ने हुँदैन । नदेखिनुमा धेरै कारण हुन सक्छन् । जस्तै : अत्यन्त टाढा हुनु, अत्यन्त समीप हुनु, इन्द्रियको खोट,मनको चञ्चलता, अत्यन्त सूक्ष्म हुनु, कुनै वस्तुले छेकिनु, ढाकिनु, समान जातिमा मिसिनु आदि । प्रकृति : पुरुष नदेखिनुमा कारण सूक्ष्मता हो, नभएर होइन । कार्यरूप संसारको कारणको रूपमा प्रकृति : पुरुष अनुमानद्वारा सिद्ध हुन्छन् ।

सांख्यले संसारलाई दुःखमय मान्दछ । यो दुःख अज्ञानमय मानसिक वृत्तिबाट उत्पन्न भएको छ । जीवले संसारमा जो सुख अनुभव गर्छ, त्यो सुख होइन, सुखाभास अथवा सुखको भ्रम मात्र हो । कैवल्यरूप परम सुखको अगाडि सुखाभास त्याज्य छ । संसार दुःखको पर्याय हो । अन्तःकरणमा ज्ञानको उदय भएपछि दुःखमय संसारको निवृत्ति हुन्छ र परम सुख (कैवल्य) प्राप्ति हुन्छ ।

**सौक्ष्म्यात्तदनुपलब्धिर्नाभात् कार्यतस्तदुपलब्धेः ।**
**महदादि तच्च कार्यं प्रकृतिसरूपं विरूपं च ॥** (सा.का. ८)

दुःख तीन प्रकारका छन् : आध्यात्मिक, आधिभौतिक र आधिदैविक । शरीर र मनद्वारा आत्मामा हुने दुःख जस्तै : विविध रोग वा दुर्घटना आदिबाट हुने दुःख र इच्छापूर्तिको अभावमा हुने दुःख जस्तै : चिन्ता, व्याकुलता, आदि आध्यात्मिक दुःख हुन् । आधिभौतिक दुःखमा मनुष्य, पशु, पक्षी, सर्प आदिबाट हुने दुःख पर्छ भने आधिदैविक दुःखमा देवता, यक्ष, राक्षस, भूत, प्रेत आदिबाट हुने दुःख र ठण्डी, गर्मी, वात, वर्षा आदिबाट हुने दुःख पर्दछ ।

अब प्रश्न उठ्छ, त्यो सांख्यीय ज्ञानमार्ग के हो जसले दुःखमय संसारबाट निवृत्ति गराउँछ । सांख्यशास्त्रमा अनादि तत्व दुई मात्र मानिएका छन् : पुरुष र प्रकृति । यिनैबाट सृष्टिगत २५ तत्त्व बन्दछन् जसलाई दुई वर्गमा बाँडिएको छ : चेतनवर्ग र जडवर्ग । चेतनवर्गमा पुरुष मात्र पर्छ भने जडवर्गमा प्रकृतिगत बाँकी २४ तत्त्व । पुरुष अनादि चेतनतत्त्व हो जो तत्त्वतः एकै भए पनि प्रत्येक शरीरमा जीवात्मास्वरूपले रहेको हुँदा अनेक बन्दछ । जडवर्गलाई तीन भागमा विभाजन

गरिएको छ : मूलप्रकृति, प्रकृति - विकृति र विकृति मात्र । मूल प्रकृति अनादि तत्त्व हो, कसैको विकारबाट नआएको हुनाले अविकृति हो । यसलाई अव्यक्त पनि भनिएको छ । यो सत्व, रज र तम-तीन गुणको संघात मात्र हो । सत्व गुण हलुङ्गो र प्रकाशक हुन्छ, रजोगुण उत्तेजक र चञ्चल हुन्छ तमोगुण गरूङ्गो र अवरोधक हुन्छ । गुणहरूको स्वभाव भिन्न-भिन्न भए पनि परस्पर विरोधी कपास, तेल र अग्निको संयोगबाट बलेको बत्तीले अन्धकार नाश गरेझैं परस्पर विरोधी गुणहरूको प्रवृत्ति एउटै प्रयोजनका लागि हुन्छ । वेदान्तको प्रकृति ईश्वराधीन माया हो जो सम्पूर्ण जगत्को कारण हो । सांख्यको प्रकृति स्वतन्त्र सत्ता हो जसबाट शृङ्खलाबद्धरूपले २४ तत्त्वको उत्पत्ति भएर कार्यरूप संसार बन्दछ ।

गुणहरूको साम्यावस्थामा प्रकृति शान्त र शून्यमय हुन्छ, वैसम्यावस्थामा हुँदा सृष्टि प्रक्रिया चल्दछ । जुन क्रमले सृष्टि भएको हो समय आएपछि त्यही क्रमले लय पनि हुन्छ र लयावस्थामा प्रकृति शान्त रहन्छ । पुरुष चेतन भए पनि निष्क्रिय हुनाले लंगडो जस्तै छ, प्रकृति सक्रिय भए पनि अचेत हुनाले अन्धो जस्तो छ । अन्धा र लंगडा दुवै आपसी सहयोगद्वारा गन्तव्यमा पुग्न सके जस्तै पुरुषद्वारा प्राकृतिक प्रपञ्चको दर्शन र प्रकृतिद्वारा कैवल्य निमित्त प्रकृति र पुरुषको संयोग हुन्छ जसद्वारा सृष्टि कार्य सम्पन्न हुन्छ ।

**पुरुषस्य दर्शनार्थं कैवल्यार्थं तथा प्रधानस्य ।**
**पग्वन्धवदुभयोरपि संयोगस्तत्कृतः सर्गः ॥ (सा.का. २१)**

सांख्यशास्त्रको मौलिक सिद्धान्त सत्कार्यवाद हो । अस्तित्व भएको वस्तु सत् हो र अस्तित्व नभएको असत् । सत्कार्यवादको तात्पर्य कारण - व्यापारभन्दा पहिले पनि कार्य आफ्नो कारणमा सत्रूपले रहेको हुन्छ । कारणरूप तोरीमा कार्यरूप तेल सत्रूपले रहेको हुन्छ । बालुवाबाट तेल आउँदैन किनकि बालुवामा तेल असत् छ । यही सत्कार्यको आधारमा प्रकृतिबाट २४ तत्त्वको उत्पत्ति - शृङ्खला चल्छ ।

प्रकृतिबाट महत् (बुद्धितत्त्व) को उत्पत्ति हुन्छ र महत्बाट अहंकार तत्त्वको । अहंकारको सात्विक अंशबाट ज्ञानरूप र कर्मरूप गरी जम्मा दश इन्द्रिय (पाँच ज्ञानेन्द्रियतत्त्व, जसको शरीरमा अभिव्यक्ति छाला, आँखा, जिब्रो र नाकको रूपमा हुन्छ) अनि (पाँच कर्मेन्द्रियतत्त्व जसको अभिव्यक्ति वाणी, हात, खुट्टा, लिङ्ग र गुदाको रूपमा हुन्छ - उत्पत्ति हुन्छ । साथै मन र पञ्चतन्मात्रा (ज्ञानेन्द्रियहरूको विषय - शब्द, स्पर्श, रूप, रस र गन्ध) जम्मा जम्मी १६ तत्त्वको उत्पत्ति हुन्छ । यी १६ तत्त्व प्रकृति - विकृतिरूप छन् । पञ्चतन्मात्राबाट पञ्चमहाभूत : आकाश, वायु, तेज, जल र पृथ्वीको उत्पत्ति हुन्छ, यो विकृतिरूप हो । महदादि तत्त्वलाई व्यक्त भनिएको छ ।

**प्रकृतेर्महाँस्ततोऽहंकारस्तस्माद् गणश्च षोडशकः ।**
**तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्चभूतानि ॥ (सा.का. २२)**

उपर्युक्त सृष्टिका सबै तत्त्वबाट शरीरको निर्माण हुन्छ । शरीर दुई प्रकारको हुन्छ - स्थूल शरीर र सूक्ष्म शरीर । मातापिताबाट जन्मेको ६ कोषले युक्त स्थूल शरीर हो भने अहंकार, मन, बुद्धि, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र पाँच तन्मात्रा - यी १८ तत्त्वबाट बनेको स्थूल आँखाले नदेखिने सूक्ष्म शरीर हो । महाप्रलयमा प्रधानमा लय हुने हुनाले यसलाई लिङ्गशरीर पनि भन्दछन् । यो गतिशील, स्वतन्त्र र भोगरहित छ । सृष्टिदेखि महाप्रलयसम्म प्रत्येक पुरुषका लागि यो छुटाछुट्टै उत्पन्न हुन्छ । रंगमञ्चमा अभिनेताले अनेक प्रकारका रूप धारण गरेर देखाए झैं पुरुषले मनुष्य, पशु, वृक्ष आदि अनेक रूप धारण गर्दै लोक - परलोकमा आवागमन गर्छ । स्थूलदेह यहीं नष्ट हुने र शुद्ध आत्मा व्यापक तथा निष्क्रिय हुने हुनाले परलोक गमन सूक्ष्म शरीरबाट मात्रै संभव हुन्छ । वेदान्तले भने सूक्ष्म शरीरमा मनलाई लिदैन र पञ्चतन्मात्राको ठाउँमा पञ्चप्राणलाई लिन्छ ।

कैवल्यको संबन्धमा सांख्यको मान्यता छ : पुरुष या आत्माको मोक्ष व्यावहारिक (मानेको मात्रै) हो अर्थात् पुरुष वस्तुतः अकर्ता हो तापनि प्रकृतिगत अहंकारलाई आफूमा आरोपित गरी आफूलाई कर्ता मानेर बन्धनमा पर्छ । गीतामा पनि भनिएको छ :

**प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।**
**अहंकारविमुक्तात्मा कर्ताहमिति मन्यते ॥ गीता ३ । २७**

अर्थात् प्रकृतिका गुणहरूद्वारा गरिएका संपूर्ण कामहरूलाई अहंकारले मूढ बनेको आत्माले मैले गरेको भनी ठान्दछ ।

प्रकृतिको बन्ध र मोक्ष वास्तविक हो । प्रकृति स्वयं धर्म, अधर्म, ज्ञान, अज्ञान, वैराग्य, ऐश्वर्य, अनैश्वर्य - यी सात कर्माशयको बन्धनले बाँधिन्छ र तत्त्वज्ञान अथवा विवेकख्यातिद्वारा बन्धनमुक्त हुन्छ । पुरुषको व्यावहारिक बन्धनको शिथिलीकरण प्रकृति - पुरुषको भेदज्ञानद्वारा हुन्छ । अर्थात् 'म जडप्रकृति र त्यसको कार्य संसारबाट भिन्न चेतन हुँ': यस्तो असन्दिग्ध ज्ञानद्वारा पुरुषलाई सांसारिक जीवनदेखि मुक्ति प्राप्त हुन्छ । जीवन्मुक्त पुरुष देहधारण गरे पनि सांसारिक दुःखबाट प्रभावित हुँदैन । देहधारणको हेतु प्रारब्ध कर्म भोगेपछि देहत्याग गर्छ र विदेहमुक्त हुन्छ । त्यसैलाई कैवल्य अथवा अपवर्ग पनि भन्दछन्।

ईश्वरको संबन्धमा सांख्यमा अस्ति - नास्ति दुवै विचार पाइन्छन् । भागवतादि पुराणहरूमा जहाँ सांख्यशास्त्रको उपदेश गरिएको छ, ईश्वरसहित सांख्य छ अर्थात् ईश्वरीय प्रेरणाद्वारा नै प्रकृति - पुरुषको संयोग हुन्छ । तर सांख्य सूत्रले जगत्को उपादान कारण प्रकृतिद्वारा नै सृष्टि आदि कार्य संपन्न मानेको हुँदा

ईश्वरको बारेमा धेरै बोलेको छैन । सांख्यको एउटा सूत्र 'ईश्वरासिद्धेः' (सा.सू.१ । ९२) बाट लाग्छ कि कपिल निरीश्वरवादी थिए । परन्तु यो सूत्रद्वारा कपिलले ईश्वरको खण्डन गरेको होइन । यो त प्रत्यक्षज्ञानको लक्षणले ईश्वर प्रत्यक्षलाई नसमेट्ने (अव्याप्ति) हुने हुँदा पूर्वपक्षले उठाएको शंका हो । उत्तरपक्षमा उनी भन्छन् - ईश्वर योगीहरूको लागि नित्यज्ञानात्मक प्रत्यक्ष हुनाले अनित्य इन्द्रियजन्य ज्ञानको आवश्यक पर्दैन, अतः अव्याप्तिको शंका निराधार हो । कपिलले प्रकारान्तले ईश्वरीय सत्तालाई स्वीकार गरेका छन् ।

ईश्वरकृष्ण भने - 'पुरुषार्थ एवं हेतुर्न केनचित् कार्यते करणम्' (सा.का. ३१) अर्थात् १३करण (दश इन्द्रिय, बुद्धि मन र अहंकार) को व्यापार (सृष्टि आदि कार्य) मा पुरुषार्थ (पुरुषलाई भोग र कैवल्य प्रदान गर्नु) नै हेतु छ, ईश्वरादि अरू कुनै हेतु छैन भनी ईश्वरीय सत्ता अनावश्यक मान्दछन् ।

चेतन ईश्वरको विना अचेतन प्रकृतिको कार्य - व्यापार कसरी सम्पन्न हुन्छ ? - यस सम्बन्धमा कारिकाकार भन्दछन् :

**बत्सविवृद्धि निमित्तं क्षीरस्य यथा प्रवृत्तिरज्ञस्य ।**
**पुरुषविमोक्षनिमित्तं तथा प्रवृत्तिः प्रधानस्य ।।** (सा.का.२७)

अर्थात् जसरी बच्चाको पालन पोषणको निमित्त अचेतन दूधको प्रवृत्ति हुन्छ त्यस्तै गरी पुरुषको मुक्तिको लागि प्रकृतिको स्वभावतः प्रवृत्ति हुन्छ । अर्थात् प्रकृतिगत गुणको तारतम्यले सबै कार्य हुन्छ ।

सांख्योक्त २५ तत्त्वको यथार्थ ज्ञानलाई तत्त्वज्ञान भन्दछन् । यस्तो विशिष्ट ज्ञानद्वारा बुद्धिमा स्थित संशय,विपर्यय तथा विकल्पादि मलीन ज्ञान पखालिन्छ र शुद्ध ज्ञान स्थापित हुन्छ । यसको उदय तत्त्वचिन्तनको सुदृढ अभ्यासद्वारा हुन्छ । पुरुषले जब आफूलाई प्रकृतिमा रहे पनि पानीमा रहेको कमलपत्र झैं निर्लिप्त अनुभव गर्छ, तब सारा दुःख पीडा हराउँछ र परम सुखको अनुभव हुन्छ । यही सांख्यीय ज्ञानमार्ग हो ।

## सन्दर्भ-ग्रन्थ


१ सांख्यकारिका : ईश्वरकृष्ण : चौखम्बा ओरियण्टालिया, वाराणसी ई. १९८४।

२. षड्दर्शनम् (सांख्यदर्शनम्) व्याख्या स्वामी विजयकुमार गोविन्दास हासानन्द २००४ ई. ।

३. भगवद् गीता : गीता प्रेस गोरखपुर ।

४. संर्वदर्शन संग्रहः माधवाचार्य : चौखम्बा विद्या भवन वाराणसी २००६ ।

५. श्रीमद्भागवत : गीता प्रेस गोरखपुर सं .२००२ ।


ooo

# हेमन्ती याम

✍ **डा. श्यामप्रसाद न्यौपाने**
**सुनवल-१२, नवलपरासी**

बढ्यो शनैः शनैः जाडो शुक्ल चन्द्रांशुझैं गरी
वर्षियो लेकबेसीमा हिम र शीतको झरी
लेकबेंसी, तराई र हिमाली गिरिकन्दरा
हेमन्ती यामको चिसो नपुगेको कहाँ छ र !

तप्प तप्प गरी खस्छ, रातमा शीत पातमा
हावामा फैलिई शीत, झनै बढ्छ प्रभातमा
चिसो मरूतले चिसै बनायो धरणीतल
शीतले धरतीमाथि लगायो जन्मकै बल

ढाकिए कुहिरोबाट खोला, खोल्सा सरावरी
देखिन्छ शीतको रूप ठाउँ ठाउँ थरी थरी
हुस्सु, शीत, तुषारो र हिमवर्षा अनेकन
फुस्फुसे शीतको वर्षा, शीतकै दिव्यदर्शन

पीपलुपातझैं काँप्छन् माघमा जीव शीतले
कोही बाहिर निस्कन्न शीतकै भयभीतले
ठिहिरो बेसरी चल्छ हिमतुल्य तुषारले
न्यानो हुन्न नपैह्रेमा कपडा तीनचारले

चिसो छ धरती सारा लेकबेसी जहाँतहीं
कहीं छ सिर्सिरे हावा हुस्सु डम्म कहीं कहीं
कठ्याङ्ग्रिने सिरेटोले कम्पायमान पार्दछ
शीतले खेतबारीका अनुपात बिगार्दछ

सिरेटो लेकमा चल्छ बेंसीमा कुहिरो घना
करले जनताजस्तै धरा छन् शीतबन्धन
फैलाई शीतसामर्थ्य गाँज्यो हेमन्तले धरा
करले जनता जस्तै रूँदै छन् धरती बरा

हुँदो छ रविको ताप अरूभन्दा निकै प्रिय
हाँस्दछ ताप पाएर, शीतमा जनको हिय
मार्गमा, पर्णशालामा, पण्यशाला, निकुञ्जमा
प्रफुल्ल बन्दछ मान्छे न्यानो प्रकाशपुञ्जमा

जता हेर्‍यो उतै शीत, उतै हुस्सु टनाटन
शीतको शीतले गर्दा हर्षविहीन भो जन
अन्यायी अगुवाजस्तै हेमन्त शान झार्दछ
दच्काई शीतले सारा आफ्नै दुनो सपार्दछ ।

०००

# जिन्दगी

✍ **ध्रुव सुमन**
**काठमाडौं**

जीत या हारमा समेटिएको फुटबलको खेल हो जिन्दगी,
बुलेट ट्रेनको आशामा कुदेको जनकपुरको रेल हो जिन्दगी,
केवल चल्नको लागि चल्दोरहेछ यहाँ जसोतसो गरेर हेर !
शान्त फेवताल जस्तो मात्र देखिने, खहरेको भेल हो जिन्दगी ।

एउटा सोच्यो अर्को हुन्छ काम जिन्दगीको
अन्योलको सफर छ अझै राम जिन्दगीको
थाहै हुन्न कति कुरा यहाँ, खै के पो हुन जान्छ ?
रोकिएको छ सबै अगाडि हेर ! जाम जिन्दगीको ।

०००

# प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल : कृतिगत परिचय

✍ **डा.बाबुराम आचार्य**
**सहप्राध्यापक**
नेपाल संस्कृत विश्वविद्यालय, दाङ

## १. विषय परिचय

मानव जीवनकै लागि श्रद्धा र गौरव मानेर उच्चारण गरिने शब्द हो 'गुरु' । अज्ञानलाई हटाएर ज्ञानरूपी चेतनाका आँखा खोलिदिने गुरुको महत्त्व अपरम्पार छ । भनिन्छ गुरुविना केही सिकिँदैन, सिके पनि त्यो अधुरो रहन्छ । जीवनको विभिन्न अवस्थामा विभिन्न प्रकारका गुरुहरू हुन्छन् । सर्वप्रथम आफ्ना मातापिता नै गुरु, त्यसपछि गायत्री गुरु, दीक्षा गुरु, शिक्षा गुरु आदि । भावनात्मक रूपमा त प्रकृति पनि गुरु हो । गुरुको महिमा अपरम्पार छ । त्यत्तिकै गुरुलाई ब्रह्मा, विष्णु र महेश्वरको स्थानमा राखिएको होइन । शब्दकोशमा गुरु शब्दका विद्या वा कला सिकाउने, मन्त्र सुनाउने, कुनै नयाँ सिद्धान्त प्रचार गर्ने, मान्नुपर्ने, सबैभन्दा उत्तम आदि विभिन्न अर्थ पाइन्छन् तापनि सामान्यतया कुनै विषय पढाउने वा सिकाउने व्यक्ति भन्ने बुझिन्छ । जसबाट सिकिन्छ वा ज्ञान पाइन्छ त्यसलाई गुरु भनिन्छ भने जसले सिक्छ वा ज्ञान प्राप्त गर्छ त्यसलाई शिष्य भनिन्छ । संसारमा गुरु विभिन्न प्रकारका भए जस्तै शिष्य पनि विभिन्न थरीका हुन्छन् । सिक्नेले योग्य गुरुसँग सिक्न चाहन्छ भने सिकाउनेले पनि आफ्नो शिष्यलाई जिज्ञासु, लगनशील, प्रतिभावान् र कुशल बनाउन चाहन्छ । तर क्षमतावान् योग्य गुरु र प्रतिभावान् कुशल शिष्यको संयोग विरलै पाइन्छ । प्रा.डा. नारयणप्रसाद खनालद्वारा रचित **प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल** (२०७३) कृतिले यस्तो संयोगलाई उजागर गरेको छ । यसमा एउटा बहुप्रतिभाशाली मेधावी शिष्यद्वारा आफ्ना विद्वान् गुरुको बहुआयामिक व्यक्तित्वको साङ्गोपाङ्ग विवेचना गरिएको छ । दायित्व वाङ्मय प्रतिष्ठान काठमाडौँले प्रकाशनमा ल्याएको यस कृतिका बारेमा विभिन्न आधारमा अध्ययन, विश्लेषण, समीक्षा, टिप्पणी आदि गर्न सकिने भए पनि यस लेखमा लेखकीय परिचयसहित संरचना र विषयवस्तु, स्वरूप, अनुसन्धानात्मक दृष्टि र शीर्षकको बारेमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

## २. लेखकीय परिचय

नारायणप्रसाद खनाल (२००९, प्युठान, हाल चितवन) कारयित्री र भावयित्री दुबै प्रतिभाको उपयोग गरेर आधुनिक नेपाली साहित्यका विविध विधामा कलम

चलाउन सामर्थ्य राख्ने साहित्यकार हुन् । संस्कृत साहित्यमा आचार्य र नेपालीमा एम.ए.तथा विद्यावारिधि गरेका प्रा.डा.खनाल त्रिभुवन विश्वविद्यालयमा लामो समयसम्म प्राध्यापन गरी सेवानिवृत्त भएपछि अध्ययन, अनुसन्धान र लेखनमा अझ बढी सक्रिय रहेको पाइन्छ । आधुनिक नेपाली साहित्यका सिर्जनात्मक र समालोचनात्मक दुबै क्षेत्रमा सक्रिय रूपमा कलम चलाउने खनाल समालोचक, निबन्धकार, कवि, अनुवादक तथा अनुसन्धाताका रूपमा समेत परिचित छन् । नेपाली साहित्यका क्षेत्रमा उनले विभिन्न विधाका कृतिहरू प्रकाशन गरेर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिइसकेका छन् । उनका सङ्ख्यात्मक रूपमा जति कृतिहरू प्रकाशित छन् ती गुणात्मक रूपमा पनि उत्कृष्ट छन् । हालसम्म उनका दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भइसकेका छन् । उनका केही रहर केही ठहर (समालोचना, २०४९), गोरखाको डायरी (संस्मरण र समीक्षा, २०६१), समीक्षा : प्रहर प्रहरका (समालोचना, २०६१), नारायणीका लहर लहरमा (निबन्धसङ्ग्रह, २०६१), समीक्षाका आकारहरू (समालोचना, २०६५), निर्वचन र भाषिक सन्दर्भ (भाषिक निबन्ध, २०६५), कविशिरोमणिका समस्यापूर्तिमूलक काव्य कविता (समालोचना, २०६५), स्वप्नयात्राा र चिठी (निबन्धसङ्ग्रह, २०६६), नागपञ्चमी (निबन्धसङ्ग्रह, २०६९), श्रीमद्भगवद्गीता नारायणीय नेपाली गद्य–पद्यानुवाद (२०७१) जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् । नेपाल संस्कृत विश्वविद्यालयबाट ऋतुविचार खण्डकाव्यको अलङ्कारशास्त्रीय अध्ययन शीर्षकमा विद्यावारिधि गरेका खनालले प्रस्तुत प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा.वेणीमाधव ढकाल (जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित अनुसन्धान, २०७३) कृति प्रकाशनमा ल्याएर आफूमा रहेको शास्त्रीय ज्ञान, बौद्धिक क्षमता, अनुसन्धेय परिपक्वताका साथै सम्पादन तथा सम्प्रेषणात्मक सामर्थ्यको परिचय दिएका छन् । प्रस्तुत कृतिमा संस्कृत वाङ्मयका मर्मज्ञ, सिद्धहस्त लेखक विद्वान् गुरु प्रा.डा. वेणीमाधव ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको बृहत् आयाम प्रस्तुत भएको छ । आचार्य पूर्णचन्द्र ढुङ्गेलले लेखक खनालले अनौपचारिक रूपमा महाविद्यावारिधिको उपाधि प्राप्त गरिसकेको विचार प्रस्तुत कृतिकै भूमिकामा उल्लेख गरेबाट पनि अध्ययन, अनुसन्धान र लेखनका क्षेत्रमा खनालको सामर्थ्य र योगदान कस्तो छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## ३. कृतिको संरचना र विषयवस्तु

प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा.वेणीमाधव ढकाल ग्रन्थको बाह्य कलेवर (भूमिका र परिशिष्ट खण्डसमेत) झन्डै पाँच सय पृष्ठमा विस्तारित छ । यसको मूल खण्डलाई पाँच परिच्छेदमा विभाजन गरी विषयवस्तु प्रस्तुत गरिएको छ । प्रथम परिच्छेदमा जीवनी र व्यक्तित्व सन्दर्भ प्रस्तुत गरिएको छ, दोस्रो परिच्छेदमा मौलिक कृतित्वको सन्दर्भ, तेस्रोमा अनुवाद, टीका र सम्पादन सन्दर्भ, चौथो परिच्छेदमा शोध अनुसन्धान सन्दर्भ अनि पाँचौँ परिच्छेदमा निष्कर्ष र योगदानका

बारेमा प्रकाश परिएको छ । परिशिष्ट खण्डलाई चार भागमा विभाजन गरिएको छ र अप्रकाशित अवस्थामा रहेका केही सृजनात्मक कृतिहरू पनि प्रस्तुत गरिएको छ ।

यसको भूमिका खण्डको आरम्भमा प्रकाशकका तर्फबाट प्रकाशकीय शीर्षकमा शोधनायक र शोधार्थी दुबैको विद्वत्ता तथा बौद्धिक क्षमताका बारेमा गहन विचारहरू प्रस्तुत भएका छन् । समान्यतया धेरैजसो कृतिहरूमा प्रकाशकीयमा केवल औपचारिकता पूरा गर्नका लागि सामान्य भनाइ राखिएको हुन्छ, तर प्रस्तुत ग्रन्थमा विषयवस्तुको गहनता र सार्थकतालाई छुने गरी विचार प्रस्तुत भएको पाइन्छ । दैवी गुणसम्पन्न त्यस्ता महामना विद्वद्व्यक्तित्वका बारेमा साधारण व्यक्तिले कलम चलाउन कठिन हुन्छ । उसभित्र रहेको अथाह सिर्जनाशक्ति पहिचान गर्न सक्नेले मात्र केही लेख्न सक्छ । यसको अर्थ हो, विद्वान्भित्र रहेको अजस्र स्रोतका बारेमा जसलाई ज्ञान छ, त्यसले मात्र लेख्न सक्छ, अरूले सक्तैन । तसर्थ हामीले के बुझ्नु जरूरी छ भने विद्वत्ताले ओतप्रोत व्यक्तित्वका बारेमा लेख्नका लागि विद्वद्गुणसम्पन्न व्यक्ति नै चाहिन्छ ।

त्यसै गरी प्रस्तुत कृति र शोधनायकका बारेमा फरक फरक शीर्षकमा आचार्य पूर्णचन्द्र ढुङ्गेल, प्रा.डा.चूडामणि बन्धु, प्रा.गोपीकृष्ण शर्मा र लेखक खनालका अभिव्यक्तिहरू समेटिएका छन् । विषय सूचीभन्दा अगाडि नै प्रस्तुत गरिएको अन्तर्वार्तामा सृजनात्मक र समालोचनात्मक लेखनका सम्बन्धमा शोधनायकका विचारहरू व्यक्त भएका छन् ।

पहिलो परिच्छेदमा प्रा.डा.ढकालको जीवनी र व्यक्तित्वका सन्दर्भहरू प्रस्तुत भएका छन् । यस क्रममा ढकालको वंशपरम्परा, शिक्षादीक्षा एवम् प्रेरणा जस्ता जीवनीका सन्दर्भहरू छन् भने शिक्षक, प्राध्यापक, अनुसन्धाता, स्रष्टा, द्रष्टा, निर्देशक, विशेषज्ञ, अनुवादक, सम्पादक, टीकाकार, पाठ्यपुस्तक लेखक, कार्यपत्र प्रस्तोता, प्रशासक जस्ता बहुमुखी व्यक्तित्वका पाटाहरूको चर्चा गरिएको छ । साथै ढकालको प्राज्ञिक यात्राको बारेमा पनि विभिन्न चरणमा विभाजन गरेर प्रकाश पारिएको छ ।

दोस्रो परिच्छेदमा प्रा.डा.ढकालको मौलिक कृतित्वको सन्दर्भ प्रस्तुत गरिएको छ । यस क्रममा उनका खण्डकाव्य, महाकाव्य, नाटक र जीवनीका प्रकाशित अप्रकाशित कृतिहरूका बारेमा विधागत सन्दर्भसहितको सूची प्रस्तुत गरिएको छ । खण्डकाव्य स्तरका शैलेश (२०३०) जय ज्योतिष्मती मुमा (२०३१) अर्जुन (२०५६), दिव्यलक्ष्मी (२०६५) जस्ता काव्यकृतिहरू प्रकाशित भइसकेका छन् भने सौता, त्रिशूल, कुलो, जानकी, उपराग, चेतरामचरितम्, मार्गभ्रष्ट जस्ता कृतिहरू अप्रकाशित अवस्थामै रहेका छन् । यीमध्ये पछिल्ला दुईओटा संस्कृत भाषामा लेखिएका छन् । यसै गरी नेपाली र संस्कृत भाषामा लेखिएका प्रकाशित र

अप्रकाशित महाकाव्य स्तरका पाँचवटा रचनाहरू टुहुरो, ऐना, बाला, पृथूदयमहाकाव्यम् (संस्कृत) र रश्मिप्रभास (प्रकाशित २०६९) समावेश गरिएका छन् ।

प्रा.डा.ढकालले संस्कृत र नेपाली भाषामा नाटक रचना गरेर नाटकको क्षेत्रमा पनि योगदान पुऱ्याएको पाइन्छ । नेपालीमा लेखिएका (क) अतृप्ति, (ख) अन्तरात्माको आवाज र (ग) माटाको पुकार अप्रकाशित अवस्थामै रहेका छन् भने संस्कृत भाषाको त्रिशूलप्रहार (२०५६) एकाङ्की प्रकाशित भएको देखिन्छ । ढकालले जीवनी विधातर्फ पनि सफल रूपमा कलम चलाएको पाइन्छ । यस क्रममा (क) शक्तिमाता लीलादेवी जी की जीवनी, योगदान और विलक्षण लीला र (ख) स्वर्गद्वारी के महाप्रभु - जीवनचरित्र कृतिहरू हिन्दी भाषामा प्रकाशित भएका छन् । ढकालका काव्यनाट्य र जीवनचरितपरक रचनाहरू खास गरी पूर्वीय साहित्यिक मूल्यमान्यताका अधीनमा रचिएका छन् भन्ने कुरा खनालले उल्लेख गरेका छन् ।

तेस्रो परिच्छेदमा अनुवाद, टीका र सम्पादनको सन्दर्भ प्रस्तुत गरिएको छ । यस क्रममा हिन्दी र संस्कृत भाषाका कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरेको विषय प्रस्तुत गरिएको छ । धर्मविज्ञान, गणेशपुराण, विवाहपद्धति, निर्णयसिन्धु, आह्निकसूत्रावलि, श्रीमद्देवीभागवत, हिमवत्खण्ड जस्ता ग्रन्थका माध्यमबाट आफ्नो अनुवाद कला प्रस्तुत गरेको कुरा खनालले उल्लेख गरेका छन् ।

चौथो परिच्छेदमा ढकालले अनुसन्धानको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । यस क्रममा एकातिर ढकालले गरेका अनुसन्धानात्मक कार्यहरूको विश्लेषण गरिएको छ भने अर्कातिर अनुसन्धान गराउने संस्थासँग सम्बद्ध रहेर विभिन्न विषय क्षेत्रका शोधार्थीहरूलाई अनुसन्धान कार्यमा निर्देशन तथा विशेषज्ञताद्वारा सहजीकरण गरेको पाइन्छ । यसै परिच्छेदमा ढकालका मौलिक, अनूदित तथा सम्पादित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ भने ढकालको निर्देशन एवम् विशेषज्ञतामा सम्पन्न भएका र हुँदै गरेका विद्यावारिधि (पिएच.डी.) तहका शोधार्थी र शोधप्रबन्धहरूको विवरण पनि प्रस्तुत गरिएको छ । त्यसै गरी ढकालका फुटकर लेख रचना, समीक्षा, कार्यपत्र, मन्तव्य, भूमिका तथा शुभकामनाहरूको विवरण पनि प्रस्तुत गरिएको छ । यसै क्रममा ढकालका कृतिमाथि गरिएका शोध, समीक्षा/समालोचना, स्वतन्त्र विवेचना र टिप्पणीहरूको बारेमा पनि विवरण प्रस्तुत गरिएको छ । यसै गरी ढकाललाई प्राप्त भएका पदक, सम्मान र पुरस्कारको बारेमा पनि जानकारी दिइएको छ ।

पाँचौँ परिच्छेदमा निष्कर्ष र योगदान प्रस्तुत गरिएको छ । यस क्रममा पहिले परिच्छेदगत निष्कर्ष प्रस्तुत गरिएको छ भने त्यसपछि प्रा.डा.ढकालले बौद्धिक र

प्राज्ञिक क्षेत्रमा पुऱ्याएको योगदानबारे प्रकाश पार्दै समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

परिशिष्ट खण्डलाई चार भागमा विभाजन गरी विषयवस्तु प्रस्तुत गरिएको छ । यस क्रममा परिशिष्ट एकमा ढकालद्वारा २०५५ सालमा संस्कृत भाषामा रचिएको नेपाली अनुवादसहितको अमरसिंहथापाचरितम् शीर्षकको खण्डकाव्य प्रस्तुत गरिएको छ । परिशिष्ट दुईमा २०४५ सालमा नेपाली भाषामा रचिएको त्रिशक्ति खण्डकाव्य प्रस्तुत गरिएको छ । परिशिष्ट तीनमा संस्कृत भाषामा रचिएको पृथूदय महाकाव्यका अठार सर्गमध्ये पहिलो र दोस्रो सर्ग प्रस्तुत गरिएको छ । यसका केही अंश पत्रिकामा प्रकाशित भए पनि कृतिका रूपमा अप्रकाशित अवस्थामै रहेको बुझिन्छ । परिशिष्ट चारमा डायरीका पानाबाट भन्ने शीर्षक दिएर काव्यदीपिका र लिच्छवीकालिकानां साहित्यिकमनुशीलनम् शीर्षकका दुई ओटा कृतिको सन्दर्भ प्रस्तुत गरिएको छ । त्यसपछि सन्दर्भग्रन्थसूची दिइएको छ भने अन्त्यमा प्रा.डा.वेणीमाधव ढकाल र उहाँसम्बद्ध चित्रावली शीर्षक दिएर विभिन्न सन्दर्भका तस्वीरहरू तथा सम्मान-पत्र र प्रमाण-पत्रहरू राखिएका छन् ।

## ४. कृतिको सङ्गठनात्मक स्वरूप

कृतिमा पाइने बाह्य तथा आन्तरिक अङ्ग उपाङ्गहरूले त्यसको सङ्गठनात्मक स्वरूपलाई जनाउँछन् । बाह्यमा भाग, एकाइ, परिच्छेद, अध्याय आदि तथा तिनका शीर्षक, उपशीर्षकहरू पर्दछन् भने विषयगत क्रम तथा तिनमा पाइने अन्विति र सान्दर्भिकता नै आन्तरिक सङ्गठनका पक्ष हुन् ।

कृतिको विषय क्षेत्र वा विधाअनुसार सङ्गठनात्मक स्वरूप तथा यसका अङ्गहरू फरक फरक पनि हुन सक्छन् । तर औपचारिक रूपमा गरिने अनुसन्धानबाट तयार भएका शोधपत्र वा शोधप्रबन्धको सङ्गठनात्मक स्वरूप भने सम्बन्धित निकाय वा विश्वविद्यालयले निर्धारण गरेको ढाँचामा हुनुपर्दछ ।

लेखन तथा अनुसन्धानका क्षेत्रमा विभिन्न कृतिहरूमार्फत आफ्नो सामर्थ्य देखाइसकेका प्रा.डा. नारायणप्रसाद खनालद्वारा लिखित प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा.वेणीमाधव ढकाल जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित अनुसन्धानात्मक कृति हो । यो कुनै उपाधि प्राप्त गर्नका लागि कुनै संस्थाको माध्यमबाट औपचारिक रूपमा गरिएको अनुसन्धान नभए पनि विद्वान्हरूले महाविद्यावारिधि उपाधि दिनलायक कृति भनेर यसको भूमिकामा उल्लेख गरेको पाइन्छ । लेखक स्वयं विद्यावारिधि उपाधि प्राप्त गरिसकेका र खोज तथा अनुसन्धानमूलक लेखनमै सक्रिय भइरहेको परिणामस्वरूप यस प्रकारको कृति जन्माउन सफलता प्राप्त भएको हो भन्न सकिन्छ । एकोहोरो विषयगत ज्ञानले मात्र यस्ता कृति जन्माउन सम्भव छैन । विषयगत सैद्धान्तिक शास्त्रीय ज्ञानका साथै त्यसलाई

प्रस्तुत गर्ने आधुनिक वैज्ञानिक अनुसन्धान पद्धतिको पनि जानकारीले मात्र यस्तो कृति तयार हुन सक्छ । यसरी सिर्जना, समालोचना र खोजअनुसन्धानको क्षेत्रमा आफ्नो विशिष्ट पहिचान बनाइसकेका खनालद्वारा तयार पारिएको प्रस्तुत कृति पूर्ण रूपमा अनुसन्धान पद्धतिमा आधारित देखिन्छ । यसको सङ्गठनात्मक स्वरूपलाई निम्न आरेखद्वारा प्रस्तुत गर्न सकिन्छ -

**कृतिको स्वरूप**

| आदि भाग | मध्य भाग | अन्त्य भाग |
|---|---|---|
| आवरणपृष्ठ<br>समर्पण<br>प्रकाशकीय<br>शुभसम्मति | परिच्छेद : प्रथम<br>जीवनी र व्यक्तित्व सन्दर्भ<br>उपशीर्षकहरू १.१देखि १.२५सम्म २५, उपउपशीर्षकहरू ८ । | परिशिष्ट खण्ड<br>परिशिष्ट : एक<br>परिशिष्ट : दुई<br>परिशिष्ट : तीन<br>परिशिष्ट : चार<br>सन्दर्भग्रन्थसूची |
| सम्मति र शुभकामना<br>प्रज्ञाद्योतित मनीषी प्रा.डा... | परिच्छेद : द्वितीय<br>मौलिक कृतित्व सन्दर्भ<br>उपशीर्षकहरू २.१ देखि २.५सम्म ५, उपउपशीर्षकहरू ९ । | छविचित्रहरू<br>क)<br>ख)<br>ग) |
| नवीनतम कृतिमाथि लेखकीय...<br>अन्तर्वार्ता | परिच्छेद : तृतीय<br>अनुवाद,टीका र सम्पादन सन्दर्भ<br>उपशीर्षकहरू ३.१देखि ३.४सम्म ४, उपउपशीर्षकहरू १८ । | |
| विषयसूची<br>जम्मा पृष्ठ सङ्ख्या ६२ | परिच्छेद : चतुर्थ<br>शोध-अनुसन्धान सन्दर्भ<br>उपशीर्षकहरू ४.१ देखि ४.२ सम्म २, उपउपशीर्षकहरू ४, उपउपशीर्षका पनि उपशीर्षकहरू १०। | तालिकासूची<br>तालिका - १<br>तालिका - २<br>तालिका - ३<br>जम्मा पृष्ठ सङ्ख्या (२९७ - ४५३) १३६ |
| | परिच्छेद : पञ्चम<br>निष्कर्ष एवं योगदान<br>उपशीर्षकहरू ५.१देखि ५.७सम्म ७ ।<br>जम्मा पृष्ठ (१ - २९५सम्म) सङ्ख्या २९५ । | |

माथिको आरेखबाट प्रस्तुत कृति अनुसन्धानमूलक कृतिमा पाइने स्वरूपगत अङ्गले परिपुष्ट छ भन्ने कुरा स्पष्ट हुन्छ । यसको समग्र विषयवस्तु मूल रूपमा आदि, मध्य र अन्त्य तीन भागमा विभाजित छ ।

आदि भाग औपचारिक खण्ड हो, यसमा आवरणपृष्ठदेखि समर्पण, प्रकाशकीय, शुभसम्मति, सम्मति र शुभकामना, प्रज्ञाद्योतित मनीषी प्रा.डा.वेणीमाधव ढकाल र उनको योगदान, नवीनतम कृतिमाथि लेखकीय अभिव्यक्ति, अन्तर्वार्ता र विषयसूची गरी नौओटा शीर्षकहरू समावेश भएका छन् ।

मध्य भागमा मूल विषयवस्तु प्रस्तुत भएको छ । यसलाई पनि पाँच परिच्छेदमा विभाजन गरेर व्यवस्थित गरिएको छ । यस क्रममा प्रथम परिच्छेदमा जीवनी र व्यक्तित्व सन्दर्भ भन्ने परिच्छेद शीर्षक राखिएको छ जसमा परिचयदेखि उपसंहारसम्मका पच्चिसओटा उपशीर्षक र आठओटा उपउपशीर्षकहरू रहेका छन् । दोस्रो परिच्छेदमा मौलिक कृतित्व सन्दर्भ भन्ने मूल शीर्षकको विषयवस्तुलाई पृष्ठभूमिदेखि उपसंहारसम्मका पाँचओटा उपशीर्षक र नौओटा उपउपशीर्षकहरू दिएर व्याख्या गरिएको छ । तेस्रो परिच्छेदको अनुवाद, टीका र सम्पादन सन्दर्भ शीर्षकमा अनूदितग्रन्थ-रत्नदेखि उपसंहारसम्मका चार उपशीर्षक र अठार उपउपशीर्षकहरू रहेका छन् । त्यसै गरी चौथो परिच्छेद शोध-अनुसन्धान सन्दर्भ भन्ने शीर्षकमा शोध-अनुसन्धान र उपसंहार जम्मा दुई उपशीर्षक, चौधओटा उपउपशीर्षकहरू र दसओटा उपउपशीर्षकका पनि उपशीर्षकहरू रहेका छन् भने निष्कर्ष एवं योगदान शीर्षकको पाँचौ परिच्छेदमा परिचयदेखि समग्र निष्कर्षसम्मका सात उपशीर्षकहरू रहेका छन् । समग्रमा मध्य भागमा अध्यायगत मूल शीर्षकहरू पाँच, उपशीर्षकहरू, चालीस उपउपशीर्षकहरू उनञ्चालीस र उपउपशीर्षकका पनि उपशीर्षकहरू दसओटा रहेका छन् । विषयगत प्रस्तुतिका दृष्टिले मध्य भाग नै मूल अनुसन्धान खण्ड हो । यसमा पहिलो परिच्छेद मूल विषय प्रस्तुतिको आदि भाग, दोस्रो, तेस्रो र चौथो परिच्छेद मध्य भाग र पाँचौं परिच्छेद अन्त्य भाग हो ।

अन्त्य भागमा परिशिष्ट खण्ड, सन्दर्भग्रन्थसूची र छविचित्रहरू गरी तीन एकाइ रहेका छन् । परिशिष्टलाई अलग अलग शीर्षकका चार खण्डमा विभाजन गरिएको छ भने छविचित्रहरूलाई अलग अलग तीन शीर्षकमा विभाजन गरेर प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत कृतिको स्वरूप आदि, मध्य र अन्त्यको क्रममा सुसङ्गठित छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## ५. अनुसन्धानात्मक दृष्टिमा कृति

प्रस्तुत कृति पूर्ण रूपमा अनुसन्धानात्मक पद्धतिमा आधारित देखिन्छ । यसको आवरणपृष्ठदेखि अन्तसम्मका सबै बाह्य तथा आन्तरिक संरचना स्पष्ट र पुष्ट

छन् । यसको बाह्य संरचनागत स्वरूपमा प्रारम्भिक भाग, मूल भाग र अन्त्य भाग गरी मुख्य तीन खण्ड छन् । बाहिरी आवरणदेखि विषयसूचीसम्म प्रारम्भिक भाग हो जसलाई अनुसन्धानको भाषामा औपचारिक खण्ड वा भूमिका खण्ड पनि भनिन्छ । यस भागलाई विशिष्ट विद्वान्का मन्तव्यहरू समावेश गरी परिपूर्ण बनाइएको छ । सामान्यतया अन्त्य भाग वा परिशिष्टमा राखिने शोधनायकसँगको अन्तर्वार्तालाई यस ग्रन्थमा विषयसूचीभन्दा अघि नै राखिएको छ । यो विषयवस्तुको धारणाको दृष्टिले उपयुक्त नै देखिन्छ ।

मूल भागलाई अनुसन्धानको मुटु मानिन्छ । अनुसन्धानबाट जे जति विषयवस्तु प्राप्त हुन्छ त्यो सबै यसै खण्डमा समावेश गरिएको हुन्छ । प्राप्त विषयवस्तुलाई आवश्यकताअनुसार विभिन्न खण्डमा विभाजन गरेर व्यवस्थित गरिन्छ । यसै मान्यताअनुसार यस ग्रन्थको मूल विषयवस्तुलाई पाँच परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । यसका प्रत्येक परिच्छेदमा अध्याय शीर्षक र मूल शीर्षक राखिएको छ भने अध्यायको थालनी प्रस्तुत हुने विषयको पृष्ठभूमि वा परिचयबाट गरिएको छ । अध्यायगत विषयवस्तुलाई पनि विभिन्न शीर्षक, उपशीर्षक, उपउपशीर्षक र कतिपय उपउपशीर्षकका पनि उपशीर्षक दिएर चार तहका शीर्षकमा विभाजन गरी व्यवस्थित गरिएको छ भने अन्त्यमा उपसंहार प्रस्तुत गरिएको छ ।

यसको भूमिका खण्डमा प्रस्तुत विद्वान्हरूले यस ग्रन्थका लेखकलाई अनुसन्धानकर्ता तथा शोधकर्ताका रूपमा चर्चा गरेका छन् भने विषयकेन्द्री व्यक्ति प्रा.डा. ढकाललाई पनि शोधनायक भनेका छन् । प्रस्तुत ग्रन्थलाई शोधग्रन्थ, विशिष्ट शोधप्रबन्ध, प्रबन्धकृति आदि भनिएको छ । यस क्रममा आचार्य पूर्णचन्द्र ढुङ्गेलले त यो बृहत् अनुसन्धान स्वयम्मा महाविद्यावारिधिको शोधपत्रकल्प ग्रन्थ बनेको र खनालले अनौपचारिक रूपमा यो उपाधि प्राप्त गरिसकेको कुरा बताएका छन् । त्यसै गरी प्रस्तुत ग्रन्थको लेखन तथा प्रस्तुतिलाई शोधपरक कोणबाट विषय विश्लेषण गरेको कुरा उल्लेख गरिएको छ । यी अभिव्यक्तिबाट पनि यो कृति अनुसन्धान पद्धतिमा आधारित छ भन्ने कुरा स्पष्ट हुन्छ ।

यसमा वस्तु र प्रविधिको समन्वयात्मक संयोजन छ । शोधपरक कोणबाट शोधनायक प्रा.डा.ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको वस्तुपरक विश्लेषण गरिएको छ । यस क्रममा प्राध्यापनको चारदशक लामो सेवाअवधिमा ढकालले नेपाली, संस्कृत र हिन्दी भाषामा विभिन्न विषयका दर्जनौँ कृतिहरू लेखिसकेको कुरा तथ्यात्मक रूपमा प्रस्तुत गएिको छ । उनले लेखन, अनुवाद रूपान्तरण, सम्पादन तथा अनुसन्धानात्मक निर्देशनका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कुरा उजागर भएको छ । यसको संरचनामा प्रस्तुत भएका प्रारम्भिक खण्ड, मूल खण्ड र परिशिष्ट गरी तीनओटै खण्ड एकअर्कामा अनुबन्धित छन् । प्रारम्भिक

खण्डको विषयवस्तुपछाडि अरू सबै खण्डमा प्रस्तुत हुने विषयको ऐनाका रूपमा प्रस्तुत भएको छ । अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्षसहित सम्पूर्ण विषयवस्तु मूल खण्डमा प्रस्तुत गरिएको छ भने सन्दर्भसूचीसहितका परिशिष्टका विषयले मूल खण्डमा प्रस्तुत व्याख्या र विश्लेषणको प्रामाणिकतालाई थप पुष्टि गरेका छन् ।

अनुसन्धानमा वस्तुपरक, सूचनात्मक र तार्किक भाषाको प्रयोग हुनुपर्ने मान्यता छ । वस्तुपरकताको लागि यथासम्भव कर्मवाच्य र भाववाच्यको प्रयोग आवश्यक ठानिन्छ । त्यसै गरी मध्यम आदरार्थीको प्रयोग, तृतीय पुरुष शैली, न्यूनतम उपवाक्य समावेश भएका संयुक्त र मिश्र वाक्य अनि वर्तमान कालका सामान्य र पूर्ण पक्षको प्रयोग आवश्यक ठानिन्छ । प्रस्तुत कृतिमा प्रयुक्त भाषामा यी धेरैजसो मान्यताहरूको पालना भएको पाइन्छ । आदरार्थी प्रयोगमा भने यसमा उच्च आदरको प्रयोग गरिएको छ भने वाक्य गठनमा कतै कतै धेरै लामा वाक्यहरू प्रयोग भएका पाइन्छन् । जस्तै –

*उहाँले उत्तरमध्यमा पास गरेपछि आफ्नै गृहजिल्लाको मस्याम नि.मा.वि. हाल मस्याम मा.वि.मा २०२४-२०२६ बीच डेढ वर्ष प्रधानाध्यापक भई सेवा गर्नुभएको थियो भने त्यसपछि भारत उत्तरप्रदेश ऋषिकेशस्थित आफैले स्नातक पढेको जयराम संस्कृत महाविद्यालयमा २०२७ कार्तिकदेखि २०३० श्रावणसम्म साहित्याचार्य परीक्षा उत्तीर्ण गरेपछि छ महिना जति पढाएपछि योगी नरहरिनाथद्वारा आमन्त्रित भई प्रस्तावित सरयू संस्कृत विश्वविद्यालय, बिच्छिया, गिरिजापुरी, बहराइच, उत्तरप्रदेश भारतमा कुलसचिव डा.स्वामी प्रपन्नाचार्यको प्रेरणाले २०३० भाद्रदेखि २०३० माघसम्म साहित्य विभागाध्यक्षका रूपमा निकै महत्त्वपूर्ण सेवा गर्नुभएको थियो र यसै समय तत्काल कविता रच्न सक्ने क्षमताको उच्च कदर गर्दै उहाँलाई योगीजीबाट आशुकविको उपाधि पनि प्राप्त भएको थियो । (पृ.१४-१५)*

प्रस्तुत उद्धरणमा उच्च आदर जनाउने उहाँ, गर्नुभएको थियो जस्ता शब्दको प्रयोग गरिएको छ भने वाक्य पनि लामो नै देखिन्छ । आदरका सम्बन्धमा पूरै ग्रन्थ लेखकका गुरुको व्यक्तित्व र कृतित्वसँग जोडिएको हुनाले यस्तो प्रयोग गरेको हुनसक्छ । त्यसै गरी वाक्य लामो नै भए पनि त्यसमा व्यक्त विचार सहज सम्प्रेष्य नै देखिन्छ । यसमा विशेष सन्दर्भबाहेक वस्तुपरक, सूचनात्मक र तार्किक भाषाको प्रयोग भएको छ भने यथासम्भव कर्मवाच्य र भाववाच्यको प्रयोग गरिएको छ । समग्रमा यस कृतिमा पूर्ण वाक्यको संयोजनमा सम्प्रेषणात्मक र प्रवाहपूर्ण भाषाको प्रयोग भएको देखिन्छ ।

## ६. कृतिको शीर्षक

ग्रन्थमा के विषय प्रस्तुत भएको छ भन्ने कुरा त्यसको शीर्षकबाट बुझ्न सकिन्छ । यसो हुनु अनुसन्धानमूलक कृतिको विशेषता पनि हो । यस ग्रन्थको नामकरण वा शीर्षकका सम्बन्धमा प्रा.डा.वेणीमाधव ढकालभन्दा अगाडि प्रज्ञाद्योतित र संस्कृतमनीषी दुईओटा विशेषण पद थपिएका छन् । यी शब्दले विशिष्ट अर्थ वहन गरेका छन् । गहिरो कुरा सोच्न सक्ने बुद्धि वा विशिष्ट ज्ञान नै प्रज्ञा हो । यसलाई नयाँ नयाँ कुरा सोच्न सक्ने मानसिक सामर्थ्य भनेर पनि बुझिन्छ । त्यसै गरी द्योतित शब्दले प्रकाशले युक्त वा प्रकाशित भन्ने अर्थ बुझाउँछ । यसरी प्रज्ञाद्योतित (प्रज्ञाद्वारा द्योतित) शब्दले विशिष्ट ज्ञानद्वारा प्रकाशित भन्ने अर्थ बुझिन्छ । संस्कृत र मनीषी दुईओटा शब्द मिलेर बनेको संस्कृतमनीषी शब्दले पनि विशिष्ट अर्थ (संस्कृत वाङ्मयका मनीषी) वहन गरेको छ । संस्कृत शब्द संस्कृत भाषा र संस्कृत वाङ्मयसँग सम्बन्धित छ भने मनीषी शब्दले प्राज्ञ वा विद्वान् भन्ने अर्थ बुझाउँछ । यसरी संस्कृतमनीषी शब्दद्वारा संस्कृत वाङ्मयका विशिष्ट विद्वान् वा प्राज्ञ भन्ने अर्थ बुझिन्छ । प्रा.को अर्थ शोधनायक ढकालले विश्वविद्यालयमा प्राध्यापन कार्य गर्दा प्राप्त गरेको प्राध्यापक पदसँग सम्बन्धित छ भने डा.ले विशेष अनुसन्धान कार्यबाट प्राप्त गरेको विद्यावारिधि (पिएच.डी.) उपाधिलाई जनाउँछ । यसरी प्रस्तुत कृतिको शीर्षक वा नाम प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा.वेणीमाधव ढकाल विषयसम्बद्ध छ र विशिष्ट छ । यसको विषय शोधनायक ढकालको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित छ भन्ने कुरा शीर्षकले बुझाउँछ । प्रा.डा.ढकालको प्राज्ञिक साहित्यिक उचाइ र योगदानको ससम्मान अङ्कन गरिएको हुनाले कृतिको नाम वा शीर्षक सार्थक र औचित्यपूर्ण देखिन्छ ।

## ७. उपसंहार

नेपाली साहित्यका क्षेत्रमा जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी कृतिहरू धेरै प्रकाशित भएका पाइन्छन्, तर विषयको गहनता, विश्लेषणमा तार्किकता र प्रस्तुतिमा तथ्यपरकता भएका अनुसन्धान पद्धतिमा आधारित यस्ता कृतिहरू विरलै पाइन्छन् । संस्कृत, नेपाली र हिन्दी भाषामा विशेष दक्षता हासिल गरेका सिर्जना, समालोचना र अनुसन्धानका क्षेत्रमा विशेष योगदान पुऱ्याउने बहुमुखी प्रतिभाका धनी प्रा.डा.वेणीमाधव ढकालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन अध्ययन अनुसन्धान गरी तयार पारिएको प्रस्तुत कृतिले नेपाली वाङ्मयको विकासमा एउटा नयाँ सोपान निर्माण गरेको छ ।

प्रा.डा. वेणीमाधव ढकालको शास्त्रज्ञान, विश्लेषण क्षमता, भाषिक तथा सम्पादनात्मक सामर्थ्य, अनुसन्धानमूलक सोच अनि सारदोहन गर्न सक्ने क्षमता एवम् कुशल अनुवादकलारूपी ज्ञानको सागरमा गोता लगाएर सारतत्त्वको मोती

निकाल्न सक्ने सामर्थ्य भएका नारायणप्रसाद खनालले यस प्रकारको कृति प्रकाशनमा ल्याएर महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । प्रस्तुत कृतिका माध्यमबाट खनालको व्यक्तित्वले पनि थप उचाइ प्राप्त गरेको छ । प्रत्येक शिक्षार्थीका गुरु हुन्छन्, तर वेणीमाधव जस्ता बहुप्रतिभाशाली विद्वान् गुरु कमै प्राप्त हुन्छन् । त्यसै गरी एउटा गुरुका हजारौँ शिष्य हुन सक्छन्, तर गुरुद्वारा प्रतिपादित विषय तथा कृतिहरूको मर्म बुझेर अध्ययन, विश्लेषण र सम्पादन गर्न सक्ने प्रतिभाशाली नारायण खनालजस्ता शिष्य पनि विरलै पाइन्छन् । जस्ता गुरुका उस्तै चेलाको संयोगले मात्र यस्तो कृति आउन सकेको हो भन्न सकिन्छ । यसरी प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा.वेणीमाधव ढकाल कृति गुरुको गुरुत्वमा शिष्यको विद्वत्ताको परिणाम हो । यो नेपाली साहित्यका अध्येताका लागि विशिष्ट ग्रन्थ हुनुका साथै नेपाली साहित्यमा प्राज्ञिक उचाइको गरिमा कायम गर्ने विशेष कृतिका रूपमा प्रस्तुत भएको छ । यसमा प्रा.डा.ढकालका अनेक कृतिहरूको अन्वेषण, विश्लेषण र समीक्षणका कारण यो आफैमा अपूर्व देखिएको छ ।

०००


## गुल्मी जिल्लामा १५२ वटा झोलुङ्गे पुल निर्माण

सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मीले २०५० सालदेखि वर्तमान समयसम्म गुल्मी जिल्लामा १५२ वटा झोलुङ्गे पुलहरूको निर्माण कार्य सम्पन्न गर्न सामाजिक र प्राविधिक सहयोग उपलब्ध गराएको छ ।

गुल्मी जिल्लामा यी पुलहरूको निर्माणमा साविकका जिल्ला विकास र गाउँ विकास समिति, हालका गाउँ र नगरपालिकाहरूको आर्थिक सहयोग, हेल्भेटास नेपाल, टी.बी.एस्.यू.को सहयोग र सिर्जनशील सामुदायिक विकास केन्द्रको सामाजिक र प्राविधिक सहयोगमा यस जिल्लामा रू.१९,८४,१७,६८१।- रूपैयाँको लागतमा १५२ वटा पुलहरूको निर्माण कार्य पूरा भएको छ । यस अतिरिक्त ४० वटा पुलहरूको बृहत् मरम्मत गरिएको छ । चालु आर्थिक वर्षमा २१ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेका छन् ।

# सिर्जनशील सामुदायिक विकास केन्द्र

**तम्घास, गुल्मी (फोन : ०७९-५२०५८६)**

# आमा हाम्री वसुन्धरा

✍ **रुद्र झवाली**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

उहीं व्योम उही धर्ती उही मेघ र बादल
उहीं वायु उहीं माटो उहीं हो मल या जल
उहीं गर्मी उही सर्दी उस्तै उस्तै छ मौसम
तथापि फल ती हुन्नन् समान स्वादका किन ?

अमिलो बीज रोपेमा अमिलै फल लाग्दछ
लगाए गुलियो जात गुलियै फल फल्दछ
करेलासँग खुर्सानी सङ्गै रोप्यौं भने पनि
स्वाद या गुण फेरिन्नन् आ-आफ्ना क्यै गरे पनि

फुल्दा बाबरीको फूल बाबरी नै बसाउँछ
फुले गुलाबको फूल गुलाबै मग्मगाउँछ
एउटै ड्याङमा रोपौं आलु पिँडालु या गिठा
सबैको गुणमा हुन्छ भिन्नता किन सर्वथा ?

भन्दछन् गोलभेंडा हो आलुकै नश्लको तर
आलुको बीज रोपेर कहाँ फल्छ टमाटर
धराको गर्भमा कस्तो अनौठो तत्त्व रैछ नि
मुला गाजरझैं हुन्न सङ्गै लगाउँदा पनि

धतुरो भाङ खाएमा नशा चर्को लगाउँछ
गाँजा चरेश लागेमा चौधै लोक घुमाउँछ
धतुरो अथवा गाँजा सङ्गै लगाउँदा पनि
फल्दैनन् एकमा अर्को काम हो एउटै भनी

जे दियो त्यसकै तत्त्व फिर्ता गर्ने यथायथा
बडो अचम्मको लाग्छ माटोको दानशीलता
न इर्ष्या न गुनासो या न प्रतिशोध छट्पटी
शान्त प्रशान्त माटोमा चल्छ जीवनको गति

नाशवान छ यो चोला माटो मात्र छ शास्वत
माटोमा जन्मिई मान्छे त्यहीँ हुन्छ विसर्जित
कोही चिरञ्जीवी छैन आएका सब गै गए
मान्छे मानिसझैं बन्थ्यो माटोको मन भैदिए

ऐया भन्दैन माटोले पहाडै भत्किँदा पनि
आत्था बोल्दैन माटोले डढेलो सल्किँदा पनि
बाँझिन्न कोख माटोको सधै रहन्छ उर्वरा
त्यसैले त भनेका हौं आमा हाम्री वसुन्धरा

०००


# गाउँपालिकाको अनुरोध

- फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवनसंहिताको पालना गरौं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ/छैन, प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- गाउँपालिकामा तोकिएको कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- रूख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- **आटो, ढिंडो, पिठो, कोदो, मकै, गौ, जौ जस्ता आफ्नै (अर्गानिक) उत्पादन खाऔं, बजारमा पाइने जथाभावी खानेकुरा नखाऔं ।**
- **आफ्ना खेतबारीमा सकेसम्म जैविक मल, गाई भैंसीको मल प्रयोग गरौं ।**
- **जथाभावी रासायनिक मल र विषादि प्रयोग नगरौं, स्वस्थकर बानीको विकास गरौं ।**

**मदाने गाउँपालिका**
**पुर्कोट दह, गुल्मी**

# भागवत ज्ञवाली : स्मृति-बिम्ब

✍ **डा. रामप्रसाद ज्ञवाली**
**तानसेन, बडिझान टोल**

आफूभन्दा कनिष्ठ नै भए पनि हार्दिकता र आत्मीयताका दृष्टिले अग्रज (दाजु)का रूपमा मैले मर्यादा र श्रद्धा गर्ने व्यक्तित्वहरू डा. सौभाग्यजंग कार्की र भागवत ज्ञवाली दुई जना हुनुहुन्थ्यो । पाँच दशकसम्म राजनैतिक, शैक्षिक, सामाजिक र सांस्कृतिक एवं धार्मिक क्षेत्रका सहयात्रीका रूपमा निकटस्थ भई जीवन बिताएका कारण अरूभन्दा अपेक्षाकृत भागवत ज्ञवालीज्यू नै भौतिक र आत्मिक रूपमा पनि सहकर्मी तथा सहयात्री र अन्तेवासीका कारणले अझै सन्निकट हुनुहुथ्यो ।

'दोस्त, शब्द हिन्दी वा ऊर्दू जे होस् भारोपेली भाषा परिवारभित्रकै शब्द हो । पारिभाषिक अर्थगत तात्पर्य - द्वित्व भावरहित एकात्मभाव बोध गराउने यो उपयुक्त शब्द हो । दोस्त शब्दको शाश्वत एवं निर्विकल्प अर्थ उहाँ र ममा प्रतिघटित हुन्छ । हामी दुईका बीचमा विद्यमान आधाराधेय भावले मलाई उहाँको समुपस्थितिमा बस्दै रम्दै काल व्यतीत गर्दा विशेष प्रकारको आनन्दको अनुभूति हुने गर्थ्यो । आध्यात्मिक दृष्टिले मनलाई आनन्दमय परिवेशमा लय वा लीन गराउन पाउँदा जसरी भगवत् प्राप्तिको अपेक्षा गरिन्छ त्यसरी नै उहाँको सन्निकट रहँदा मलाई मात्र होइन अरूलाई पनि यस्तै विशेष प्रकारको हर्षातिरेकले गर्दा भागवत नामको सार्थकता पनि प्रतिबिम्बित हुन्थ्यो होला !

स्वामी विवेकानन्दले - 'जीवनमा सहृदयी सच्चा आत्मीय मित्र बढीमा तीन जना सम्म सापेक्षित रूपमा हुन सक्छन् चौथोको अपेक्षा नगरे पनि हुन्छ ।' भने झैं मेरा लागि दुई (डा. सौभाग्य 'भागवत) धराधामबाट परमधाममा पुगिसकेका छन् भने तेस्रो म मात्र अहिले सम्म धराधाममा नै वयः सन्धिको उत्तरार्धजीवन बिताउँदैछु । जेठो - कान्छो भन्नु त व्यवहारगत नाताकुटुम्ब मात्र रहेछ । 'पाँच दशकको सहयात्रा'-२०७५ पुस्तकमा भागवतज्यूले 'मेरा क्यानभासमा डा. रामप्रसाद ज्ञवाली' शीर्षकीय लेखको ७९औं पृष्ठमा -"उहाँले (डा. रामप्रसादले) संझिरहने आत्मीय मित्रहरूमा मुख्यतः डा. सौभाग्यजंग कार्की र गुल्मीका डा. टीकाराम पन्थी हुनुहुन्छ" भनी लेख्ने तेस्रो सच्चा मेरा सहृदयी आत्मीय मित्र, भागवत ज्ञवालीज्यू पनि अहिले यस धराधामबाट परमधाम पुगिसक्नु भएको छ । स्वामी विवेकानन्दज्यूको 'तीन जना भन्दा बढी अपेक्षा नगरे हुन्छ' भन्ने कथनानुसार पनि अब मेरा सहृदयी सच्चा आत्मीय मित्रहरू तीनै जना भौतिक रूपमा यस धरतीमा हुनुहुन्न । चौथो म हुँ जसले अनपेक्षित रूपमा अहिलेसम्म वयः सन्धिको उत्तर कालीन जीवन बिताउँदैछु । आखिर मानिस कालसीमा चक्रकै आयामेली वृत्तमा

बाँधिएको प्राणी न हो । डा. पन्थी र कार्कीभन्दा समय, भूगोल, सान्निध्य एवं वैविध्यपूर्ण सहयात्राको दीर्घकालक्षेपणले भागवतज्यूका बारेमा केही स्मृति बिम्बहरूलाई शब्दाङ्कन गर्नुलाई मैले निकै अप्ठेरोपन महसुस गरेको छु यसकारणले कि - कुनै आत्मीय मित्र वा जो कोही जसका विषयमा सन्दर्भ र प्रसङ्गगत पक्षहरू यति धेरै हुन्छन् कि कति लेख्ने ? अनि कति छोड्ने ? यो पहिलो समस्या हुन्छ । दोस्रो चाहिं न्यूनतम जानकारी भएका विषय वा सन्दर्भमा साङ्गोपाङ्ग पूर्णता दिनुपर्ने दोस्रो समस्या यी दुबै जटिल कुरा हुन् । यसै परिप्रेक्ष्यमा भागवतज्यूका बारेमा स्मृति विम्बाङ्कन गर्ने कुराका सम्बन्धमा यति धेरै विषय वा प्रसङ्ग छन् कि जसका कारण मलाई पहिलो समस्यामा अल्भिनु परेको छ । मन -वचन - कर्ममा एकरूपता, उदात्त भावनाका साथ सात्विक जीवन बिताउँदै गर्नु मानव जातिको शाश्वत धर्म हो भनी मान्ने, नैतिकता एवं इमान्दारितालाई वास्तविक कर्म ठान्ने, उहाँ कुनै सम्प्रदाय विनाको सन्त वा महात्मा जस्तो - 'मनस्येकं वचस्येकं कर्मण्येकं महात्मनः' हुनुहुन्थ्यो । विकल्प वादिता र असामञ्जस्यताको अवस्थामा मैले उहाँलाई कहिल्यै देखिन । उहाँको सद्यदिहेतु सबैका लागि सुकृति, सुसंस्कृति र सदैव खुला हुन्थ्यो । प्राचीन, अर्वाचीन, वर्तमान कालीन सबै चरण एवं सन्दर्भका बारेमा श्रुतिधर र दृष्टिधर मनो मस्तिष्कका भण्डार अनि 'करणे फलाभाव अकरणे प्रत्यवाय' प्राप्त वाक्यका पनि पक्षधर हुनुहुन्थ्यो ।

क्रोध र आवेशबाट नितान्त टाढा, नैतिकता र कर्तव्यपालनमा अग्रसर स्वानुशासित, सदाचारी, बाह्य एवं आन्तरिक सात्विकताले संपोषित सही अर्थमा असल मानव बी.पी.को परिभाषामा उहाँ पर्नुहुन्थ्यो । सर्वतो भावेन पाँच दशक भन्दा धेरै कालसम्म हामी सहयात्री रह्यौं । अहिले उहाँको अभावमा एकाकी जीवनको निस्सारता अनुभूति हुँदैछ ।

उहाँलाई अन्तर्मुखी भनौं या बहिर्मुखी मैले ठोकुवा गर्न सक्दिनँ । अन्तर्मुखी भनौं भने संगै हिंड्दा, रहँदा वा कुरा गर्दा पनि कुनै विषय या प्रसङ्गमा जब उहाँको हृद्भाव फुरेको हुन्थ्यो तब स्थान - काल -परिस्थिति तथा सन्दर्भ र परिवेशलाई ख्यालै नगरी उहाँ यति भावोद्वेगमा मन्मय हुनुहुन्थ्यो कि संगै रहेकालाई कुराको सुरमा जोडसँग धकेलेको पत्तै नपाई श्रोता व्यक्तिलाई सम्हालिन पनि गाह्रो हुन्थ्यो । बहिर्मुखी भनौं भने पनि उहाँ र म अधिकांश शैक्षिक, सामाजिक, राजनीतिक क्षेत्रका औपचारिक बैठक आदिमा मुखरित हुनै पर्ने कतिपय अवस्थामा पनि मौन रहिदिंदा समस्या परेको मैले अनुभव गरेको छु । त्यसैले उहाँलाई मैले आफ्नै किसिमको स्वात्मस्वभावी व्यक्तिका रूपमा मूल्याङ्कन गरेको छु । जसरी मैले उहाँलाई विविध पक्षगत आयामबाट राम्ररी जान्दथें त्यसरी नै उहाँले पनि मलाई राम्ररी बुझ्नु र जानु भएको कुरा - 'पाँच दशकको सहयात्रा' पुस्तकको - मेरो क्यानभासमा ....... शीर्षकीय छ पृष्ठे (७५ -८०) लेखले नै

प्रष्ट्याउँछ । उहाँ निकै अध्ययनशील व्यक्ति हुनुहुन्थ्यो, म चाहिं यत् किंचित् तर कुनै पनि पुस्तक पढेपछि एक आपसमा विचार, ज्ञान, तथ्यता, दृष्टिकोण र सन्दर्भगत प्रस्तुतिका विषयमा पनि हामीले विनिमय गर्ने गर्दथ्यौं । हामी कति निकटस्थ थियौं भन्ने कुरा उक्त पुस्तकको शीर्षकीय लेखमा उल्लिखित - "कहिले काहीं साथ नहुँदा 'नून नभएर बिल्नु भएको तरकारी जस्तो' अभाव खड्किने गरेको छ, अनि कथाकार प्रेमचन्दको 'दो बैल की जोडी' झैं हामी छौं ।" (१)

नेपालका चार धार्मिक क्षेत्र - मुक्तिक्षेत्र, बराहक्षेत्र, रुरुक्षेत्र, पशुपतिक्षेत्र एवं भारत उत्तराखण्डका चार तीर्थस्थल - गंगोत्तरी, यमुनोत्तरी, बद्री, केदारको धार्मिक एवं सांस्कृतिक सहयात्रा, तानसेन बहुमुखी क्याम्पस - पाल्पा इन्जिनियरिङ् कलेज आदि शैक्षणिक संस्थाहरूमा शैक्षिक सहयात्रा; सामाजिक गुठी - टोल विकास आदि संस्थाहरूमा सक्रिय सामाजिक सहयात्रा ; अनि २०२५ सालमा बी.पी. जेलमुक्त भएपछि गोरखपुर, बनारस, पटना आदि ठाउँमा (प्रदीप गिरी, म, भागवत, लक्ष्मण खनाल र राम आत्रेय) विभिन्न कालक्रममा धेरै पटक देशभित्र र बाहिर - बी.पी., किसुनजी, गाणेशमानजीसंग सम्पर्क विस्तार हेतु राजनीतिक सहयात्रा गरेका थियौं । यति धेरै - सहयात्रा र साहचर्यका दिनहरू संझदा आज मैले आफूलाई नितान्त एक्लिएको अनुभव गरेको छु ।

अन्त्यमा उहाँ काठमाडौं उपचारकै क्रममा दिवंगत हुनु भएको अत्यन्तै मर्मान्तक दुःखद समाचार सुनेर अस्वस्थ अवस्थामा पनि तत्कालै म र परिवार पाल्पाबाट काठमाडौं पुग्यौं र त्यहाँ राखिएको शोक पुस्तिकामा मैले अंकित गरेका केही श्रद्धाञ्जलिका शब्दहरू -'कालचक्रको इयत्ति आयाममा को पहिले र को पछि ? भन्ने हुँदो रहेनछ । कनिष्ठ नै भए पनि मभन्दा पहिले यस धराधामबाट परमधामको यात्रामा तपाईंलाई पहिले जानुपर्‍यो । यस विपर्यास (एकथोक हुनुपर्नेमा अर्को थोक हुने ) स्थितिमा जसरी हामी दुई विभिन्न समय र सन्दर्भमा सँगै यात्रा गर्दा गन्तव्यमा जो पहिले पुगेको हुन्थ्यो उसैले पछि आइपुग्नेलाई साथै रहन बस्नका लागि स्थान सुरक्षित राख्न हामीले जे जस्तो उपाय गर्ने गर्थ्यौं त्यसरी नै तपाईं पहिले जानु भएका कारणले आत्मीयताको स्मृति भाव - चिह्नस्वरूप तपाईं जहाँ रहेको भए पनि सँगै रहनका लागि ठाउँ सुरक्षित राख्नु होला, सम्भवतः धेरै कुर्नु पनि नपर्ला ! भनाइ पनि छ -एक्लै स्वर्ग जानुभन्दा आत्मीय भाव भएका सहृदयी मित्रसंग बरू नर्कमा नै रहनु जाति ।' पूर्वोक्त श्रद्धाञ्जलिका शब्दहरू दोहोर्‍याउँदै ...इत्यलम् ।

## सन्दर्भ-स्रोत :

(१) भागवत झवाली, पाँचदशकको सहयात्रा, - मेरो क्यानभासमा डा. रामप्रसाद झवाली, पृ.७५ ।

ooo

# स्वदेश

✍ **विजय सागर**
**भैरहवा**

चारैतिरबाट विदेशले घेरिएको एउटा सानो स्वदेश रहेछ । स्वदेश । हिमाल, पहाड, नदी नाला र सानो समतल मैदानले बनेको कृषिप्रधान सुन्दर देश रहेछ । तर स्वदेशका नदीनालाहरू स्वदेशकै अधीनस्थ रहेनछन् ।

कृषिप्रधान भए पनि विदेशमा कमाएर चामल, दाल, तेल लत्ता – कपडा विदेशबाटै मगाएर खानु र लाउनुपर्ने त्यो स्वदेशमा समयअनुरूप अनेक शासन शैली फेरिएछन् । एक पटक एउटा बलिया शासक आएछन् । उनले घोषणा गरेछन् –

अब हाम्रा नदीनालाहरूमा पानी जहाज चल्नेछन् ।

अब हाम्रा सब सडकहरूमा बिजुलीका गाडीहरू गुड्नेछन् ।

अब हाम्रा समतल भूमिभरि रेलगाडी छक्छक् गर्नेछन् ।

अब हाम्रा घरघरका भान्साहरूमा ग्याँस पाइपहरू जडान गरिनेछन् ।

स्वदेशभरि उद्योग, कलकारखाना प्रशस्तै खुल्नेछन् ।

खाद्यान्न, दलहन, तेलहन आदि स्वदेशमै उत्पादन हुनेछन् ।

स्वदेशमै रोजगार खुल्नेछन् ।

हामीले विदेशको कमाइ स्वदेशमा खानु पर्ने छैन ।

बलिया शासकको भविष्यवाणी सत्य साबित भएछ । त्यो स्वदेशमा – पानी जहाज, विजुली गाडी, रेलगाडी चल्न थालेछन् । घरघरमा ग्याँस पाइप जडान गरिएछन् । उद्योग, कलकारखाना खुलेछन् । खाद्यान्न, दलहन, तेलहन स्वदेशमै प्रशस्तै उत्पादन भएछन् । स्वदेशका बासिन्दाहरू कमाइ खान विदेश जानु परेनछ ।

मलाई त्यो महान् स्वदेश घुम्ने रहर जाग्यो । महिनौं भयो त्यो महान् स्वदेश ! विश्व भूगोलको कुन भागमा पर्दछ एटलसमा खोजेको खोजै छु । पत्ता लगाउन सकिरहेको छैन ।

यहाँहरू कसैलाई ज्ञात छ कि ? कृपया जानकारी दिनुभए अनुगृहित हुने थिएँ ।

ooo

# चुनाव जित्ने जुक्ति

✍ **शिवप्रसाद पौड्याल**
**शङ्करनगर, रूपन्देही**

पार्टीले धमाधम पार्टीका नेताहरूको नाम लिस्ट तयार पार्‍यो । कोही पुरानै नेता, कोही नयाँ नेता चुनावमा भाग लिन पाउने भए, उम्मेदवार बने । नाम लिस्टमा नपरेकाहरू भन्दै थिए- "हामीजस्तो त्यागी सक्षम नेतालाई किनारा लगाउने काम भयो । पार्टीमा गुटबन्दी भयो । अब पार्टीले चुनाव जित्दैन । नेताका आसेपासेहरूले मात्रै टिकट पाए" भन्दै मुर्मिरिएको परिदृश्य पार्टी कार्यालय वरिपरि देखिन्थ्यो । पार्टी कार्यालयलाई टिकट नपाएका असन्तुष्ट नेताहरूले घेरिरहेका थिए ।

सन्तराम बैठक कोठाबाट उज्यालो मुख बनाएर बाहिर निस्किए । उनले आफ्ना कार्यकर्तालाई घरमा बोलाए । २०४८ साल, २०५२ साल र त्यसपछिका हरेक चुनावमा सन्तरामले उठ्ने अवसर पाएका मात्र थिएनन्, चुनाव जित्दै पनि आएका थिए । त्यागी, इमान्दार, बोलक्कड थिए नै । परिआएका बेला भाषणको जादुले जनतालाई रनभुल्ल पार्न सक्थे ।

"पार्टीले सही मान्छे छनोट गर्‍यो । पार्टीको इमान्दार कार्यकर्ता भएकै कारण मैले चुनावको लागि टिकट पाएँ ।" कति आफूजस्तै कार्यकर्तालाई पार्टीले टिकट नदिएको र उनीहरूले टिकट नपाएकोमा रिसले रन्थनिएका थिए । यस्तै चिन्तन-मनन गर्दै हँसिलो मुहार बनाई उनी घर गए ।

घरमा हँसिलो अनुहार बनाउँदै आएका आफ्ना पतिको मनोभाव रम्भाले बुझिन्- "आज पक्कै पनि नेताज्यूको राम्रो काम भयो" भन्ने अनुमान लगाइन् । उनी आफ्ना पतिलाई दुःखसुखमा साथ दिँदै आएकी थिइन् । पतिको खुशीमा उनी झनै प्रफुल्लित बनिन् । मीठोचोखो परिकार बनाइन् । घरका सबै सदस्यलाई त्यही खुशीको क्षणमा मीठोचोखो खाना खुवाउने तयारीमा रम्भा जुटिन् । घरका सबै सदस्य भोजन कक्षमा उपस्थित भए । त्यहीबेला सन्तरामले भने- "घरका सबै सदस्यहरूले राम्ररी सुन । मैले यसपालि पनि चुनावका लागि टिकट पाएको छु । अब तिमीहरू सबै चुनावको प्रचारप्रसारका लागि जुट्नुपर्छ । चुनाव जसरी पनि जित्नुपर्छ । साम, दाम, दण्ड, भेदको नीति लिएर होस् वा छवटा यन्त्रको प्रयोग गरेर होस् चुनाव जित्नैपर्छ, नत्र पार्टीमा गरेको योगदान खेर जान्छ । मेरो मात्रै होइन, तिमीहरूको पढाइ, जागिर, सुखसयल, मोजमस्ती सबै खोसिन्छ । आ-आफ्ना दौँतरी साथीहरूलाई जम्मा गर, टिम बनाऊ, नारा लेख अनि प्रचारप्रसारमा जुट । त्यसमा लाग्ने खर्च म बेहोर्छु । " यो उनको आफ्नो भाषण कला थियो ।

सन्तरामका चार भाइ छोराहरू थिए- जेठो मायाराम, माइलो दयाराम, साहिँलो साइराम, कान्छो मनिराम । चार भाइ छोरामध्ये कान्छो अरूभन्दा अलि चलाख थियो । उसले भन्यो- "बुबा हजुरले चुनावको लागि टिकट त पाउनुभयो । पार्टीले पनि हजुरलाई सही ठहस्याएछ, ठिक मूल्याङ्कन गरी टिकट पनि दिएछ । तर हजुरले यसअघि जनतालाई दिएका आश्वासन पूरा गर्न सक्नुभएको छैन । अब तपाईंलाई जनताले केका आधारमा भोट दिन्छन् । हिजोका जस्ता सोझा जनता अहिले छैनन् । एक्काइसौँ शताब्दीका जनता हुन् । यिनलाई फकाएर भोट पाउन निकै गाह्रो छ । फेरि तपाईं कसरी चुनाव जित्ने मनस्थितिमा हुनुहुन्छ ? यसपूर्वका तपाईंका वाचाहरू कुनै पनि पूरा भएनन् । चुनाव जितेर गएपछि तपाईं यी मेरा मतदाता हुन्, जनता हुन्, यिनीहरू मलाई सदैव चाहिन्छन् भन्नुभएन । कहीं कहिल्यै गाउँका जनताको काम गरिदिनुभो ? फेरि आफ्नो गाउँठाउँको विकास गर्नुपर्छ भनी गाउँमा फर्केर पनि आउनुभएन । एकचोटि पनि जनताका अगाडि आएर उभिनुभएन । फेरि तपाईंसँग जनताका बीचमा जाने कुनै नयाँ एजेन्डा पनि त छैन नि ! अब के भनेर जनतासँग भोट माग्नुहुन्छ ? फेरि जनतासँग कसरी भोट माग्न जाने ? म त तपाईंको चुनाव प्रचारप्रसारमा विना एजेन्डा जान सक्दिनँ । तपाईं दाइहरू, बहिनीहरू, आमा, भाउजूहरू के भन्नुहुन्छ ? बुबालाई जनताका बीचमा ठोस एजेन्डा लिएर मात्र जान सल्लाह दिन्छु । फेरि अहिलेका जनता धेरै जान्ने-बुझ्ने भइसकेका छन् । अरू पार्टीका नेताहरूले उहिल्यैदेखि जनतालाई प्रभावित गर्ने कामहरू गरिरहेका छन् । अस्तिको भलामचौरको मैदानमा गाउँका केटाकेटी, बूढाबूढी, महिला पुरुषको लाखौंको उपस्थिति थियो । त्यो सभा देख्दा के लाग्थ्यो भने अबको चुनावमा यही पार्टीले जित्छ । मेरो भन्नु त यही हो"- मनिरामले भन्यो ।

मनिरामले भनेका कुरामा सबैले समर्थन जनाए । यसै बीचमा जेठो मायारामले भन्यो- "हो बुबा, भाइ कान्छोले भनेको कुरा सही छ । हजुरले चुनाव जित्नका लागि जनतासँग गएर भोट माग्नका लागि नयाँ एजेन्डा चाहिन्छ । जसबाट जनताले हामीलाई विश्वास गरून् र भोट दिने ढुक्कको वातावरण बनोस् । नत्र हामी त्यसै पर्चा, पम्प्लेट गरेर, नारा जुलुस गरेर मात्र चुनाव जित्न सकिँदैन । समयमा नै चुनाव जित्नका लागि नयाँ तरकिब चाहिन्छ । जनताले पत्याउने ठोस एजेन्डा चाहिन्छ । "

"हो, तिमीहरूले सही कुरा गस्यौ । हामीले चुनाव जित्नका लागि केही न केही त गर्नैपर्छ । ल अब खाना खाऔँ । हामी सबैले जुक्तिबुद्धि लडाऔँ । केही न केही उपाय त अवश्य निकाल्नैपर्छ" सन्तरामले आफ्ना परिवारका सदस्यहरूलाई भने ।

भोलिपल्ट बिहान सन्तरामको घर आँगनमा पार्टीका कार्यकर्ताहरू उपस्थित भए । प्लेकार्डमा नाराहरू लेखिए । पर्चाहरू तयार भएर आए । कार्यकर्ताहरूले पर्चाहरू

हातमा लिए । पोस्टरहरू चोक- चोकमा टाँस्ने काम धमाधम भयो । गाउँ चुनावमय भएको थियो । जताततै चुनावी माहोलले तातिएको थियो । यसै बीचमा सन्तरामका कार्यकर्ताले नारा लगाए :

"प्रजातन्त्र- जिन्दावाद । "
"सन्तराम- जिन्दावाद ।। "
"अबको भोट कसलाई ?" -सन्तरामलाई"
भोट कसले जित्छ ?" -सन्तरामले"

"सन्तराम - हाईहाई" अरू सबै -बाईबाई" नारा लगाउँदै एउटा ठूलै जुलुस सन्तरामको चुनाव प्रचार प्रसारका लागि अगाडि बढ्यो । "मानौँ सन्तराम गाउँले सबैका साझा व्यक्ति हुन् । सबैले उनलाई मान्दै आएका छन् । अब पनि चुनावमा यिनैलाई जिताउनुपर्छ" भन्ने आभास गराउन कार्यकर्ता प्रतिबद्ध भई लागेका थिए । सन्तराम जुलुसको अघिअघि थिए । उनका कार्यकर्ता नारा लगाउँदै, पर्चा छर्दै, भोट माग्दै पछिपछि हिँडिरहेका थिए ।

धनीराम गाउँका भलाद्मी व्यक्तिको रूपमा परिचित रहिआएका छन् । उनको घरमा गाउँका युवाहरूको प्रायः जमघट भइरहन्थ्यो । गाउँका युवाहरूलाई हात लिन उनी निकै सिपालु थिए । युवाहरूको उन्नति-प्रगतिका निम्ति धनीराम हरसमय सहयोग गर्थे । चाहे गाउँमा युवा क्लब खोल्न होस् वा युवाहरूलाई क्रियाशील बनाउन खेलकुदका सामग्री दिएर होस् वा गाउँमा पुस्तकालयको व्यवस्था गरिदिएर होस्, उनी युवाहरूलाई आकर्षित गरिरहेका हुन्थे ।

सन्तरामको जुलुस धनीरामको आँगनमा आइपुग्यो । धनीराम तमाखु खाँदै गाउँका युवाहरूसित चुनावकै बारेमा सल्लाह गरिरहेका थिए । सन्तरामले धनीरामलाई ढोगे- "धनीराम बुबा मलाई यसपालि पनि पार्टीले विश्वास गरेर टिकट दियो । पहिला पहिला पनि हजुरहरूले भोट दिएर चुनाव जित्दै आएको हुँ । यसपालि पनि चुनाव जित्नका लागि मलाई आशीर्वाद दिनुस्" सन्तरामले भने ।

त्यहाँ उपस्थित भएका युवाहरू मुखामुख गर्दै थिए । धनीरामको कान्छो छोरो जनकराम भित्रबाट जङ्गिदै आयो र भन्यो "हेर्नुस् ! सन्तराम काका, तपाईं हाम्रो काका हो । तपाईंलाई हामीले सधैं भोट दिएर जिताएर पठायौँ तर तपाईंले न त हामी गाउँलेहरूका समस्या बुझ्नुभो ! न त अघिल्ला चुनावमा गरेका वाचाहरू नै पूरा गर्नुभो । गाउँमा खानेपानीको समस्या ज्युँका त्युँ छ, मोटरबाटो अस्तव्यस्त छ, स्वास्थ्य चौकी केही छैन । गाउँमा उच्च शिक्षा पढ्ने वातावरण नभएर गाउँका केटाकेटीहरू टाढाटाढा जानुपरेको छ । फेरि पढेका युवाहरू बेरोजगार भई कोही खाडी मुलुक छिरेका छन् भने कोही भारतका गल्लीमा आफ्नो स्वाभिमान गुमाई तल्लोस्तरको काम गर्न बाध्य छन् । अस्ति मात्र पल्लो गाउँको

हीरामानको शव विदेशबाट आउँदा गाउँ सबै स्तब्ध बन्यो । खै ? तपाईंले गाउँका बेरोजगार युवाहरूलाई रोजगार दिएको । चुनाव जितेपछि तपाईंले गाउँको अवस्था के छ ? भनेर एकचोटि पनि फर्किएर सोधपुछ गर्नु भो ? खालि काठमाडौँमा बस्यो । विदेशको भ्रमण गर्‍यो । सांसद भत्ता पचायो, ठूल्ठूला होटेलहरूमा कार्यक्रम गरी भोजभतेरमा रमायो, मोजमस्ती गर्‍यो । त्योबाहेक के काम गर्नुभयो ? हामी गाउँलेहरूलाई एक-एक गरी हिसाब-किताब दिनुस् । नत्र हामी तपाईंलाई भोट दिन्नौँ । चुनावमा हराउँछौँ- "जनकरामले भन्यो । उसको कुरा सुनेर सबैले बरर ताली बजाए । त्यहाँ उपस्थित भएका अरू युवाहरूले पनि जनकरामले भनेको ठिक हो भने ।

सन्तराम परिपक्व नेता भइसकेका थिए । उनी जनकरामको कुराबाट विचलित भएनन् । बडो गम्भीर भए । शान्त मुद्रामा प्रस्तुत हुँदै शालीन तरिकाले गाउँका युवाहरूलाई सम्बोधन गर्दै भने- "देश बनाउने भनेको युवाशक्तिले नै हो । युवाशक्तिले चाह्यो भने दिनदुनियाँ बदल्न सक्छ । फेरि तपाईंहरूले नै मलाई २०४८ सालको चुनावमा आफ्नो अमूल्य मत दिएर जिताउनुभो । म तपाईंहरूको मत पाएर चुनाव जिती सांसद भई गएँ । त्यसबेला राजनीति गर्दागर्दै मेरो धनसम्पत्ति सकिएको थियो । सभासद् भएपछि मैले आफ्नो घरपरिवारको आर्थिक अवस्था सम्झैँ अनि सम्पत्ति कमाएर घरपरिवारलाई सुखसुविधा दिन सफल भएँ । दोस्रो चुनावमा पनि पार्टीले मलाई विश्वास गर्‍यो । टिकट दियो । फेरि म तपाईंहरूको घरदैलोमा भोट माग्न आएँ । तपाईंहरूकै अमूल्य मतले मैले चुनाव जितेँ । सांसद् बनेँ । त्यसपटक मैले आफ्ना नालनाता, कुलकुटुम्ब, इष्टमित्रलाई सम्झैँ । उनीहरूलाई मद्दत गरेँ । आर्थिक सहयोग गरेँ । उनीहरू मेरो मद्दतबाट खुशी भए । तेस्रोपटक फेरि चुनाव भयो । म तपाईंहरूकै शरणमा आएँ । घरदैलोमा आएर भोट मागेँ । तपाईंहरूले भोट दिएरै मैले चुनाव जितेँ । त्यसपालि भने कार्यकर्ताहरूको लागि काम गरेँ । उनीहरूलाई तन, मन, धनले सहयोग गरेँ । यी हेर्नुस् त पार्टीका कार्यकर्ताहरू यसरी चुनावमा खटिरहनु भएको छ । अब चौथो पटक फेरि तपाईंहरूसित भोट माग्न आएको छु । मैले अब काम गर्ने भनेको तपाईंहरूकै हो । अबको पालो तपाईंहरूको हो । तपाईंहरूले विश्वास गरेर भोट दिए चुनाव जित्छु नत्र जित्दिन । मलाई पूरा विश्वास छ । तपाईंहरूले पक्कै पनि आफ्नो अमूल्य मत दिएर चुनाव जिताउनु हुनेछ । मेरो भन्नु यही हो ।" सन्तरामले बडो गम्भीर मुद्रामा भने । यसै बीचमा हरिरामले भन्यो- "नेताको बोल्ने कुरा र गर्ने काम अर्कै हुन्छ ?" खै ? के कसरी नेताको कुरा पत्याउनु । भैगो जे भए पनि सन्तराम हाम्रै गाउँका नेता हुन् । टाढाको केभन्दा नजिकको उधिनढुङ्गो जाती हुन्छ, भन्छन् । "

०००

# नेपालमा निर्वाचन

✍ **हरिप्रसाद भण्डारी**
**धुर्कोट, वस्तु, गुल्मी**

### १. विषयप्रवेश

प्रस्तुत आलेख गुल्मी जिल्लाअन्तर्गत रहेको धुर्कोट गाउँमा राणा कालदेखि हालसम्म भएका स्थानीय निर्वाचन र निर्वाचित जनप्रतिनिधिहरूसम्बन्धी छलफल र जानकारीमा आधारित छ । यस आलेखमा नेपालको निर्वाचनसम्बन्धी इतिहासलाई पनि कोट्याउने प्रयास गरिएको छ ।

### २. नेपालमा निर्वाचनको प्रारम्भ

नेपालमा पहिलो निर्वाचन २००४ सालमा भएको थियो । राणा प्रधानमन्त्री पद्म शमशेरका पालामा गाउँको शासन गाउँलेहरू आफैले गर्नुपर्छ भन्दै उनैले गाउँ पञ्चायतको अवधारणा अघि सारेका थिए र निर्वाचनसमेत गराएका थिए । नेपालमा पहिलो संविधानको रूपमा आएको नेपाल सरकार वैधानिक कानुन, २००४ को भाग ४ मा पञ्चायती सभा उपशीर्षक दिएर धारा १६, १७, १८...मा 'सरकारबाट बनेका नियमानुसार योग्य ठहरिएका उमेर पुगेका जनताको वोटद्वारा ५ देखि १५ निर्वाचित सदस्यहरूको एक 'ग्राम पञ्चायत' हरेक ग्राम वा ग्रामसमूहमा रहने छ । यिनीहरूले आफ्नै प्रधान पञ्च चुन्ने छन्'भन्ने व्यवस्था गरेर स्थानीय निकायको निर्वाचन गराइएको थियो ।

यसै व्यवस्थाअनुसार २००४ जेठ २९ गते पहिलो निर्वाचन भएको थियो । काठमाडौँ म्युनिसिपालिटीमा भएको निर्वाचनमा मतदान गर्ने समय बिहान ११:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म तोकिएको थियो । मतपत्र अघिल्लो दिन नै प्रत्येक मतदाताका घरघरमा पुऱ्याइएको थियो । उमेदवारका छुट्टाछुट्टै ढ्वाङ थिए । ढ्वाङ् खुला ठाउँमा राखिएको थियो । त्यसैले मतदान गर्ने व्यक्तिले कुन उमेदवारलाई मतदान गऱ्यो भन्ने कुरा सबैले थाहा पाउन सक्थे (नेपालको निर्वाचन इतिहास, पृ : १५३) । निर्वाचनको मुखमा आएर पद्म शमशेरले मतदातालाई नगर र गाउँको काम गर्न र नागरिकको रक्षा गर्न सक्ने असल, लायक, अनुभवी र योग्य प्रतिनिधि छान्नु भनी आदेशसमेत दिएका थिए (नागरिक दैनिक, ३० वैशाख, २०७४) ।

पहिलो निर्वाचनमा महिलाहरूलाई उमेदवार बन्ने र मतदान गर्ने अधिकार दिइएको थिएन । चुनावी कार्यक्रममा पुरुषले मात्रै भाग लिन्थे । २०१० सालमा आएर पहिलो पटक महिलालाई मताधिकार दिइयो । २०१० साल भदौ १७ गते काठमाडौँ नगरपालिकाको दोस्रो निर्वाचन भएको थियो । २१ वर्ष उमेर पुगेका

पुरुष र महिलाले गोप्य मतदान गर्न पाउने व्यवस्था भएपछि महिलाहरू पनि निर्वाचनमा सहभागी भए र निर्वाचनमा महिला प्रतिनिधि पनि निर्वाचित भएका थिए (निर्वाचन आयोग) ।

## ३. धुर्कोटमा पहिलो निर्वाचन

वि.सं. २००४ सालमा निर्वाचन हुने भएपछि वस्तु, जैसीथोक, नयाँगाउँ, पिपलधारा, रजस्थल, वाग्ला, अजमिर र भनभनेलगायतका गाउँ समेटेर धुर्कोट गाउँ पञ्चायत बनेको थियो । तत्कालीन धुर्कोट गाउँ पञ्चायतका पहिला प्रधान नयाँ गाउँका प्रेमबहादुर मल्ल भएका थिए (स्रोत : वार्ता) ।

त्यो बेला जिम्माली प्रथा थियो । एक जिम्माली एरियाबाट एक सदस्य चुनिने व्यवस्था थियो । त्यसरी चुनिने सदस्यलाई मेम्बर (Member) भनिन्थ्यो । मेम्बरलाई गाउँलेहरूले मिम्बर भन्थे । धुर्कोट गाउँ पञ्चायतको निर्वाचन भएपछि गाउँ पञ्चायतको केन्द्र बरबोटमा राखिएको थियो । प्रेमबहादुर मल्लपछि चन्द्रकान्त भण्डारी प्रधान भए । चन्द्रकान्तको पालमा बरबोटमा रहेको केन्द्रलाई कालिकास्थानमा सारियो ।

प्रधान पञ्चले गाउँको विकास गर्नुका साथै कानुनी अधिकार समेत पाएका थिए । गाउँका सानातिना मुद्दा मामिलाहरू उनीहरूले मिलाउँथे । मुद्दा मिलाउने क्रममा कसैले अटेर गरेमा वा गम्भीर प्रकृतिको अपराध गरेको अवस्थामा त्यस्ता अपराधीहरूलाई ठिंगुरोमा हालेर सजायँ गर्नेसम्मको अधिकार प्रयोग गर्थे ।

त्यो बेला उपप्रधान र अन्य सदस्यहरू को को भए भन्ने अभिलेख पत्ता लाग्न सकेको छैन तर वाग्लाबाट माधव भण्डारी, जैसीथोकबाट झबिन्द्र भण्डारी, बुल्मबाट रबे मुख्खे, वस्तुबाट डिलाराम भण्डारी (बरारूख)मिम्बर भएका थिए । (स्रोत : वार्ता)

## ४. जिम्माली प्रथा

२००७ सालसम्म नेपालमा राणाहरूले शासन गरे । उनीहरूले जनतासँग कर राजश्व असुल गर्नका लागि गाउँ गाउँमा जिम्माल र मुखिया नियुक्त गरेका थिए । करको मुख्य स्रोत जग्गा थियो । उत्पादनको हिसाबले जग्गालाई अब्बल, दोयम, सिम र चाहार गरी चार भागमा विभाजन गरिएको थियो । जनताबाट उठाएको कर सिधै राणाको ढुकुटीमा जान्थ्यो । त्यो बेला 'कच्चा नछोड्नु जम्मा नजोड्नु' भन्ने आदेश हुन्थ्यो । त्यसको मतलब जनतासँग उठाउनु पर्ने एक दाम पनि नछोड्ने र राणाको ढुकुटीमा कति पैसा जम्मा भयो भनेर जोड्न नपाइने आदेश थियो । राणाको ढुकुटीमा जम्मा भएको रकम जोड्यो भने राणाहरूले यति पैसा खर्च गरे भनेर जनताले थाहा पाउलान् भन्ने डरले त्यसो भनेका हुन् कि !

मालपोत ऐन, २०३४ जारी नहुँदासम्म गाउँमा जिम्माल मुखियाहरूको भूमिका महत्त्वपूर्ण रह्यो । वस्तुका सुरूका जिम्माल माधव भण्डारी हुन् । उनलाई माधौ पनि भनिन्थ्यो । उनी गङ्गाराम भण्डारीका सात भाइ छोरामध्येका कान्छा छोरा हुन् । यिनै सात भाइका नामबाट वस्तुमा सात घरे भन्ने चलन चलेको थियो । माधौपछि उनैका ठाइला छोरा नेत्रप्रसाद जिम्माल भए । उनीपछि छविलाल (पुनाराम) का साहिँला छोरा वासुदेव जिम्माल भए । वासुदेवपछि उनैका भाइ भुवनन्दका जेठा छोरा भीमलाल र भीमलालपछि उनैका छोरा नन्दराम जिम्माल भए । सुरूमा वस्तु गाउँमा एउटा मात्रै जिम्माल हुने चलन भए पनि पछि रुक्मागतका छोरा जगुलाल भण्डारी पनि जिम्माल भए । उनीपछि उनैका छोरा परमानन्द भण्डारी जिम्माल भए (स्रोत : धनञ्जय गोत्रीय भण्डारीहरूको वंशावली) । जिम्मालहरूका साथै वस्तु आफरका पेमे कामी केही समय मुखिया भएका थिए । पढाइ लेखाइ नभएकाले जान्नेहरूसँग सहयोग लिई उनले आफ्नो मुखियाको जिम्मेबारी पूरा गर्थे । (स्रोत : वार्ता)

## ५. २०१५ सालको निर्वाचन

राजा महेन्द्रले २०१५ सालमा आम निर्वाचन गराए । उक्त निर्वाचनमा देशलाई १०९ निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । उक्त निर्वाचनमा मतदाता ४२,४६,४६८ थिए । बिहान ८:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म मतदान गर्ने समय तोकिएको थियो (नेपालको राजनीतिक दर्पण भाग १, पृ : ५९१) ।

२०१५ सालमा निम्न ९ वटा राजनीतिक दलले निर्वाचनमा भाग लिएका थिए र उनीहरूको निर्वाचन चिह्न निम्नानुसार रहेको थियो ।

| | | |
|---|---|---|
| १. | तराई काँग्रेस | लंगोटी लगाएको मानिसको टाउकोमा गहुँको बिटा बोकेको |
| २. | नेपाल कम्युनिष्ट पार्टी | मकैको तीन घोगा र हँसिया |
| ३. | नेपाली काँग्रेस | रुख |
| ४. | नेपाल प्रजापरिषद् (आचार्य गुट) | घन कोदालो |
| ५. | नेपाल प्रजापरिषद् (मिश्र गुट) | हलो |
| ६. | नेपाल राष्ट्रिय काँग्रेस | छाता |
| ७. | राष्ट्रवादी गोर्खा परिषद् | झुपडी |
| ८. | संयुक्त प्रजातन्त्र पार्टी | धानको बाला |
| ९. | प्रजातान्त्रिक महासभा | हात |

त्यसैगरी स्वतन्त्र उमेदवारका लागि घडी, चरा, माछा, घैला, पानस, हात्ती, तराजू, घटा, तराजू, मसी कलम, धारा, घोडा, डुँगा र फूल गरी जम्मा १४ वटा निर्वाचन चिह्न दिइएको थियो (ऐ, पृ : ५९२) ।

तोकिएका १०९ निर्वाचन क्षेत्रमध्ये धुर्कोट ९२ नं. क्षेत्रमा परेको थियो । उक्त क्षेत्रमा धुर्कोट, इस्मा र मुसिकोट समेटिएको थियो । ९२ नं. क्षेत्रमा निम्न पार्टीका उमेदवारहरू मैदानमा उत्रिएका थिए ।

| सि. नं | दलको नाम | केन्द्रीय नेता | क्षेत्रका उमेदवार | चुनाव चिह्न | प्राप्त मत करिब |
|---|---|---|---|---|---|
| १. | नेपाली काँग्रेस | बी.पी. कोइराला | नीलाम्बर पन्थी | रुख | ८००० |
| २. | राष्ट्रवादी गोर्खा परिषद् | भरत शमशेर | प्रेमबहादुर मल्ल | झुपडी | ६००० |
| ३. | संयुक्त प्रजातान्त्रिक पार्टी | डा.के.आइ. सिंह | केशरजङ माझी | धानको बाला | ३००० |
| ४. | नेपाल प्रजा परिषद् | टंक प्र.आचार्य | गोपालप्रसाद श्रेष्ठ | घन कोदालो | २००० |
| ५. | प्रजातान्त्रिक महासभा | | शमशेरबहादुर मल्ल | पञ्जा | १००० |

*स्रोत– उत्तरकुमार श्रेष्ठ*

राष्ट्रवादी गोर्खा परिषद्का जिल्ला स्तरीय नेता शुभ शमशेर थिए भने स्थानीय नेता परमानन्द भण्डारी थिए । उक्त निर्वाचनमा पहिले गाउँमा गएर मतदाताहरूको सूची संकलन गरिएको थियो । २१ वर्ष उमेर पुगेका पुरुष र महिलाले भोट हाल्न पाउँथे । ९२ नं. क्षेत्रमा करिब ४०,००० मतदाता थिए । नोट जस्तो टिकट थियो । मतदाताले आफूलाई मन पर्ने उमेदवारको बाकसमा टिकट खसाएका थिए ।

मतदानको काम सम्पन्न भएपछि सबै बाकस इस्मा रजस्थलमा जम्मा गरी खुला चौरमा सबै जनताका सामू मत गन्ने काम भएको थियो । उक्त निर्वाचनमा नेपाली काँग्रेसका उमेदवार नीलाम्बर पन्थीले सबैभन्दा बढी करिब ८००० मत ल्याई विजयी भएका थिए (स्रोत : उत्तरकुमार श्रेष्ठ) ।

## ६. संसदीय व्यवस्थाको अन्त्य र पञ्चायतको शुरूवात

२०१५ सालको निर्वाचनमा १०९ क्षेत्रमध्ये नेपाली काँग्रेसले ७४ (दुई तिहाइ) सिट जित्यो । बी.पी. कोइराला प्रधानमन्त्री बने । आफ्नो सरकार बनेपछि नेपाली

काँग्रेसका कार्यकर्ताहरू उच्छ्रिङ्खल भएको र आफ्ना विरोधी तथा आफूलाई मत नदिने जनताप्रति ज्यादती गरेको आरोप लाग्न थाल्यो । त्यै बेला राजा महेन्द्रले देश दौडाहा गरे । आफ्नो गाउँ आएका राजालाई जनताले नेपाली काँग्रेसका विरूद्धमा गुनासो गरे । नेपाली काँग्रेसको विरूद्धमा जान राजालाई हौसला मिल्यो । उनी राजधानी फर्केपछि काँग्रेसको सरकारलाई अपदस्थ गरे । बी.पी. लगायतका नेतालाई जेल हाले । उक्त कुराको पर्चा बनाई जहाजद्वारा देशव्यापि रूपमा छर्ने काम पनि भयो । संसदीय व्यवस्थाको घाँटी निमोठेपछि राजा महेन्द्रले देशमा पञ्चायती व्यवस्था स्थापना भएको घोषणा गरे । गाउँ पञ्चायतको गठन गर्ने र स्थानीय निकायको निर्वाचन गर्ने कामको शुरूवात भयो ।

२०१८ सालमा वस्तु, मौला र जैसीथोक मिलाएर धुर्कोट वस्तु गाउँ पञ्चायत बनाइयो । तीनोटा गाउँलाई तीन/तीन वडामा विभाजन गरिएको थियो । प्रत्येक वडाबाट एक/एक जना सदस्य निर्वाचित भएर आउने व्यवस्था भयो । त्यसै व्यवस्थाअनुरूप ९ वडाबाट ९ जना वडा सदस्यहरू निर्वाचित भएर आए ।

त्यो बेलाको निर्वाचन पद्धति अनौठो थियो । सबै गाउँलेहरू चौरमा जम्मा हुन्थे । त्यसपछि इच्छुक उम्मेदवारहरूले आफू उठ्ने जानकारी गराउँथे । इच्छुक उम्मेदवारहरूलाई उपस्थित गाउँलेहरूले हात उठाएर समर्थन जनाउँथे । जसको पक्षमा धेरै हात उठे उही विजयी हुन्थ्यो ।

त्यसरी चुनिएका ९ जना सदस्यहरूमध्येबाट प्रधानपञ्च र उपप्रधानपञ्च बनाउने प्रावधान थियो । त्यस निर्वाचनमा उत्तरकुमार श्रेष्ठ प्रधान र परमानन्द भण्डारी उपप्रधान भए । केही समयपछि उत्तरकुमार श्रेष्ठ जिल्ला सभामा गए । उनको ठाउँमा परमानन्द भण्डारी प्रधान र जैसीथोकका बाबुराम पोखरेल उपप्रधान बने ।

यो व्यवस्था दुई वर्ष चल्यो । त्यसपछि २०२० सालतिर गुप्त मतदानबाट चुनाव हुने भयो । धुर्कोट पञ्चयत पनि तीनोटा भए– जैसीथोक, मौलारजस्थल र वस्तु । वस्तुका प्रधान जगुलाल भण्डारी भए । जगुलाल भण्डारी र चन्द्रकान्त भण्डारी उठेकोमा जगुलालले विजय हासिल गरेका थिए । जगुलालको पालामा लीलाबल्लभ भण्डारी उपप्रधानपञ्च भएका थिए ।

यिनीहरूको कार्यकाल करिब पाँच वर्ष रह्यो । २०२६ सालातिर भएको निर्वाचनमा प्रधानको उम्मेदवारमा लीलावल्लभ भण्डारी र उपेन्द्र पाण्डे तथा उपप्रधानको उमेदवारमा बुद्धिनारायण भण्डारी र श्रुतिधर भण्डारी उठेका थिए । गोप्य मतदानद्वारा भएको उक्त निर्वाचनमा लीलावल्लभ भण्डारी प्रधानपञ्च र बुद्धिनारायण भण्डारी उपप्रधानपञ्चमा निर्वाचित भए ।

त्यो बेलाको चुनाव पद्धति रमाइलो थियो । उमेदवारलाई चुनाव चिह्न होइन, चुनावको लागि रङ चुन्न दिइएको थियो । उमेदवारहरूले रातो, पहेलो, हरियो, कालो यस्तै रङ चुन्थे । आफूले छानेको रङको कपडालाई सानो टिनको बक्सामा लपेटेर गोप्य कोठामा राखिन्थ्यो । बाक्लो कागजको सानो टुक्रा टिकट हुन्थ्यो । मतदाताहरूले गोप्य कोठाभित्र पसेर खुत्रुकेमा पैसा खसालेजस्तै आफूले मन पराएको बाकसमा टिकट खसाल्थे । निर्वाचन सम्पन्न भएपछि टिकट गणना गरिन्थ्यो ।

२०३२ सालमा नेपालको संविधान, २०१९ संशोधन भई गाउँफर्क राष्ट्रिय अभियानको प्रावधान राखियो । निर्वाचन नभएसम्मका लागि प्रधान र उपप्रधान जिल्लाले मनोनीत गर्ने प्रावधान बन्यो । साविक वस्तु गाउँ पञ्चायतमा जैसीथोक गाउँ पञ्चायत र पालुखाका दुई वडा मिसाइएको थियो । एकीकृत वस्तु गाउँ पञ्चायतको प्रधान ब्यारेघरका अनन्तराम भण्डारी र उपप्रधान पालुखाका वीरबहादुर मनोनीत भएका थिए ।

## ७. जनमत सङ्ग्रह

२०३६ सालमा जनमत सङ्ग्रह भयो । उक्त चुनाव बहुदल (बहुदलीय व्यवस्था) र निर्दल (पञ्चायती व्यवस्था) का बीचमा भएको थियो । एउटै मतपत्रमा बहुदलको चुनाव चिह्न नीलो रङ र निर्दलको चुनाव चिह्न पहेलो रङ थियो । मतदाताले यी दुईमध्ये एउटा रङमा मतदान गर्नुपर्थ्यो । देशव्यापी रूपमा मतदान भयो । अन्त्यमा निर्दलको पक्षमा करिब २४ लाख र बहुदलको पक्षमा करिब २० लाख मत खसेको घोषणा गरियो । उक्त निर्वाचनमा राजनीतिक दलका नेताहरूले सत्ताले धाँदली गरेको आरोप लगाए । विरोध पनि भयो । तैपनि पछि 'सुधारिएको' पञ्चायती व्यवस्थाले निरन्तरता पायो ।

जनमत संग्रहपछि २०३९ सालमा स्थानीय निर्वाचन भयो । उक्त निर्वाचनमा युवा उमेदवार रतनकुमारश्रेष्ठ र पहिले प्रधान पञ्च भइसकेका चन्द्रकान्त भण्डारी प्रधान र पुनाराम भण्डारी र चुरामणि भण्डारी उपप्रधान पञ्चका प्रत्यासी भए । सो निर्वाचनमा युवा उमेदवार रतनकुमार श्रेष्ठ र पुनाराम भण्डारी निर्वाचित भए ।

२०४३ सालमा अर्को निर्वाचन भयो । त्यो बेला निकै छलफलपछि गोपालकुमार श्रेष्ठ प्रधान र परमानन्द भण्डारी उपप्रधान पदमा निर्विरोध निर्वाचित भए ।

## ८. २०४९ सालको निर्वाचन

२०४६ सालमा जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त गरी नेपालमा बहुदलीय व्यवस्थाको स्थापना भयो । २०४७ सालमा संविधान बन्यो । २०४९

साल जेठ महिनामा (२०४९ जेठ १५ र १८) स्थानीय निर्वाचन सम्पन्न भयो । त्यो बेला गाउँ पञ्चायतलाई गाउँ विकास समिति नामकरण गरिएको थियो ।

उक्त निर्वाचनमा वस्तु गा.वि.स.मा वामपन्थी गठबन्धन (नेकपा एमाले र राष्ट्रिय जनमोर्चा) एकातिर र अर्कोतिर नेपाली काँग्रेसका बीचमा प्रतिस्पर्धा भएको थियो । वडा नं. ५, ७, ८ र ९ बाहेक अन्य सबै ठाउँमा वामपन्थी प्यानल निर्वाचित भयो । उक्त निर्वाचनमा अध्यक्षका उमेदवार टोमलाल पाण्डेले ७८५ र शोभाखर भण्डारीले ६८५ मत प्राप्त गरेका थिए भने उपाध्यक्षमा बुद्धिबहादुर सुनारले ७७१ मत र भीमकान्त पन्थीले ६७६ मत प्राप्त गरेका थिए । वडा अध्यक्षहरूमा क्रमशः शोभाखर घर्ती (११९), परमानन्द भण्डारी (१३५), बाबुराम भण्डारी (१३५), हरिप्रसाद भण्डारी (११२), धनीश्वर पाण्डे (८६), उमे कामी (१११), भेषराज भण्डारी (१४०), ओमप्रसाद भण्डारी (१२५), शेषकान्त पाण्डेले (१०३) विजयी भएका थिए । (स्रोत : निर्वाचन आयोग)

## ९. २०५४ सालको निर्वाचन

२०५४ सालमा स्थानीय निकायको अर्को निर्वाचन भयो । त्यस निर्वाचनमा नेकपा (एमाले) को तर्फबाट कृष्णप्रसाद भण्डारी, राष्ट्रिय जनमोर्चाका तर्फबाट बाबुराम भण्डारी र नेपाली काँग्रेसका तर्फबाट प्रेम भण्डारी उठेका थिए । यसचोटि वामपन्थीहरू फुटेर उठेका र नेपाली काँग्रेसका उमेदवारहरू अलि बढी सजग भएका कारण केही वडा सदस्यबाहेक अन्यमा नेपाली काँग्रेसको प्यानल विजयी भयो ।

उक्त निर्वाचनमा अध्यक्षका उमेदवार प्रेमनारायण भण्डारीले ८१८, कृष्णप्रसाद भण्डारीले ७२३ र बाबुराम भण्डारीले ५९ मत प्राप्त गरेका थिए भने उपाध्यक्षमा युवराज पन्थी ७४६, बुद्धिबहादुर सुनार ६७६ र धनबहादुर सुनारले ६२ मत प्राप्त गरेका थिए । त्यसैगरी वडाअध्यक्षमा क्रमशः ढुण्डिराज भण्डारी (१५८), हुमे सुनार (१३२), शोभाखर भण्डारी (९२), शेषकान्त भण्डारी (६९), धनीश्वर पाण्डे (१६७), टीकाबहादुर सार्की (११४), रामचन्द्र भण्डारी (१३८), विष्णुप्रसाद भण्डारी (निर्विरोध) र झवीन्द्रबहादुर जाकूँ (९८) विजयी भएका थिए । यस निर्वाचनमा प्रत्येक वडाबाट एक जना महिलासहित चार जना वडा सदस्य निर्वाचित हुने प्रावधानसमेत थियो । (स्रोत : निर्वाचन आयोग)

वि.सं. २०५४ सालको निर्वाचनपछि वि.सं. २०६३ सालमा तत्कालीन राजा ज्ञानेन्द्रले केही नगरपालिकाहरूको निर्वाचन गराउने असफल प्रयास गरे पनि करिब २० वर्ष स्थानीय निकायको निर्वाचन भएन । यसले गर्दा देशमा अन्योलको स्थिति छायो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सबै गाउँ तथा नगरहरू जनप्रतिनिधिविहीन भए । कर्मचारीहरूले काम चलाउ कार्य गर्नुपर्‍यो ।

यो बीचमा माओवादीहरू शान्तिवार्तामा आए । राजतन्त्रको अन्त्य भयो । २०६४ सालमा पहिलो र २०७० सालमा दोस्रो संविधान सभाको निर्वाचन भयो । दोस्रो संविधान सभाले २०७३ सालमा नयाँ संविधान ल्यायो । सोही संविधानमा आधारित रहेर साविक गाउँ विकास समितिहरूलाई मिलान गरी गाउँ पालिकाको व्यवस्था गरियो । जसअनुसार साविक नयाँगाउँ, पिपलधारा, हाडहाडे, जैसीथोक, वस्तु, रजस्थल र वाग्ला गा.वि.स.लाई एकै ठाउँमा गाभी धुर्कोट गाउँपालिका बनाइयो । साविकमा सबै गाविसहरूमा ९ वडा रहने गरेकोमा हाल आएर धुर्कोट गाउँपालिकालाई ७ वडामा सीमित गरियो । जसअनुसार नयाँगाउँ वडा नं. १, पिपलधारा वडा नं. २, हाडहाडे वडा नं. ३, जैसीथोक वडा नं. ४, वस्तु वडा नं. ५, रजस्थल वडा नं. ६ र वाग्ला वडा नं. ७ बने ।

## १०. २०७४ सालको निर्वाचन

२०७४ साल असार १४ गते सम्पन्न भएको निर्वाचनमा धुर्कोट गाउँपालिकामा नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) संयुक्त रूपमा मिलेर निर्वाचन लडेका थिए भने नेकपा (एमाले) लगायतका अन्य पार्टीहरू एकल प्रयासमा चुनाव लडेका थिए । निर्वाचनपश्चात् गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) को संयुक्त प्यानल विजयी भयो भने अन्य पदहरूमा मिश्रित परिणाम आयो ।

उक्त निर्वाचनमा अध्यक्षका उमेदवार भूपाल पोखरेल (माओवादी केन्द्र)ले ५,११६ मत ल्याई विजयी भएका थिए भने अध्यक्षका अन्य उमेदवारहरू कृष्ण घिमिरेले ४,७५३, टंकबहादुर के.सी.ले ६५ र भुपाल खत्रीले १ मत प्राप्त गरेका थिए । त्यसैगरी उपाध्यक्षमा शिवबहादुर खत्री (ने.का.)ले ४,९१९ मत ल्याई विजयी भएका थिए भने उपाध्यक्षका अन्य उमेदवारहरू रिता काउछा थापाले ४,८४२, रिना घर्ती मगरले ९५ मत प्राप्त गरेका थिए । वडाअध्यक्षमा क्रमशः कमल थापा (ने.का.) ८१६, नवीन जि.सी. (ने.का.) ७१४, विष्णुबहादुर थापा श्रीस (एमाले) ९२५, मानबहादुर जोगी कुँवर (माके) ९२५, ढुण्डिराज भण्डारी (नेका) ७३०, कृष्णबहादुर सार्की (एमाले) ७१२, हिमप्रसाद पन्थी (एमाले) ९३० मत ल्याई विजयी भएका थिए । यस निर्वाचनमा पनि प्रत्येक वडामा एक जना महिला र एक जना दलितसहित चार जना सदस्य निर्वाचित हुने प्रावधान रहेको थियो । यो समिति हाल कार्यरत रहेको छ । (स्रोत–निर्वाचन आयोग)


यस प्रकार हेर्दा राणा शासन कालदेखि हालसम्म साविक धुर्कोट गाउँ पञ्चायत, साविक वस्तु गाविस र हाल कायम भएको धुर्कोट गाउँपालिकामा विभिन्न व्यक्तिहरू जनताका स्थानीय प्रतिनिधिका रूपमा निर्वाचित भई काम गरेको देखिन्छ ।

## सन्दर्भ-सामग्री



- नेपाल सरकार वैधानिक कानून २००४ ।
- नागरिक दैनिक, वर्ष ९, अंक २०, शनिबार ३० वैशाख, २०७४ ।
- नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग ।
- भण्डारी प्रमानन्द र हरिप्रसाद (२०७०),धनञ्जय भण्डारीहरूको वंशावली, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।
- देवकोटा, ग्रीष्मबहादुर (२०५८), नेपालको राजनीतिक दर्पण भाग १, तेस्रो संस्करण ।
- स्रोत व्यक्तिहरू– उत्तरकुमार श्रेष्ठ, उपेन्द्र पाण्डे, पूर्वशिक्षक युवराज भण्डारी (थुम), ढुण्डिराज भण्डारी (ब्यारेघर), भीमलाल भण्डारी (तल्लाखर्क), ढुण्डिराज पाण्डे जीवनारायण भण्डारी र तारा भण्डारी (ब्यारेघर), रूमाकान्त भण्डारी (ठाँटीमाथि) आदि ।


ooo

# हार्दिक श्रद्धाञ्जलि



**स्व. वैकुण्ठबहादुर चन्द**



**स्व. चिरञ्जीवी शर्मा**

किरण पुस्तकालयका संरक्षक सदस्य श्री वैकुण्ठबहादुर चन्दको मिति २०७७ मार्ग २ गते दुःखद् निधन भयो । यसैगरी पुस्तकालयका पूर्व सदस्य एवम् हाम्रो पुरुषार्थका पूर्व सम्पादक श्री चिरञ्जीवी शर्माको मिति २०७७ आश्विन २१ गते दुःखद् निधन भयो । पुस्तकालयको सञ्चालन र उन्नयनमा उहाँहरूको योगदानको स्मरण गर्दै उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

# किरण पुस्तकालय परिवार

**तम्घास, गुल्मी**

# पुष्पवती

✍ **उत्तरकुमार पारजुली**
**काठमाडौं**

(घरमा वृद्ध आमा, दम्पति र छोरीको परिवार । आमा कहिले ठूला छोरासित कहिले माहिला छोरासित कहिले कान्छा छोरासित बस्ने गर्नुहुन्छ । कान्छो छोरा तारापति अफिसको कर्मचारी छ । तारापतिकी श्रीमती तारा विद्यालयकी शिक्षक छिन् । आमा अहिले कान्छा छोरासित बस्न आउनुभएको छ । आमाले पुरानो चलनलाई छोड्नुहुँदैन भन्ने मान्यता राख्नुहुन्छ । यसै कारण कहिलेकाहीँ नातिनी बजैको ठाकठुक पर्छ । )

तारा : ल खाना तयार भयो । भान्सामा आउनुस् ।

तारापति : हुन्छ । (भान्सामा नियाल्दै) खै आमा आउनुभएन ?

तारा : आज आइतवार हो । डाडु पनियो छातछूत हुन्छ भनेर अघि नै दूध र आटो खाएर गइसक्नुभयो ।

तारापति : यो आइतवारका दिन आमासित खान नपाइने भयो । हामी पनि आइतवारी व्रत लिउँ न । हुन्न ?

तारा : हैन, यो उमेरमै केको तीर्थ व्रतका कुरा गर्न लाग्नुभयो ? स्वायो न प्वायो बोकेले खुदो खायो भने जस्तो ।

तारापति : तीर्थव्रत त उमेरैमा गर्नुपर्छ । के भनेको हो तिमीले ? फेरि यो आइतवारी व्रत, एकादशीको उपवास व्रत त साह्रै सजिलो पनि र स्वास्थ्यका लागि साह्रै उत्तम पनि !

तारा : हरेक कुरामा स्वास्थ्य ! स्वास्थ्य !! स्वास्थ्य !!! भन्दाभन्दै जीउ पानीलहरा जस्तो भैसक्यो । अरूले गामगुम लामलुम खान्छन् र डम्मको जीउ, फोरा जस्ता गाला गराएका छन् । हाम्रा भने सधै च्यूरीचुसे ।

तारापति : पानी लहरे, च्यूरीचुसे भए पनि खानाअघि यो गोली, खानापछि यो गोली भन्ने झमेला त छैन नि ।

तारा : (हाँस्दै) भगवान्का कान नपरोस् । त्यो त हो ।

तारापति : हैन यो आइतवारी व्रतले हप्तामा १ दिन नुन छोडाउँछ । यसले शरीरमा नुनको सन्तुलन ल्याउन सहज हुने रहेछ क्या । हेर न

हाम्री आमाको आजसम्म पनि रक्तचापको कुनै समस्या छैन । आज खान मीठो भएन भन्नुछैन ।

तारा : साँच्चै त्यही होला कि ?

तारापति : ए, यो खानेकुरा अलि कम गर त ।

तारा : हैन, के भएको छ हजुरलाई ? १५–२० दिन भयो, अनुहार पनि झुम्रुक्क देख्छु । खाना पनि रुचेको छैन । अस्पताल गएर जँचाउनुपर्ने भयो ।

तारापति : खै छोरीलाई बोलाइनौ ?

तारा : उसको अनलाइन क्लास छ रे क्या !

तारापति : दुई महिना जति भयो, साँझ पनि खानेबेलामा अनलाइन क्लास, बिहान पनि खाने बेलामा अनलाइन क्लास । के हो ?

तारा : खै के हो के हो ? यस्तै हैरान छ ।

(सन्दर्भ सकिएको धुन)

तारा : (फोन उठाउँदै) हजुर, भन्नुस् ।

तारापति : (फोनबाट) अँ, आज नानीलाई अस्पताल लिएर जाऊ त ।

तारा : हैन कसलाई के कुरा गर्दै हुनुहुन्छ ?

तारापति : तिमीलाई नै हो क्या । देदिव्यालाई अस्पताल लिएर जाऊ भनेको ।

तारा : उसलाई के भएको छ र अस्पताल लिएर जानुपर्ने ?

तारापति : तिमी आफू महिला भएर पनि कुरा बुझ्दिनौ । यही त छ समस्या !

तारा : कुरै नगरी के कुरा बुझ्ने र भन्या ?

तारापति : त्यहाँ नजिकै छोरी छ कि छैन ?

तारा : ऊ त खाना खाएर आफ्ना कोठामा गैसकी । म यहाँ अनलाइन कक्षा चलाउने तयारीमा छु ।

तारापति : उसको महिनावारी गडबड छ जस्तो छ क्या । दुई महिनादेखि ऊ पर सरेकी छैन जस्तो लागेको छ । यस्ता पनि छोरीकी आमा !

तारा : यही हो हजुरको १५/२० दिनदेखि निधारमा मुज्जा पार्नुको कारण ?

तारापति : अरू के त ? फेरि बुबाले यसो भन्यो उसो भन्यो भनेर छोरीसित पतराउली नि ! किशोर अवस्थाका छोराछोरीसित बोल्दा अलि अड्कलेर, मुखमा जाली लगाएर, अलि छानेर बोल्नुपर्छ ।

तारा : हैन रातदिन सँगै हुँदा पनि सम्मुख कुरा नगरेर आज अफिसमा गएर फोनबाट यस्ता कुरा गर्ने ! हे दैव हाम्रा बूढाको चाला ! अहिले फोन राख्नुस् । साँझ कुरा गरौँला ।

(धुन)

(साँझको भान्सा गर्ने तैयारी)

तारा : ए नानी, ए देदिव्या ।

देदिव्या : हजुर ।

तारा : लौ खान आऊ ।

देदिव्या : हजुरआमाले खानुभयो ?

तारा : अहँ । खानुभाछैन ।

देदिव्या : हजुरआमालाई खान दिनुस् न पहिले ।

तारा : हजुरआमाले आज सँगै खाने रे ।

देदिव्या : ए, म आइहालेँ आमा ।

तारा : बुबालाई पनि बोलाऊ है ।

देदिव्या : हस् ।

देदिव्या : बुबा, भान्सा तैयार भयो ।

तारा : नानी, हजुरआमालाई पनि बोलाऊ त ।

देदिव्या : ए, हजुरआमा त टुप्लुक्क आइहाल्नुभयो ।

हजुरआमा : मेरो त अगेनाका डिलमा नाल गाडेका हुन् रे । अरू बेला जता भए पनि खानेबेलामा त टुप्पुलुक्क ।

(हाँसो)

तारापति : लौ, पस्क न त ।

तारा : पस्कँदा सेलाउला भन्ने डर ।

तारापति : सबै आइपुग्यौँ त ।

तारा : ल ठीक छ ।

(प्रसङ्ग बदल्दै)

तारा : दिनरात घरमा भेट भइरहनेले अफिसमा गएर फोन गर्दै छोरीलाई अस्पताल लिएर जा भन्ने, के हो यो हजुरको तरिका ?

तारापति : हैन, महिला भएर केटीको स्वास्थ्यको ख्याल गर्नुछैन । अझ उसैको डाँको ठूलो ! ऊ छोरी मलिनी भएकी छे । त्यति पनि विचार गर्ने बुद्धि छैन ?

देदिव्या : (सुँख्खसुँख्ख गर्दै) बुबा मलाई केही भएको छैन किन जाने हो र अस्पताल ?

तारा : छोरी परसरेको जस्तो लागेन रे तेरा बुबालाई ।

हजुरआमा : ए, यो कान्छो पनि । अचालका केटीले के परसरैँ भन्छन् र ? वहाँ ठूलाकी छोरी एलिसाले पूजाकोठा, ओभ्रीकोठा, भान्सा सबै सम्मगम्म पारेर हैरान पार्थी र म कराउँथेँ । यो त बरू अलि अलक्कटपक्क गर्ने रहिछे ।

तारापति : अनि नानी किन रोई त ?

देदिव्या : बुबा म रोएकी त हजुरका कारणले हो ।

तारापति : मैले के गरेँ र छोरी रुनुपर्ने काम ?

देदिव्या : बुबा, हजुरले केही नगरेर धेरै गर्नुभयो । केही नभनेर धेरै भन्नुभयो ।

तारा : के साहित्ते हुन् यी बाउछोरीका ?

देदिव्या : (सुँक्कसुँक्क रूँदै) बुबाहरू छोरीका लागि यति धेरै पीर गर्छन्, यति धेरै तड्पिन्छन् भन्ने मैले कल्पनासम्म पनि गरेकी थिइनँ । मैले त बुबाहरू रूखा हुन्छन्, डाङ्डुङ, हाटहुट गर्छन् भन्ने मेरो भित्री बुझाइ थियो बुबा ।

तारापति : किन यो २/२ महिनासम्म तरकतरक गर्दै परपर गरेकी त ?

हजुरआमा : मैले एलिसालाई कराउँदा यो पनि उहीँ थिई । म यहाँ आएको आज ठीक दुई महिना दुई दिन भयो । यो बूढी यहाँ पनि कराउँछे भनेर तरकतरक गर्दै परपर तर्केकी होली नि !

देदिव्या : (मुसुक्क हाँस्दै) मेरी हजुरआमाले ठ्याक्कै मैले बोल्ने कुरा बोल्नुभयो ।

तारापति : (गहगह आँसु गरेर) कुरा त गरे पो जानिन्छ ।

तारा : यो कुरा थाहा रैछ त ! अनि यो १५/२० दिन अनावश्यक पीरले आफ्नो जिउ आफै किन सुकाउनुभयो नि ?

तारापति : मैले स्वास्थ्यसम्बन्धी केही कुरा गरेँ भने सबै जना "स्वास्थ्य ! स्वास्थ्य !! स्वास्थ्य !!!" भन्दै मुखमुखै लाग्छौ । त्यसैले आफूले कुरो निकालेर भाँड मच्याउनुभन्दा तिमीले नै निकालौली नि भन्दै बाटो हेर्दाहेर्दा यत्तिका दिन बिते । किन चाउरिइस् मरिच आफ्नै पीरले ।

देदिव्या : (हाँस्दै) किन चाउरिइस् मरिच आफ्नै पीरले होला क्यारे बुबा ?

तारापति : (हाँस्दै) हो हुन त तर यहाँ भने पीरले नै मिल्यो त !

हजुरआमा : यो त सानैदेखिको यस्तै हो । ६/७ वर्षको उमेरमा यसका काछमा खटिरो आएको रहेछ ।

देदिव्या : हजुर ।

हजुरआमा : अहँ, अहँ गर्ने हिँड्दा पनि सुस्तरी हिँड्ने । तर के भयो भन्दा भन्दै नभन्ने ।

देदिव्या : (हाँस्दै) अनि हजुरआमा ?

हजुरआमा : अनि हामी दुई जना मिलेर सबै कपडा खोलेर हेर्दा त काछमा ठूलै खटिरो ।

देदिव्या : अनि हजुरआमा ?

हजुरआमा : अनि औषधि गरियो । निको भयो ।

देदिव्या : बुबा को रहेछ कुरा च्यापेको च्यापै गर्ने ?

तारापति : (हाँस्दै) मै रहेछु । सबै जनाले ऐरा हालेपछि म एक्लोको के लाग्छ र ?

तारा : अहिले त चेहरा पनि उज्यालो भयो हेर् न नानी बुबाको ।

देदिव्या : हो त ।

हजुरआमा : चेहरा त हृदयको ऐना हो बाबै । हृदयमा खुसीका घाम लागेपछि अनुहार उसै उज्यालो भैहाल्ने भो नि ।

देदिव्या : यो पर सर्ने भन्ने कुरा केटीहरूको स्वास्थ्यको नियमित कुरा हो भन्ने जाने बुझेर पनि किन होला नछोइने, बार्ने भनेर आगैछूत, पानीछूत गर्ने गरेका होलान् ?

हजुरआमा : हेर बाबै, पहिलापहिला अहिले जस्तो स्यानिटरी प्याड पाइन्नथे । पर सरेको बेलामा रगत लुकाउन निकै गाह्रो हुन्थ्यो । त्यस्तो बेलामा कहीँ गएर बस्दा भुइँमा रगतका टाटा बस्थे । उठेर हिँड्दा लाजको मर्नु हुन्थ्यो ।

देदिव्या : हजुरआमा, अलि अँस्तिनै म ठूलाबुबाकहाँ गएका बेला एलिसा दिदीसित पर सरेका बेलामा छातछूत गरी भनेर कति करकर गर्नुभएको थियो । तर आज... ।

हजुरआमा : त्यो अँस्ति थियो । यो आज हो ।

देदिव्या : यस्तो फरक ?

हजुरआमा : हो त । हामी पुराना जमानाकाले उति धेरै पढ्न, उति धेरै कुरा बुझ्न पाएनौँ । अरूले जे भन्छन् त्यसैको हा हा मा लागियो ।

देदिव्या : हैन मेरी हजुरआमालाई कसले यति धेरै धोइपखाली गरेछ हँ ?

हजुरआमा : (हाँस्दै) हेर न, खिसी गरेकी ।

देदिव्या : खिसी गरेकी हैन हजुरआमा खुसी गरेकी भन्नुस् न ।

हजुरआमा : खिसीमा पनि हाँस्ने, खुसीमा पनि हाँस्ने । कसरी छुट्याउनु र खै ?

देदिव्या : अँ साँच्चै हजुरआमा हजुरलाई कसले पढायो यति धेरै ?

हजुरआमा : म यहाँ आउनुभन्दा एक हप्ताअघि त्यै हाम्रो स्वास्थ्य चौकीकी डाक्टर नानी माया लिम्बू हाम्रा घर आएकी थिइन् ।

देदिव्या : हजुर ।

हजुरआमा : कुरै कुरामा यही पर सर्ने, छूत बार्ने भन्ने कुरा निस्के ।

देदिव्या : हजुर हजुरआमा ।

हजुरआमा : ती लिम्बू नानी त जतातत‌ैका कुरा जान्ने, शास्त्र खारेकी रहिछन् । मलाई त निफन्नु निफनिन् ।

तारापति : मेरी आमालाई निफन्ने डाक्टर त तगडै रहिछन् । केके भनिछन् ? सुनौँ न हामी पनि ।

हजुरआमा : पहिले त उनले "तपाईंले विनाफुलको बच्चा" भन्ने सुन्नुभएको छ छैन ? भनिन् ।

तारा : हजुर ।

हजुरआमा : अनि मैले "किन नसुन्नु नि ?" त्यस्ता बच्चालाई चट्याङको ठूलो डर हुन्छ भन्ने चलन छ नि नानी भनेँ ।

देदिव्या : अनि हजुरआमा ?

हजुरआमा : त्यो विनाफुलको भनेको के हो ? भनिन् ।

देदिव्या : अनि हजुरले के भन्नुभयो ?

हजुरआमा : पर सरेको थाहा नभै गर्भमा बच्चा बस्यो भने त्यस्ता बच्चालाई विनाफुलको बच्चा भन्छन् भनेँ ।

देदिव्या : अनि डाक्टर अन्टीले के भन्नुभयो नि हजुरआमा ?

हजुरआमा : बोटबिरूवा फूल फुलेन भनी पीर गर्ने । अनि आफ्ना छोरी, बुहारी, नातिनी फुल फुल्दा छिःछिः र दुरदुर गर्ने ? यो पनि कहीँ सुहाउने कुरा हो ? हाम्रो कतिपय समाजमा छोरी पहिलो पटक पर सर्दा ठूलो उत्सव गर्ने चलन पनि छ ।

देदिव्या : अनि हजुले के भन्नुभयो नि ?

हजुरआमा : मेरो त मुखभरि जिब्रो भयो । वक्के नै फुटेन । अँ अँ भनी मन्टो हल्लाइरहेँ । अझ यत्ति मात्रै हो र ?

देदिव्या : अरू के के भन्नुभयो ?

हजुरआमा : अनि ती लिम्बू नानीले भनिन्– छोरीतिरको सन्तान देखेपछि गति परिन्छ भन्ने छ कि छैन ? अनि मैले हो त्यो छ भनेँ । अनि ती डाक्टर नानीले भनिन्– त्यसो हो भने त उनीहरू रजस्वला हुँदा

मेरो गति पर्ने बाटो खुल्यो भनेर खुसी हुनुपर्ने होइन र ? माछा मीठा काँढा तीता गरेर हुन्छ ? म त केही बोल्नै सकिनँ ।

देदिव्या : आहो, डाक्टर अन्टी त धेरै तगडा हुनुहुँदो रहेछ ।

हजुरआमा : के कुरा गर्ने र, सप्ताह कहने पण्डितले त्यति शास्त्र के पढेका होलान्, उति पढेकी !

देदिव्या : अरू पनि केही भन्नुभएको थियो र डाक्टर अन्टीले हजुरआमा ?

हजुरआमा : अँ अँ के जति । के रे कान्छा, त्यो अरण्य काण्डको किताप ?

तारापति : रामायणको किताब भन्नुभएको हो र आमाले ?

हजुरआमा : होइन क्या । नामै कति अप्ठ्यारो छ । तेरा बुबाले पढेर अर्थ गर्नुहुन्थ्यो ए ।

तारापति : ए ए, बृहदारण्यकोपनिषद् भन्नुभएको हो ?

हजुरआमा : हो त्यै भनेकी । त्यसको प्रसङ्ग पनि ल्याइन् ती डाक्टर नानीले ।

देदिव्या : अँ, के भन्नुभयो हजुरआमा ?

हजुरआमा : त्यो कितापको अन्तिमतिर छ रे केटीमान्छे पर सर्दा कस्तो कुरा खाने, कसरी आराम गर्ने भन्ने कुरा ।

देदिव्या : ती डाक्टर अन्टीलाई धेरैधेरै धन्यवाद ।

हजुरआमा : भन्न त हाम्रा बूढाले पनि यस्तै कुरा भन्नुहुन्थ्यो । त्यो बेलामा एउटा कानले सुन्ने अर्को कानले उडाउने गरियो । अहिले त्यै कुरा अरू कसैले भन्दा पत्याउन मन लाग्छ । उल्टो बुद्धि !

तारापति : गाउँको सिद्ध भातमारा, टाढाको जोगी सिद्ध भनेको यही हो नि आमा ।

हजुरआमा : हो बाबु हो । पोहोर मरिन् सासू अहिले आए आँसु । यो मर्ने बेलामा बुद्धि पसेर के काम ?

देदिव्या : पाका मान्छेमा बुद्धि पसेको त झन् राम्रो हो नि हजुरआमा । पाका मान्छेका कुरा सबैले पत्याउँछन् । हाम्रा कुरा त "यी छत्यौरेका कुरा" भनेर पत्याउँदैनन् ।

हजुरआमा : मलाई पनि त यो थोते बूढीका कुरा भन्लान् क्यारे ।

देदिव्या : डाक्टर अन्टीले जस्तै प्रमाण पुऱ्याएर बोल्नुपऱ्यो नि ! हजुरले कसरी पत्याउनुभयो ।

हजुरआमा : अँ त्यो त हो ।

(सन्दर्भ सकिएको धुन)

देदिव्या : बुबा, के सम्झेर हजुर मुसुमुसु हाँस्नुभएको छ नि ?

तारापति : हामी सानो छँदा आमा पर सर्दा निकै खुसी हुन्थ्यौँ ।

देदिव्या : किन नि बुबा ?

तारापति : त्यो बेला हाम्रोमा मजाले दूध दिने ठूटे भैँसी थियो । त्यसले आमालाई बाहेक कसैलाई पनि दुहुन दिन्नथ्यो ।

देदिव्या : अनि ?

तारापति : अनि आमाले पर सरेको बेला दुहेको दूध भित्र लैजाने कुरा हुन्नथ्यो । हामी बाहिरै गोठको चुह्लो रस्याङमा कहिले खीर खान्थ्यौँ । कहिले कुराउनी बनाएर खान्थ्यौँ । क्या मज्जा हुन्थ्यो ।

देदिव्या : यसको मतलब हजुर पनि बार्नुपर्छ भन्नेमा हुनुहुन्छ घुमाईफिराई ?

बुबा : हो । तर बुझेर ।

देदिव्या : कस्तो हो बुझ्नुपर्ने ?

तारापति : बुझेर भनेको किन बार्ने चलन चलाइएको होला ? भन्ने बारेको खास कुरा बुझेर भनेको नि ।

देदिव्या : के हो त खास कुरा ?

तारापति : धेरै कुरा त डाक्टर मायाका कुराबाट आमाले भनिसक्नुभयो । अब छोटकरीका कुरा गर्दा पर सरेको बेलामा अरू बेलामा जस्तो शरीर सजिलो हुँदैन । त्यसैले आराम गर्नुपर्छ भनेको हो ।

देदिव्या : अनि यो ऋषिपञ्चमीको कथा किन त्यस्तो बनाएको त ? त्यस्तै अन्धविश्वासले त बिगारेको छ नि । हाम्रो देशका छाउपडी प्रथाको जरो त्यस्तै कथामा गएर जोडिएको छ ।

तारापति : ए, पर सरेको नबारेर श्रीमती कुकुर्नी भएको र त्यसले छोएको खाना खाने श्रीमान् गोरु भएको भन्ने कथा होइन ?

देदिव्या : हो त्यै कुरा गरेकी ।

तारापति : त्यो कथा एकदम ठीक छ ।

देदिव्या : कसरी ?

तारापति : पर सरेपछि भान्साखण्डमा राम्रो सरसफाइ हुन सक्दैन भनेर श्रीमान्लाई भन्नुपर्थ्यो । त्यसो नभनेर फोहरको वास्ता नगर्ने श्रीमती कुकुर्नी भएको ठीकै भयो । अनि श्रीमती पर सरेका बेला आफूले पकानपुकुनमा सहयोग गर्नुपर्थ्यो । त्यो नगरेर श्रीमान् मूर्ख गोरु भयो ।

देदिव्या : ए ए ।

तारापति : यी कुरा कति उच्च आदर्शका र प्रतीकात्मक छन् । बार्नु भनेको भित्रै पस्न नहुने गरी आगैछूत पानीछूत गर्ने भनेको त होइन नि ।

देदिव्या : समाजमा अन्धविश्वास जन्मने कारण यस्तैयस्तै एकातिरको भनाइ अर्कोतिरको बुझाइ हुनाले पो हुने रहेछ ।

तारापति : हो त । यस्तो कुरालाई म त बौद्धिक पखाला भन्छु । कुनै पनि कुरा राम्ररी नचपाईकन वास्तविक कुराको स्वाद नलिईकन निलेपछि पच्दैन र पखाला लाग्छ । हाम्रा कैयौँ राम्रा परम्पराहरू यस्तै बौद्धिक पखालाका कारण अन्धविश्वासमा रूपान्तरण भएका छन् ।

तारा : अनि त्यो पहिलो पटक पन्छिदा १० दिनसम्म अँध्यारा कोठामा थुन्ने पनि ठीक हो त ?

तारापति : हो । त्यो पनि ठीक हो ।

तारा : हजुरलाई त पुराना कुरा जे पनि ठीक लाग्छन्, हुँ (मुख फाल्दै) ।

देदिव्या : आमाले फेरि कुरो नसुन्दै मुख फाल्नुहुन्छ । सुरूमै नकारात्मक सोच बोकेर टक्टकिनु राम्रो होइन क्या आमा । भनिन्छ नि वक्री नौ ग्रहभन्दा पूर्वाग्रह ज्याद्रो हुन्छ अरे ।

तारापति : हो, मैले भन्ने पनि त्यै हो ।

तारा : कुन सुठाको पात कुन हलेदाको पात । बाउछोरीका कुरा कति टपक्कै मिलेका नि !

देदिव्या : मिल्छन् नि । अँ बुबा भन्नुस् त त्यो अँध्यारा कोठामा बस्नु, बस्न लाउनुको अर्थ के हो ?

तारापति : पहिलो कुरा त पहिलो पटक पन्छिदा अलि धेरै दिनसम्म रगत बग्छ । अनि धेरै दिनसम्म आराम गर्नुपर्छ ।

देदिव्या : यो एउटा कुरा भयो । अनि ?

तारापति : अर्को महत्त्वपूर्ण कुरा त अँध्यारोमा एक्लै राखेर पाकी महिलाले ती नव किशोरीहरूलाई यौन शिक्षा दिने हो ।

तारा : हामीलाई त कसैले केही पनि भनेनन् ए ।

तारापति : हो यसै भएर त अन्धपरम्परा जस्तो भयो नि । यौन शिक्षालाई हाम्रो समाजले लाज सरमको विषय मान्ने भएकाले उज्यालोमा मुखमा हेरेर भन्दा भन्ने सुन्ने दुवैलाई असजिलो हुन्छ । अब पुरुषसितको हिमचिममा विशेष ख्याल राख्नुपर्छ भन्ने सङ्केत हो पुरुषको मुख नदेख्ने भनेको ।

देदिव्या : कुरो ठीकै त रहेछ । तर १० दिन त निकै लामो भयो ।

तारापति : हो, एक्लै धुम्धुम्ती बस्नुपर्दा त निकै लामो हो । तर पाका महिला भेट्न आउने, अनेकअनेक रमाइला कुरा गर्ने गरेर दिन बिताउँदा केही अप्ठ्यारो हुने हुँदैनथ्यो । अहिले त त्यसरी बस्नै छाडिसके ।

तारा : कुरो मिलाउन त कति जानेको हो !

देदिव्या : यस्ता कुरा अलि सकारात्मक भएर सुन्ने, आफूले पनि अलि चिन्तनमनन गर्ने गर्नुपर्छ क्या आमा । कुनै पनि चलनको सुरूवात राम्रै सोचले भएको हुन्छ । त्यसको वास्तविकता नबुझीनबुझी श्राद्धमा बिरालो बाँध्ने जस्तो गर्दा पछिपछि त्यो अमिल्दो बन्न पुग्छ ।

तारापति : हो, छोरीले ठीक भन्यौ । अहिले त विद्यालयमा पनि यौन शिक्षा दिइन्छ ।

देदिव्या : आमाले विद्यालयमा यस्ता पुराना कुराका सन्दर्भहरू विश्लेषण गर्ने हो भने केटीहरू कति खुसी हुँदाहुन् ।

तारा : हो नानी, मलाई पनि यही कुरा भनूँभनूँ लागेको थियो ।

तारापति : विद्यालयमा विशेष गरी गुरुमाले यस्ता पर सर्ने जस्ता कुरामा के गर्ने के नगर्ने भन्ने कुरा बुझाउने हो भने पुराना जमाना जस्तै अँध्यारामा किन बस्नुपर्‍यो र ?

हजुरआमा : ए बरै, कस्ता जमाना आए ? बाआमासित यसरी साथीसाथी जस्तै कुरा गर्ने । अचालका केटीहरू त कति भाग्यका हुन् कति !

देदिव्या : के भाग्यका भन्नुहुन्छ हजुरआमा ? छाउपडीमा मर्ने केटी अझै पनि कति छन् ? बलात्कारमा मारिने केटीहरू उत्ति छन् । जन्मन नपाउँदै मारिने केटीहरू त कति छन् कति छन् !

तारापति : हो नानी, अहिले नैतिक शिक्षाको ठूलो खडेरी परेको छ । जब नैतिक ज्ञानको अभाव हुन्छ तब पढेको मान्छे जस्तो ठूलो राक्षस अर्को कुनै हुन्न । "साक्षरा विपरीताश्च राक्षसा इति निश्चितम्" उसै भनेको हो र ?

हजुरआमा : हो त नि कान्छाले साँच्चै ठीक कुरा गर्‍यो । ठूलाठूला भ्रष्टाचार, अपराध अनपढले गर्छन् र ? अझ अचाल त पढालेखा श्रीमान् श्रीमतीमा छोडपत्र दिनेको लहरै चलेको छ ।

देदिव्या : ओहो, हजुरआमाले कति गाँठी कुरा गर्नुभयो ।

हजुरआमा : माया डाक्टरका कुरा गरेपछि त हजुरआमाको असाध्यै माया लाग्यो कि क्या हो नानी ?

देदिव्या : मेरी हजुरआमाको सधै माया लाग्छ । मेरी हजुरआमा जस्ता हजुरआमा जहाँतहीँ हुने हो भने पुष्पवतीले, सुत्केरीले छाउपडीमा ज्यान गुमाउनुपर्ने थिएन ।

तारा/तारापति : हो नानीले ठीक कुरा गर्‍यौ ।

तारापति : खाना सेलायो क्यारे । खाना खाऊँ ।

तारा : कति बेरका थनथन हुने हुन् भनेर दाल झानेकी नै छैन । लौ मिचीमिची साबुनपानीले हात धोएर ठीक पर्नुस् । मैले भान्सा तयार पारेँ ।

देदिव्या : मेरी आमाको कोरोनाको विज्ञापनसित आज त बुबा, हजुरआमाका लहलहैमा आमाले मलाई पनि तपाईं भन्नुभयो ।

तारापति : **योग्यस्थानविषे मान सानाले पनि पाउँछ । कृष्णाको तटको ढुङ्गो देवता कहलाउँछ ॥**

देदिव्या : कसरी मिल्दो कुरा ल्याइहाल्नुहुन्छ बुबाले !

ooo

# जीवन बुझ्नुको अर्थ

✍ **पद्मप्रसाद शर्मा**
**घोराही, दाङ**

जीवन के हो ? कसरी प्राप्त हुन्छ ? र कसरी व्यतीत गुर्नपर्छ ? यस्ता प्रश्न हरेकका जीवनमा काम लाग्ने कुराहरू हुन् । हरेक मनुष्यको जीवन प्राप्त हुने तरिका एउटै हो । स्त्री पुरुषको संसर्गबाट गर्भ रहन्छ । अनि त्यो भ्रूणबाट बच्चाको रूप लिएर मानव जन्मन्छ । हरेक मनुष्य जन्म हुने यही प्रक्रिया हो । यसरी मानव जन्म हुने प्रक्रिया प्रकृतिको देन हो । यो प्रकृतिको बलियो प्रमाण हो । प्रकृतिको नियमभन्दा बाहिर गएर मानव जन्म हुनसक्दैन । एउटै प्रक्रियाबाट जन्म भएको मानिस कोही महान् हुन्छ त कोही समाजको बोझ नै बन्छ । समाजको बोझ त्यस्तोलाई मानिन्छ जसले समाज उपयोगी कर्म गर्न सक्दैन । समाजमा वैमनश्यता फैलाउनेहरू सबै समाजका बोझ हुन् । मानिसको आकारमा जन्मिएर मात्र हुँदैन । खास मानव बन्नका लागि मानव धर्म निर्वाह गर्न सक्नुपर्दछ । मानव धर्म अर्थात् मानवता नभएकाहरू समाजका बोझ हुन् र राज्यका पनि बोझ हुन् । समाजमा जसको खोजी हुँदैन । जसबाट कुनै शिक्षा दीक्षा वा ज्ञान प्राप्त हुन सक्दैन र सामान्य साथसहयोग पनि मिल्दैन त्यस्तो मानिस समाजको बोझ हो ।

हामीले आफूले गरेको कर्मले समाजलाई कति नाफा वा घाटा के भएको छ ? एक पटक आफै मूल्यांकन गर्ने हो भने यसको सहजै उत्तर पाउन सकिन्छ । पहिले समाजमा आफ्नो लगानी के हो र कति हो भन्ने बारेमा अरूलाई सोध्नु भन्दा पहिले आफूले नै त्यसको मूल्यांकन गर्नुपर्दछ । आफूले गरेको आत्ममूल्यांकन सबैभन्दा बलियो प्रमाण हो । आफूभन्दा ठूलो प्रमाण अरू कुनै हुनै सक्दैन । मानिलिनुस् तपाईंले जानाजान वा भूलवश कुनै कमजोरी गर्नु भएको छ, त्यसबाट तपाईंलाई र सामजलाई नोक्सान हुने संभावना छ, त्यो कमजोरी गरेको पहिलो साक्षी तपाईं आफै हो । प्रमाण फेला पार्ने क्रममा अरू कसैले केही भेटाउला तर त्योभन्दा पहिले तपाईं आफ्नो साक्षी आफै हो । त्यही कमजोरी तपाईंले मुखले होइन भनिरहनु भएको छ तर तपाईंको आत्माले के भनिरहेको हुन्छ ? तपाईंको आत्माले कमजोरी गरेको होइन त भन्दैन । त्यसकारण तपाईंको साक्षी तपाईं आफै हो । यसैले आफ्नो पहिलो साक्षी आफै हो भनिएको हो ।

जीवन कसरी प्राप्त हुन्छ भन्ने कुराको चर्चा गर्दा यो प्रकृतिको देन हो भन्ने कुरा गरियो । मानव जीनव सहजै प्राप्त भने हुँदैन । यसको सबुत प्रमाण भनेको कतिपय दम्पति अरूले जस्तै शारीरिक सम्पर्क गर्दछन् । तर उनीहरूका बाल बच्चा नभएको अवस्था पनि रहन्छ । यसरी चाहना गरेरमात्र सन्तान उत्पादन हुँदैन यो एउटा प्रमाण हो । कति दम्पतिहरू सन्तानका लागि कति मरिहत्ते

गर्छन् तर सन्तान नभएका उदाहरण धेरै देखेका छौं । यसरी हेर्दा माननजीवन मानवले चाहेर मात्र हुने रहेनछ । यो प्राप्त हुनका लागि प्रकृतिको आवश्यकता पर्दछ भन्ने कुरा पक्का रहेछ ॥ यसरी प्राप्त भएको जीवन कसरी व्यतीत गर्ने भन्ने बारेमा आफै जान्न आवश्यक छ । मानवजीवन व्यतीत गर्ने माध्यम भनेको समाज उपयोगी वा मानव उपयोगी कर्म हो भनेर जान्नुपर्दछ । एउटा मानव अर्को मानवको खूनपसिना वा मांस आहारमा तत्पर रहन्छ भने त्यो मानवधर्मभित्र पर्दैन । मांसआहारभन्दा आश्चर्य लाग्न सक्छ । यो दुई किसिमबाट जान्न सकिन्छ । पहिले मानवले मानवको हत्या वा हिंसा गर्नु दोस्रो भनेको मानवलाई शोषण गरेर उसको शरीरको मांस घटाउन उद्यत रहनु नै हो । एउटा मानवले अर्को मानवलाई हत्या गर्छ, हिंसा गर्छ वा उसलाई अनावश्यक किसिमले दुःख दिएर उसको शरीरको मांस घटाउने कार्यमा लाग्छ भने त्यही नै मानवको मांस आहार गरेको बलियो प्रमाण हो ।

कसैप्रति अनावश्यक कुराहरू बोल्नु/लेख्नु अनि अनावश्यक भोजन गर्नु र अनावश्यक कार्य गर्नु पनि मानवधर्मविरोधी कार्य हो । मानव जीवनलाई सम्मान गर्न नजान्ने पाखण्डीहरू सबै मानवको मांस आहार गर्ने प्राणीभित्र पर्दछन् । त्यस्ता व्यक्तिहरू बाहिरबाट हेर्दा साकाहारी भएको स्वाँग रच्न सक्छन् । उनीहरू खसीको मांस मन नपराउँलान् तर विभिन्न कोणबाट मानिसलाई लुछिराखेका हुन्छन् । मानवजीवनलाई लुछ्न उद्यत रहने तर खसीको मांसमा आफ्नो रुचि नभएको कुरा गर्नेहरू पनि समाजका बलिया धोखेबाज हुन् । जो कोही पनि सामुन्नेमा भेटिदा उसको भलो गरेजस्तो कुरा गर्ने तर पछाडिबाट उसलाई धारेहात लगाउनेहरूको संख्या पनि कम हुँदैन । यस्ता मानिसहरू पनि समाजका कलंक नै हुन् ।

मानवजीवन चौरासी योनि पार गरेपछि मात्र पाइन्छ भनिन्छ । यो भन्नेहरूले जान्ने कुरा हो । अहिलेसम्म एकपटक मानव योनिमा जन्म लिएपछि त्यो पुनः जन्महुन्छ भनिन्छ र पूर्व जन्मअनुसार हरेक कार्यकलाप हुन्छ भनिन्छ । यो अहिलेसम्म कसैले भोगेको पनि छैन र भोगेको देखेको पनि छैन । यो कुरा कहावतमा आएको हो या कतै-कतै केही धार्मिक ग्रन्थहरूमा उल्लेख भएको समेत पाइन्छ । यसलाई पूर्वजन्म र पुनर्जन्मको डर देखाएर मानवलाई सही मार्गमा लगाउनका लागि हो जस्तो लाग्छ । मानव जन्मलाई विभिन्न कोणबाट देखाएर खराब आचरणबाट बचाउनका लागि यस्ता कुराहरू अगाडि आएका हुन् भन्ने लाग्दछ । कहाँको मानवले आफ्नो पूर्वजन्म थाहा पाएको छ ? यसको प्रमाण कतै छैन । साथै पुनर्जन्म हुने कुरा पनि यस्तै हो । कसैलाई भविष्यवाणी भएको छैन । यो त अनुमानको भरमा वा मानवलाई विभिन्न प्रलोभन देखाएर ठीक मार्गमा ल्याउन सकिन्छ भनेर पनि यस्ता कुराहरू हाम्रा ग्रन्थहरूमा लेखिएको हुनसक्छ । पूर्व जन्ममा गरियो र पुनर्जीवनमा गर्नेछ भनेर केही हुँदैन । केही सत्कर्म गर्नु छ भने यही जीवनमा गर्नुपर्दछ । पूर्वजन्म र पुनर्जन्म त मानवलाई

सही ढंगले परिचालन हुनका लागि भनिएका कुराहरू हुन् । वास्तवमा मानवजीवन एक पटक प्राप्त हुन्छ । जे जति सत्कर्म गर्नु छ यही जीवनमा गर्नु पर्दछ । पुनर्जन्मको लागि गर्छु भन्नु पनि भूल हो । यो जीवनमा केही गर्न नसक्नेले पुनर्जीवनमा के लछारपाटो लगाउन सक्ला ? जे-जे सत्कर्म गर्नु छ यसै जीवनमा गर्नुपर्दछ । यो मूलमन्त्र हो ।

जीवनलाई जीवन जस्तो बनाउनका लागि थोरै कुरा जाने मात्र हुन्छ । जस्तो आफूलाई तातोले पनि सताउँछ अनि त्यस्तै चीसोले पनि सताउँछ भन्ने थाहा छ । यसैगरी अपशब्दले आफूलाई जसरी अपमान गरेको जस्तो लाग्दछ । अरूलाई पनि आफूले अपशब्द प्रयोग गर्नाले मलाई जस्तो नमज्जा हुनेछ भन्ने कुरा बुझ्नु पर्दछ । आफूलाई कसैले अनर्गल कुरा गरेमा कति चित्त दुख्छ ? त्यस्तै आफूले पनि अरूप्रति अनर्गल कुरा गर्दा चित्त दुख्छ भनेर जान्ने हो भने एउटा मानव धर्म बुझेको ठहर्नेछ । हामी धर्मका नाममा देवता खुशी पार्न तत्पर हुन्छौं तर एउटा मानवले अर्को मानवमा गरेको दुर्व्यवहार खराब हो भन्ने कुरा किन बुझ्न सक्दैनौ ? यहीं कुरा बुझ्न नसक्दा हाम्रो समाजमा द्वन्द्व सिर्जना हुनेगर्दछ । जब यस्तो व्यवहार देखापर्छ त्यसपछि समन्वयको कुरा मानिसले चटक्कै बिर्सन्छ । अनि तँभन्दा म के कम भन्ने धारणा उत्पन्न हुन्छ । यो पनि एक प्रकारको तमासा हो । तमासाले मानिसभित्रको सकारात्मक कुरा सबै बन्द गरिदिन्छ । जब मानिसभित्रको सकारात्मक ढोका बन्द हुन्छ त्यसपछि के होला ? आफै अनुमान गर्न सकिन्छ । मानिस-मानिसबीचको प्रतिस्पर्धा उन्नतिका लागि र प्रगतिका लागि हुनुपर्दछ । यस्ता प्रतिस्पर्धाहरू मानवजीवन उकास्ने कुरा सिकाउने खालको हुनुपर्दछ । एक मानवले अर्को मानवको अपमान गर्ने कामकुरा वा व्यवहारले समाजमा समन्वय कामय हुन सक्दैन ।

हरेक मानवले जीवन कसरी प्राप्त हुन्छ ? यसरी प्राप्त जीवनलाई के काममा लगाउने ? जीवनको सार्थकता के हो भन्ने बारेमा हरेक दिन चिन्तन मनन गर्नु पर्दछ । साथै आफूले गरेको कार्यले मानवजीवनमा क्षति हुन्छ कि हुँदैन? यसबारेमा राम्रो विश्लेषण गर्नुपर्दछ । जीवन व्यतीत गर्ने विविध तरिकाहरू हुन्छन् र छन् पनि । त्यसमध्येमा आफूलाई कहाँ कसरी प्रस्तुत गर्ने भन्ने कुरामा भर पर्दछ । यही प्रस्तुत गर्ने तरिका नै जीवनको बुझाइ हो । जब जीवन बुझ्नतिर लागिदैन तब मानवधर्मको बारेमा जानकारी नै हुँदैन । मानवधर्मको बारेमा जानकारी नहुनेहरूबाट जीवन जान्ने र बुझ्ने अवसर नै प्राप्त हुँदैन । न उनीहरू आफूले जीवन जान्न र बुझ्न सक्छन् न त अरूको जीवनको बारेमा जान्न र बुझ्न सक्छन् न त मानवताको व्यवहार जान्न सक्छन् । यसकारण गम्भीररूपमा जीवन के हो ? कसका पक्षमा लगाउने ? भन्नेबारेमा राम्ररी बुझ्नुपर्दछ ।

ooo

# विद्यालयहरूलाई अनुरोध


- कोभिड १९, कोरोनाको सङ्क्रमणबाट बच्दै विद्यालय सञ्चालन गरौं ।
- विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गरौं ।
- मास्कको प्रयोग र साबुनपानीले हात धुने कुरालाई निरन्तरता दिऔं ।
- भौतिक दूरी कायम गरौं; गर्न लगाऔं ।
- टाउको दुख्ने, ज्वरो आउने लक्षण देखिएमा स्वास्थ्य चौकीमा गई स्वास्थ्य परीक्षण गरौं ।
- **'१ घण्टी, कम्तीमा १ शैक्षिक सामग्री'** प्रयोग गर्ने बानी बसालौं ।
- विद्यालय जान नपाएको समयमा समेत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, श्रव्यदृश्य शाखाबाट सम्प्रेषित पाठ प्रसारण तालिकाअनुसार रेडियो वा टेलिभिजनको माध्यमबाट प्रसारण हुने श्रव्यदृश्य तथा श्रव्य पाठबाट लाभान्वित गराउन सहयोग गरौं ।

# गुल्मीदरबार गाउँपालिका

**गौंडाकोट, गुल्मी**

# रमणीय पवित्र रेसुङ्गाभित्र पस्दा

✍ **खिमानन्द पोखरेल**
**पराल्मी, हाल : काठमाडौं**




गुल्मी जिल्लाको सदर मुकाम तम्घास प्रदेश नं. ५ मा पर्छ । रेसुङ्गा र अर्जुनको बीच खाल्डोमा पर्ने यो तम्घास बजार रमणीय, मनमोहक र सुन्दर छ । यहाँको हावापानी काठमाडौंसँग ठ्याक्क तुलना गर्न नसकिए पनि उस्तैउस्तै लाग्छ । तम्घास बजारको सामुन्ने पर्यटकीय हिसाबले अति उत्तम र धार्मिक दृष्टिले अत्यन्त पवित्र स्थल रेसुङ्गा तपोभूमि रहेको छ । उक्त तपोभूमिमा जानको लागि बजारबाट खानीगाउँ हुँदै केही माथि उकालो चढेपछि त्यस स्थलमा पुग्न सकिन्छ । केही दशकपूर्व तम्घास बजारमा व्यापार गर्ने नेवार जातिहरूको बाहुल्यता थियो । नेवार जातिहरूले आफ्नो बन्दव्यापारलाई कायम राख्दै आफ्नो नेवारी संस्कृति रहन-सहन र भाषा संरक्षण गर्दै आइरहेका थिए । हालमा आएर अन्य जातजातिहरूको सदर मुकाममा बसोबास गर्ने मनोवृत्तिले गर्दा नेवारहरूको बस्ती विस्तार फराकिलो हुन नसकेको हो कि भन्ने प्रश्न अगाडि तेर्सिन सक्छ । हालमा भने तम्घास बजारको विस्तारीकरण भएर उदिनढुङ्गादेखि धागिथुम सम्म फैलिएको छ । यहाँ पहिलाको साविक बजार भीमचोकदेखि शुरू हुने बजारलाई नयाँ बजार भनेर भन्ने गरिन्थ्यो भने भीमचोकबाट बायाको ओरालो झरेपछि बालमन्दिरदेखि अगाडि गएर पुल कट्नासाथ पुरानो बजार शुरू हुने गर्थ्यो । पुरानो बजार बखन साहूका घरदेखि दायाँ बायाँ नेवारहरूका पुराना घर र बस्तीहरू थिए । बाटो साँगुरो भए पनि ढुङ्गा छापेर व्यवस्थित पारिएको थियो । अहिले यतिखेर मैले तम्घास बजारको २०२१-२०२२ सालतिरको अवस्था चित्रण गरिरहेको छु । हालमा तम्घास बजारमा आएर बन्दव्यापार गर्ने विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको छ । एक त यो जिल्लाकै सदर मुकाम हो । त्यसै भएर नै यहाँको जनघनत्व बढ्ने कुरालाई स्वाभाविक मान्न सकिन्छ । हाल भने यो रेसुङ्गा तपोभूमिको नामबाट रेसुङ्गा नगरपालिका बन्न पुगेको छ । गाउँपालिकाभन्दा नगरपालिकामा बढी सुविधा हुने हुँदा ग्रामीण भेकमा आर्थिक हिसाबकै कारणले उच्च कहलिएका केही

मानिसहरूले आफ्नो घर बनाएर सदरमुकाममा बस्ने गरेका छन् । सदरमुकाममा घर नहुने विद्यार्थी, व्यापारी र आफ्नो घर नभएका सरकारी कर्मचारीहरू भाडामा बस्दै आएको कुरालाई यसरी बुझ्न सकिन्छ ।

आज गुल्मी, भाडगाउँ बेंहोरे निवासी डिट्ठा स्व.टेक बहादुर कुँवरको छोरा कृषि विकास बैंक केन्द्रीय कार्यालय काठमाडौंमा कार्यरत निवर्तमान उप-महाप्रबन्धक (विशिष्ट श्रेणी) पदबाट राजीनामा दिएर अवकाश प्राप्त कृष्णबहादुर कुँवरद्वारा लेखिएको पुस्तक "रमणीय पवित्र रेसुङ्गा"मेरो हातमा छ । यो रेसुङ्गा तपोभूमिको ऐतिहासिक पुस्तक हो । रेसुङ्गा तपोभूमिको बारेमा यो पुस्तक पढेपछि यहाँको पौराणिक कुरा पत्तो लगाउन सहज र सरल हुन्छ । रेसुङ्गाको बारेमा ऐतिहासिक कुरा खोतल्नु भनेको यसबारे तत्थ्यगत अध्ययन गर्नु हो । त्यसैले पनि यो पुस्तक प्रकाशन गर्नुभन्दा पूर्व रेसुङ्गाको बारेमा निकै ठूलो अनुसन्धान भएपछि मात्र यो पुस्तक प्रकाशन गरेको देखिन्छ । यो तपोभूमिको महत्त्व बारे प्रकाश पारिएको यो पुस्तक अत्यन्त उपयोगी पुस्तक मानिएको छ । गुल्मी जिल्लाभरमा रेसुङ्गाको महत्त्व कति छ भन्ने कुरालाई पाठकसामु यहाँ स-विस्तार प्रष्टाइरहनु नपर्ला । यसरी रेसुङ्गाको विषयलाई लिएर यहाँको सुन्दर प्राकृतिक छटा र पर्यटकीय स्थलहरूको बारेमा नव आगन्तुक पाहुनाहरूलाई यसबारे केही बुझाउन सकिएको खण्डमा पर्यटकको सङ्ख्यामा वृद्धि हुन जाने र यसबाट नेपाल सरकारको समेत आम्दानी वृद्धि हुने कुरा स्वाभाविक देखिन्छ । यस पुस्तकभित्र रेसुङ्गा नगरपालिकाले चर्चेका विभिन्न क्षेत्र लगायतका स्थानहरूमा रहेका धार्मिक स्थलहरू कोट, देवीथानको बारेमा खुलेर चर्चा गरिएको छ ।

**'रमणीय पवित्र रेसुङ्गा'**को बारेमा सर्वप्रथम पुस्तकमा उल्लेख गरिएको विषय हो परिचय । यसभित्र समावेश गरिएका सामग्रीहरूले प्रथमतः रेसुङ्गाकै बारेमा बोध गराउने काम गरिएको छ । अनि यसको लगत्तै यहाँको पौराणिक महत्त्व र आनन्द प्राप्तिका कुराहरूका विविध पक्ष जोडेको देखिन्छ । अनि पछि अमृतको थोपा परेको रेसुङ्गा भन्ने शीर्षकलाई अगाडि सारिएको छ । यहाँ लेखिएको छ - अमृतको कलश तानातान गर्दा त्यो कलशबाट एक थोपा अमृत भुईंमा खस्दा रेसुङ्गा तपोभूमि बनेको हो भन्ने जनश्रुतिका कुरा र विष्णु भगवान्ले मोहनी अवतार धारण गरी देवतालाई अमृत बाँड्ने क्रममा दैत्यहरूले पनि अमृत खान पाऊन् भन्ने उद्देश्य लिएर गरूडले अमृतको घडा खोसेर उडाउँदा एक थोपा अमृत रेसुङ्गामा परी उक्त स्थान देवनगरी भएको कुरा उल्लेख गर्नुका साथै सूर्य र चन्द्र ग्रहण कसरी लाग्छ भन्ने कुराको बारेमा केही संक्षिप्त टिप्पणी गरिएको देखिन्छ । यस्तै वराह भगवान्को पसिना परेका रेसुङ्गाको बारेमा परशुराम पन्थीको कथनअनुसार वराह भगवान्ले पृथ्वीलाई बोक्दा पसिना निस्की उक्त पसिनाको एक थोपा रेसुङ्गाको कामदा गिरिमा पर्दा उक्त स्थान तलाउ बन्न पुगेको कुरा अवगत गराइएको छ । यस्तै ऋष्यशृङ्ग आश्रम रेसुङ्गाको बारेमा

महाभारतमा वर्णन गरिएका कुराहरू समावेश भएको देखिन्छ । महर्षि विभाण्डकका छोरा ऋष्यशृङ्गले आफ्नो प्रसिद्धि कमाए । संयतेन्द्रिय कहलाएका यी तपस्वीको उत्पत्ति मृगिणीबाट भएको र यस्ता तपस्वी काश्यपनन्दन ऋष्यशृङ्गले कसरी मृगको पेटबाट जन्म लिए र मृगको कोखबाट जन्म लिएका एक बालकसँग डराएर इन्द्रले कसरी पानीको वर्षा गराए भन्ने कुरा अनि विभाण्डक ठूलो तलाउमा स्नान गर्न गएको अवसरमा स्वर्गकी अप्सरा (उर्वशीं) लाई देखेर मोहित भएपछि उनको वीर्य तलाउको पानीमा खस्यो । तिर्खाएकी मृगिणीले उक्त तलाउको पानी पिएपछि मृगिणीलाई गर्भ रहन गयो भन्ने कुराको वास्तविकता यो थियो कि ती मृगिणी भन्नु नै देवकन्या भएको जस्ले ब्रह्माजीको श्राप पाएर मृगिणी बन्न पुगेको कुरा र तिनै श्राप भोगेकी मृगिणी भन्ने देवकन्या (उर्वशी)को कोखबाट महामुनि ऋष्यशृङ्गको जन्म भएको अनि पछि गएर यी मुनि महान् तपस्वी हुन पुगेको प्रसङ्ग यहाँ देख्न सकिन्छ । यी ऋषिमुनिको शिरमा एउटा सिङ भएको हुँदा उनी ऋष्यशृङ्ग नामबाट प्रसिद्धि कमाएको कुराको प्रसङ्ग उठान गरेको देखिन्छ । रेसुङ्गा महागिरिमा अर्वाचीन कालमा तपस्यारत सन्त शशिधर स्वामीदेखि अन्तिम तपस्वी स्वामी यदुकानन्द जस्ता महापुरुषले यो ठाउँमा तपस्या गरेको देखिन आउँछ । यस्तै यहाँ महापोखरीको पूर्वको भोलेबाबा मन्दिर, शिवालयको पशुपतिनाथ मन्दिर, होमखाडी र शशिधर स्वामीको तपस्यास्थल आदि पर्दछन् । यस्तै यहाँ रेसुङ्गा तपोभूमिमा रहेको महापोखरीमा गरेको बारेमा वर्णन गरिएको छ भने यसपछिको वर्णनमा भोला मन्दिरको नाम आउँछ । अनि पछि शिवालय पशुपतिनाथको मन्दिर र होमखाडीको बारेमा चर्चा गरिएको छ । त्यसपछि भने यहाँ सानो रेसुङ्गा ऋष्यशृङ्गा तपस्यास्थलको बारेमा थोरै चर्चा गरिएको छ । थोरै चर्चा गरिएका स्थलहरूमा गरूडस्थान, रामकुण्ड, यज्ञशाला परिसर यसै अन्तर्गत पर्ने स्थानहरूमा हवनकुण्ड, शान्ति मन्दिर, राधाकृष्ण मन्दिर, प्रभुको गादी भवन, नारायण स्मृति धर्मशाला, रेसुङ्गा गोशाला सिद्धस्थान (पूर्वी चुचुरो), विष्णु पादुका र शिवालय, (रेसुङ्गा मठ) पश्चिमी चुचुरो, प्रभु ठाकुरप्रसादको आश्रम, (मैरा) चौतारा गोशाला, साउने मठ शिवालय र हनुमान मन्दिर, अर्जुन लेक- भुरे टाकुरे राजा र अर्जुन कोटको बारेमा देखे सुनेका र इतिहासले वर्णित गरेका कुराहरूको सन्दर्भलाई अगाडि सारिएको देखिन्छ । यसपछि भने सिरूङ्गा आश्रम बारे संक्षिप्त चर्चा गरिएको छ । अनि पछि रुरुक्षेत्र रिडीको बारेमा सानो परिचय राखिएको देखिन्छ भने यसै क्रममा रुरुकन्या र हृषीकेश मन्दिरको बारेमा पाएसम्मको जानकारी प्रस्तुत गरिएको छ । यस्तै रेसुङ्गाको सेरोफेरोका अन्य धार्मिक दर्शनीय स्थानहरू तम्घासथान, मन्दिर-बागेश्वर द्यौरालीको यसमा निर्दयी भुरे राजाहरूको घटिया व्यवहारको पर्दाफास गरिएको छ । तम्घास बजारको तम्घासथान भगवती मन्दिर, धागिथुमको भगवती मन्दिर, भुजेलखर्कको दुर्गाकालिका भगवती मन्दिर, चारिखोलाको शिवालय, पुरानो बजारको गणेशथान र भीमसेनथान यस्तै खानीगाउँ माईकाथान

भगवती मन्दिर, टुनिखोला दुर्गा माईकाथान मन्दिर, भाडगाउँको खड्ग भगवती मन्दिर कोट, बेंहोरेको भगवती माईकाथान, जोगीथुमको भगवती मन्दिरकोट, आँपचौरको खड्ग भगवती मन्दिर,बलिथुमको मन्दिर, पराल्मीको देवीथान मन्दिर, झिरबासको मन्दिर, छत्रकोट देवी मन्दिर, वीरबास जिज्यूबज्यै मन्दिर, गौंडाकोट मन्दिर, गुल्मी चारपालाको दरबार र भैरव मन्दिर यसैगरी अन्त्यतिर अन्य मन्दिरहरू, धार्मिक संस्थाहरूसम्मका कुरालाई यसरी सविस्तार व्याख्या गर्दै राख्ने काम गरेको देखिन्छ ।

अन्वेषक कृष्णबहादुर कुँवरद्वारा अत्यन्त मिहिनेतपूर्वक लेखिएको यो ऐतिहासिक पुस्तकको पेज नं. ३९ मा रेसुङ्गाको वातावरणीय महत्त्वको बारेमा बुँदागत वर्णन गर्नुका साथै वनक्षेत्रको धार्मिक, आर्थिक र सांस्कृतिक महत्त्वको बारेमा जानकारी गराइएको छ । रेसुङ्गाको वन क्षेत्रले चर्चेको सीमाक्षेत्रको बारेमा पनि पूर्ण विवरण दिने प्रयास गरिएको देखिन्छ । रेसुङ्गा वन अतिक्रमण हुन सक्ने क्रियाकलापलाई रोक्नुपर्ने र रेसुङ्गाको चौतर्फी सेरोफेरो संरक्षण गर्नका लागि सामुदायिक वनसंरक्षण समूहको सूचीलाई यहाँ राखिएको छ ।

रेसुङ्गा वन जङ्गलले चर्चेको क्षेत्रभित्र पर्ने पानीका स्रोत (मुहान) को बारेमा चर्चा गरिएको छ । विशेष गरेर यहाँको जैविक विविधताको बारेमा, संरक्षित वन व्यवस्थाको बारेमा, सामुदायिक वन व्यवस्थाको बारेमा अनि धार्मिक वन व्यवस्थाको बारेमा वर्णन गरेको देखिन्छ । अनि यस्तै रेसुङ्गामा पाइने विभिन्न प्रकारका वन्यजन्तुहरू र यहाँ पाइने अनेक थरीका चराचुरुङ्गीका बारेमा वर्णन गरिएको छ । रेसुङ्गाको हावापानी मनोरम छ । यहाँ पाइने विभिन्न प्रकारका वनस्पति र जडिबुटीहरूको बारेमा सविस्तार वर्णन गरिएको छ । यस्तै यहाँको ऐतिहासिक पक्षको कुरालाई लिएर प्रकाश पार्न खोजिएको छ ।

रेसुङ्गा गुठी र कोटिहोमको बारेमा जानकारी गराइएको छ । यस्तै कमाण्डर इन चिफ धीर शमशेर राणाले रेसुङ्गाको गुठीसम्बन्धी लालमोहर लगाएर जारी गरिएको पत्रलाई आकर्षक रूपले राखिएको छ । रेसुङ्गा गुल्मी जिल्लाको मात्र धार्मिक क्षेत्र नभएर यो अधिराज्यभरको पर्यटकीय क्षेत्र पनि हो । रेसुङ्गा पुरातात्त्विक महत्त्व बोकेको एक पवित्र दर्शनीय स्थल हो भन्दै सत्य, द्वापर, त्रेता, कलि यी चार युगले भोग्ने समयावधिको बारेमा जानकारी गराएको देखिन्छ । यस्तै पूर्वीय दर्शनको वैज्ञानिक दूरदृष्टिको बारेमा केही कुरा गरिएको छ भने वैज्ञानिकहरूको मतअनुसार मानवसृष्टिका बारेमा पनि केही मात्रामा वर्णन गरेको पाइन्छ । अनि यस्तै यहाँ देखिने पुरातात्त्विक महत्त्वका सन्दर्भमा गुफा, ओडार, खानी र चट्टानहरूका बारेमा प्रकाश पार्न खोजेको देखिन्छ । यसैगरी पेज नं. ५६ पल्टाएर हेर्दा यो पवित्र भूमिको सांस्कृतिक महत्त्वको बारेमा यहाँ रैथाने आदिवासीले प्रयोग गर्ने रैथाने बोलीचालीको भाषा प्रयोग गर्ने र यो

क्षेत्रलाई सम्बोधन गर्दा मगरातको नामले सम्बोधन गरिए तापनि ब्राह्मण र क्षत्रीहरूको संख्या बढी भएको स्थान भन्ने गरिन्छ । यहाँ ठाउँ विशेषको नामबाट थर उत्पन्न भएको कुरा पनि उल्लेख गरेको देखिन्छ । यस्तै रेसुङ्गा पुण्यभूमिको उपल्लो भेकमा बसोबास गर्नेहरूले बिहान दुहेको दूध नखाने चलनका कुरा र यदि भूलबस खान पुगेमा वस्तुलाई चितुवा जस्ता हिंस्रक जनावरले आक्रमण गरी क्षति पुऱ्याइदिने कुरा गरेको देखिन्छ । यस्तै घरबाट बाहिर कतै हिँड्ने क्रममा साइत शकुन अपशकुनको बारेमा कुरा उठाइएको छ भने गुल्मीमा बोलिने ठेँट भाषा कसरी र कुन बेला कहाँ प्रयोग गरिन्छ भन्ने जानकारी गराइएको देखिन्छ । अक्सर गरी ढुङ्गा माटोले बनेका घरहरूलाई चाड पर्वमा कसरी लिपपोत गरी सिंगार्नुपर्छ भन्ने बारे जानकारी गराउन खोजेको देखिन्छ । मुख्य-मुख्य चाडपर्व बाहेक जातअनुसारको आफ्नै विशेषताका पर्व मनाउने गरेका कुरा परेका छन् । यस्तै यस क्षेत्रभित्र परम्परादेखि चल्दै आएको बालीघरे प्रथाको विषयलाई उठान गरिएको छ । केही सीमित थरिका व्यक्तिहरूले भने डाक्टरी औषधिमूलोभन्दा पनि झारफुक धामीझाँक्रीद्वारा उपचार गराउने प्रथालाई विश्वास गरेको देखिन आउँछ । अनि यो पुस्तक पल्टाउँदै जाँदा पेज नं. ७७ मा रेसुङ्गाको आर्थिक महत्त्वको कुरालाई लिएर प्रष्ट पार्न खोजिएको छ । यो क्षेत्रलाई आर्थिक पक्षले सबल बनाउने कुरामा यहाँका बञ्जर अवस्थामा रहेका खेतीयोग्य जमिनलाई मलजल गर्ने व्यवस्था मिलाउनुका अतिरिक्त मौसमअनुसारको अन्नबाली र फलफूलखेती गर्न सकिने कुरालाई प्राथमिकता दिएको देखिन्छ । यस नगरीमा स्वास्थ्य शिक्षा र सभा सम्मेलनको कुरालाई अगाडि बढाउँदा राम्रो हुन सक्ने बारे चर्चा गरिएको छ । यसरी यसै पुस्तकको पेज नं. ८० मा रेसुङ्गाको पर्यटकीय महत्त्व बारेमा प्रष्ट पार्न खोजिएको छ । रेसुङ्गा जस्तो पवित्र एवम् धार्मिक पर्यटकीय क्षेत्रभित्र आजका युवायुवतीहरूको रासलीला गर्ने क्रिडास्थल कतै बन्ने त होइन भन्ने चिन्ताले लेखकको मनमा सन्त्रास उत्पन्न भएको देखिन्छ । रेसुङ्गा युवायुवतीहरूको प्यास मेटाउने क्षेत्र नबनोस् भन्ने सर्वसाधारणमा रहेको पाइन्छ । यस धार्मिक क्षेत्रमा पर्यटक वृद्धि गर्न सकिने कुरालाई बुँदागत रूपमा प्रस्तुत गरेको देखिन्छ । त्यसपछि यहाँको पर्यटक विकासको आधारका कुराहरूलाई लिएर यो स्थल नै लोकप्रिय धार्मिक स्थल हो भनेर व्याख्या गर्न खोजिएको छ । गोशाला क्षेत्रलाई चौरी पालन क्षेत्र बनाउँदा यहाँको आकर्षण बढ्ने कुराको बारेमा थोरै भए पनि जानकारी गराउन खोजिएको छ । यो पर्यटकीय धार्मिक स्थलमा कसरी पुग्न सकिन्छ त भन्ने बारे यहाँ पुग्न सकिने मार्गहरूको बारेमा जानकारी गराइको छ । तम्घास बजारदेखि महापोखरी हुँदै रेसुङ्गाको चुचुरोसम्म कसरी र कुन तरिकाबाट पुग्न सकिन्छ भन्ने जानकारी दिइएको छ । बजारदेखि कति किलो मिटर टाढा छ र यात्राभर लाग्ने समयको जानकारीसमेत गराइएको छ । यस्तै तम्घास बजारदेखि पोखरीसम्म पुग्नका लागि जिप रिजर्भ गरेर जान सकिने व्यवस्था र सिमीचौरको

विमानस्थलदेखि रेसुङ्गा पुग्न सकिने व्यवस्था पनि मिलाउँदै गर्न थालेको अवस्था देखिन्छ । कारणवश तीर्थयात्रीलाई खान बस्न पर्ने स्थिति देखा परेमा यहाँका धर्मशालाहरूमा त्यस किसिमको व्यवस्था पनि मिलाइएको देखिन्छ । यहाँ उल्लेख गरिएका विषयहरू र तथ्यगत सामग्रीलाई आधार बनाएर यो पुस्तक तैयार पारिएको देखिन्छ । अन्तिमको पाँच पाना र यो पुस्तकको कभर पेजको पछिल्लो पृष्ठको प्रथम पेजलाई तम्घास बजार क्षेत्रमा रहेक मठ मन्दिरलगायत धार्मिकस्थल रेसुङ्गामा अवस्थित यज्ञशाला मन्दिर र त्यहाँ रहेका अन्य मन्दिरहरूको तस्वीर राख्ने प्रयास गरिएको छ ।

**अन्त्यमा**

यो पुस्तकलाई धार्मिक र पर्यटकीय क्षेत्रको हिसावले मूल्ल्याङ्कन गर्न सकियो भने यसको महिमा बढ्न जानेछ । यो पुस्तक उच्च शिक्षा पढ्ने विद्यार्थीहरूका लागि कोर्स बुकमा राख्नको लागि शिक्षा मन्त्रालयले उचित कदम चालोस् भन्ने यहाँ मैले मेरो व्यक्तिगत धारणा राख्न खोजेको छु । यदि यो कुराको संभव भएमा यस बारे विद्यार्थीहरूबाट हुनु पर्ने अनुसन्धानको दायरा व्यापक हुन जाने थियो भन्ने कुराको सौँच हाम्रो मस्तिष्कमा पनि विकास नभएको कहाँ हो र ? यहाँ व्यक्ति विकासको कुरा उठ्दैन धार्मिक पर्यटकीय हिसाबको कुराले प्राथमिकता पाउनुपर्छ । रेसुङ्गा पर्यटकीय स्थल बन्न सक्यो भने पूरा गुल्मीबासी लगायत नेपाल राष्ट्रकै एक गौरवशाली स्थल बन्न सक्ने कुरा हामी सम्पूर्णले महसुस गर्ने छौं । कृष्णबहादुर कुँवर जसलाई पर्यटकीय विकासमा पाइला टेक्दै गरेको धार्मिक स्थलहरूको माया, ममता र श्रद्धा छ । उहाँद्वारा लेखिएको यो **'रमणीय पवित्र रेसुङ्गा'** पुस्तक पढेर यसभित्र रहेका अत्यन्त सारगर्भित कुराहरूलाई हृदयपटलमा सुरक्षित राख्दै रेसुङ्गाको संरक्षणको बारेमा सबै गुल्मी जिल्लामा बसोबास गर्नुहुने बुद्धिजीवीलगायत अन्य गुल्मी जिल्लावासीहरूसमेतको ध्यानाकर्षण हुन पुगेमा जिल्लाले अवश्य नै काँचुली फेर्ने कुरालाई नकार्न सकिदैन ।

ooo


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**सम्पादक**

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# एकल जिन्दगी

✍ **कृष्णप्रसाद खनाल 'कुस्मा'**
**रेसुङ्गा–५, भुवनपानी, गुल्मी**

ऊ आफै आफ्नो साथी भाको छ ।
एक्लै गुनगुनाउँछ, गनगन गर्छ ।
गनगनभित्र रमाउँछ
अतीत सम्झन्छ
बढ्दो जवानी, बल, पारिवारिक मायाममता
आफ्नै विवाह
विवाहको भोज भतेर
श्रीमतीको मान्यजन
बाआमाको आशाभरोसा
छोराछोरीको दरिलो आधार
बुबा त आकाश हो भन्थे हो जस्तो लाग्थ्यो ।
बाबा बनेर पद पहिचान थपिएको दिन
एउटा जिम्मेवारी थपिएको दिन
सन्ततिको आगमनसँगै प्रकाशमय ठानेको जीवन
भरोसा र आसमा
संस्कारका लागि साहुकोमा ऋण माग्न गएको
एक चम्चा दूध, लिटो, तेल, ज्वानोमा पसिना बगेको
लालनपालन र शिक्षाका लागि मुग्लान पसेको
सन्तति र पारिवारिक सुखसयलका लागि निरन्तर मैन झै जलेको
ऊर्जाशील जीवन सक्दै
तागतहरू निस्तेज पार्दै कुदिरहेको
आफै आफ्नो साथी भाको छ
एक्लै गुनगुनाउँछ, गनगन गर्छ,
गनगनभित्र रमाउँछ
वर्तमान सम्झन्छ,
छोराबुहारी, छोरीज्वाइँ, नातिनातिना कति कति
एक्लोपनको हिमाल चुलिंदो छ ।
स्वदेशदेखि विदेशसम्मको धनसम्पत्ति
आकाशको फल हुँदो छ

मायाममता कैदी हुँदैछन्
मुस्कान छ केवल कृत्रिम
वेदनै-वेदनामिश्रित मुस्कान
आफ्नै आँखा, कान इन्द्रियहरूले साथ छाडे
शिथिल र निराश जिन्दगी
सन्तति र पारिवारिक सुखसयलका लागि निरन्तर मैन झैं
जल्दाको यादले झस्काउँछ
हुर्काउँदा, बढाउँदा र पढाउँदाका यादहरूले सताउँछन् ।
सम्पत्ति जोड्दाका परिश्रमले घृणा गर्दाछन् ।
सन्तानको भरोसाको आशाले गिज्याउँदो छ ।
आफै आफ्नो साथी भाको छ ।
एक्लै गुनगुनाउँछ, गनगन गर्छ
गनगनभित्र रमाउँछ ।

०००

# बर्सिन्छ आनन्द

✍ **मनबहादुर खत्री 'मनु'**
**इस्मा-२, मैनडाँडा, गुल्मी**

गुल्मेली कफी खाएर हेर बर्सिन्छ आनन्द
रेसुङ्गा कुञ्ज आएर हेर बर्सिन्छ आनन्द

घुमेर हेर सुन्दर जिल्ला पश्चिम नेपाल
कालीको शिला पाएर हेर बर्सिन्छ आनन्द

हरिया पाखा पखेरा फाँट सुन्दर सदैव
साइनो यहाँ लाएर हेर बर्सिन्छ आनन्द

छल्दी र निस्ती विचित्र गुफा सम्पदा यहाँका
टिमुरे थाप्ले धाएर हेर बर्सिन्छ आनन्द

मादल डम्फू सारङ्गी ताल नौमती बाँसुरी
सोरठी भाका गाएर हेर बर्सिन्छ आनन्द ।

०००

# बाछिटा

✍ **चन्द्रकला अधिकारी**
**फालेलुङ-८, पाँचथर**

१
खेला भो
नजिक तीर्थ
हेला भो

२
सारङ्गी
सुरिलो भाका
तारको

३
नवीन
प्राणवर्णित
जमीन

४
पारखी
ढुङ्गा र माटो
सारथि

५
पढेर
शिक्षित छ र ?
साक्षर

६
जस छ
स्याउ सुन्तला
रस छ

७
मानव
सभ्यताको हो
मुहान

८
जूनेली
नतमस्तक
उजेली

९
भैषज्य
स्वास्थ्य जगत् छ
आरोग्य

१०
जवान
मार्ग भुलेर
हराम

११
नेपाल
कहिले हाँस्ने
हिमाल

१२
चँदारो
जीवन कोर्ने
कठालो

१३
सपना
मृगतृष्णा भो
साधना

१४
ओखर
स्वास्थ्यवर्धक
टक्कर

१५
एकता
भाँडभैलोमै
बेपत्ता॥

०००

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# वैकुण्ठको वैकुण्ठबास

✍ **शेरजंगबहादुर बस्नेत**
**आजीवन सदस्य : किरण पुस्तकालय**

मानवीय संस्कार हिंसा र प्रशंसामा गुज्रिरहेको पाइन्छ । असल काम गर्नेको लागि प्रशंसाको गुणगान गरिन्छ भने नकारात्मक सोंच भएका व्यक्तिको आलोचना र हिंसाले ठाउँ पाउँछ । गाउँ समाजमा यसरी दैनिकी बित्दै गए, बितिरहेका छन् र बित्ने छन् । जुन काम गर्दा समाजलाई पाच्य हुन्छ, समाजको कल्याण र भलो हुन्छ त्यस्ता सृजनाकार, योजनाकारको नेतृत्वलाई प्रशंसा गर्नु पर्ने हुन्छ। जसले अरूको भलो गर्न जानेको छ त्यसको नाम भलो आदमी रहन्छ र त्यही भलो आदमीको चिनारी र जीवनीबारेको इतिहास कोट्याउन खोजिएको छ यहाँ । जुन इतिहासले भावी वर्तमान अवस्थाको राजनीतिक किचलो, स्वार्थी भाव, गुटउपगुट, भ्रष्टाचार, अन्याय, अत्याचार, बलात्कार, बेरोजगारलगायतका विकृति र विसंगतिलाई पन्छाई असल र चरित्रवान् नेतृत्व दिन वर्तमान र भविष्यका कर्णधारलाई सहयोग पुग्नेछ । राम्रो कामको सिको गर्नु शिक्षित प्रशिक्षित हुँदै दीक्षित हुनु आवश्यक देखिन्छ ।

पूर्व माननीय श्री वैकुण्ठबहादुर चन्दको २०७७ मार्ग ३ गते भएको असामयिक निधनले स्तब्ध बनायो । आज उहाँलाई चिन्नेजान्ने मान्छे कम भए तापनि हिजोको दिनमा उहाँलाई चिन्ने जान्ने र नाम सुन्ने गुल्मी मात्र नभै सिंगो देशले चिनेको थियो, उहाँको योगदान अविस्मरणीय र चर्चा गर्नयोग्य भएको हुँदा पुरुषार्थी व्यक्तिको "हाम्रो पुरुषार्थ " मा स्मरणको लागि उहाँको छोटो जीवनीबारे चर्चा गरिएको छ ।

तत्कालीन अवस्थामा आधुनिक प्रविधि भित्रिएको थिएन, विना बजेट विना प्रविधिले सोचेअनुसार काम गर्न गाह्रो थियो, समाजको आवश्यकता भनेको पानी, बाटो, स्कूल, मन्दिर, अस्पताल लगायत थुप्रै भए पनि बजेट र प्रविधिले साथ दिन नसकेको परिप्रेक्ष्यमा वैकुण्ठको पहल र नेतृत्वमा गुल्मीले पाल्पा-रिडी-तम्घास मोटरबाटो पायो । जुन बाटामा गुल्मीको जनश्रम, कोदालो, गैंटी र बेल्चाको मात्र प्रयोग भएको थियो ।

गुल्मी जिल्लाको तत्कालीन अग्लुङ गा.वि.स. मा जन्मनु भएका वैकुण्ठबहादुर चन्दका ४ भाइ छोराहरू भरत, त्रिविक्रम, राजेन्द्र सुशील चन्द लगायत मेरो पहिचानका साथीहरू हुन् । सुशील अल्पायुमा परलोक भएका, डा. राजेन्द्र चिकित्सा पेशामा संलग्न, भरत र त्रिविक्रम हाल राजनीतिको माध्यमबाट समाज सेवामा संलग्न भएको मेरो जानकारीमा छ । ८९ वर्षको उमेरमा परमधाम हुनु भएका वैकुण्ठबहादुर चन्दको सामाजिक जीवनी गुल्मीको माल अड्डाको बहिदार

(सुब्दार) पदको जागिरे जीवनबाट प्रारम्भ भएको थियो । हालको बालमन्दिरको तलपट्टि एउटा मेडिकल व्यवसाय खोली उहाँका भाइ नाताका केहरसिंह चन्दद्वारा उक्त पसल सञ्चालन भएको थियो ।



तत्पश्चात् राजनीति पेशाबाट समाजको भलो गर्ने उद्देश्यले वैकुण्ठबहादुर चन्द जिल्ला पञ्चायतको सभापति हुँदै राष्ट्रिय पञ्चायतको सदस्यमा भारी मतबाट विजयी हुनुभयो । उहाँले पदमा रहँदा धेरै कार्य गर्नुभएको छ तर सिंगो जिल्लाको गौरव गर्ने मोटर बाटो हो जस्को नाम तानसेन-तम्घास मोटरबाटो छ । हाल सो बाटोको स्तरोन्नति हुँदै पक्की बनिसकेको छ । गुल्मीबासीले सो बाटो उपभोग गर्दै आएका छन् ।

पाल्पा रिडी तम्घास बाटामा धेरै समस्या खडा भएका थिए । पाल्पालीसँग भिडन्त गर्दै कुनै लोभलाभविना रिडी बाटो आइसकेपछि रिडी बासीहरूले केही समय अवरोध नगरेको होइन किनकि तम्घास बाटो जाँदा रिडीको महत्त्व घट्छ भन्ने साँघुरो सोचाइले रिडीबाट तम्घास ल्याउन्जेलसमेत संघर्ष गर्दै तम्घास बाटो आएको हो । तत्कालीन समयको कठिन परिस्थितिमा धेरै मूल्य चुकाउँदै विकासप्रेमी जनप्रिय नेता वैकुण्ठको योगदानलाई कदरस्वरूप उक्त मार्गको नाम "वैकुण्ठ मार्ग" राख्दै तम्घासमा उहाँको भव्य शालिक बनाउन सके गुल्मीबासी ऋण मुक्त हुनेछन् ।

२०४६ को बहुदलीय व्यवस्थापश्चात् उहाँको राजनीति पछाडि पऱ्यो । २०३६ सालमा राजा वीरेन्द्रबाट भएको घोषणा थियो - "बहुदलीय शासन व्यवस्था रोज्ने कि सुधारिएको पञ्चायती व्यवस्था" अन्ततः पञ्चायती व्यवस्थाले बहुमत पाए तापनि सुधार उन्मुख महसुस नहुँदा २०४६ मा बहुदल त आयो तर बहुदल प्रजातन्त्रभन्दा गणतन्त्र राम्रो भनी जनतामाथि लादिएको व्यवस्थाले जनताको भन्दा नेताको मात्र हैसियत सुध्रेको र अन्याय अत्याचार भ्रष्टाचार, बलात्कार, बेरोजगारका घटनाले आक्रान्त भएका नागरिक नेतादेखि टाढा हुन बाध्य बनिसकेको अवस्था देखिन्छ । नयाँ पुस्ता नयाँ पिढीले समयमै सकारात्मक सोचसहित समाजसेवा निःशुल्क सेवा बनोस् नकि रातारात नेता धनाढ्य बन्ने र नागरिक सडकमा भात खान थाली थाप्ने अवस्थाको अन्त्य होस् ।

ooo

# मूला

✍ **रामप्रसाद पन्थी**
**रेसुङ्गा-२, तम्घास, गुल्मी**

चपाएर काँचै कस्यामकुरूम खाए पनि हुने
पकाएर जिब्रो पड्काई-पड्काई खाए पनि हुने
नखाई पनि नहुने
खाए पनि सुख नदिने
आफ्नै बारीको मूला ।
होटल, रेष्टुरेन्ट, एकतारे, पाँचतारे
पार्टी होस् या सोलमारी
जहाँ जानुहुन्छ जानुहोस्
पेटभरि मूला खानुहोस्
हजम गर्नुहोस् अक्डम् बक्डम्
ढ्याउअ डकार्नुहोस्
ङ्वाइइँ पड्काउनुहोस्
छाड्नुहोस् अजीर्ण अपान वायु
निरोगी हुनुहोस् बढाउनुहोस् आयु
खानुहोस् चपाउनुहोस् मज्जाले मूला ।
सुकुटी बनाएर होस् या सिन्की
खाँदेर, भुटेर, तारेर, अचार पारेर
जिब्रो पड्क्याई-पड्क्याई खानुहोस् मूला
सुप बनाएर सुर्क्याउनुहोस् या
मूलासित तीनपाने तुर्क्याउनुहोस्
मूलाले तपाईंलाई स्वाद र सन्तुष्टि दिन्छ
त्यसैले होला,
तल्लाघरे मूले साइले
सधैंभरि तरकारीमा मूला नै किन्छ ।
रातो, सेतो, गान्टे, तन्के
अनेक रूप, रङ्ग र आकारका मूला
रङ्गभेद जातिभेद वर्गभेद गर्दैन
न भन्छ साना, न भन्छ ठूला
धनी, गरीब, माले, काले
न भन्छ यसले, भेना र साला
जस्जस्ले मूला खाला
उसैले पाउँछ मूलाको चाला र माला ॥

मान्छे जस्तै छ मूला
मूला जस्तै छ मान्छे
अनेक रूप, रङ्ग र आकारको ।
स्वाद दिन्छ, सन्तुष्टि दिन्छ ।
फुस्स फुस्कियो भने
बदनामी दिन्छ ।
त्यसैले होला,
उखानै छ
मूला खाई वनमा पस
अदुवा खाई सभामा बस
पदुवा भई नजिक नबस ।
जब,
मान्छेलाई झर्को लाग्छ
झोंक चल्छ
सिरिङ् चल्छ
कम्पारो तात्छ
फलाक्न थाल्छ
प्वाक्क भनिदिन्छ
ह्या मूला
ओइ मूला
तँ मूला
चुप् लाग मूला
भुक्छस् मूला
टोक्छस् मूला
बोक्छस् मूला
खोक्छस् मूला ।
गान्टे मूला, च्यान्टे मूला
धाकभन्दा धक्कू ठूला
हिड्न लागे खुट्टा लुला
कुरा गर्छस् धेरै ठूला ।
झनक्क झन्किन्छ
सनक्क सन्किन्छ
अनि भन्किन्छ
ओइ मूलाको साग
झारपात
काटुँला तँलाई मूला काटेझैं ।

अनादर भइरहन्छ मूलाको
तर
मान्छेले भैँ आफ्नो धर्म कहिल्यै छाड्दैन मूलाले ।
भान्सामा त्यहीं मूला
अचार,तरकारी, सलाद र सिन्की बनेर
जिब्रो पड्क्याउन ,
भुँडी उस्क्याउन
त्यहीं मूलाको साथ चाहिन्छ
मूला भए
तीन थालको भात एक्लै खाइन्छ ।
त्यसैले
मूलाको साथ सधै-सधै चाहिन्छ ।
विष्णुमतीको मूलाभैँ
कति फुलिएछस् हौ दले ?
बिर्खेको कुराले दलेलाई झ्वाँक चल्यो
र भन्यो
ओइ मूला ! तँजस्तो गान्टे मूला हो र ?
दलेले मुखभरिको जवाफ दियो
बिर्खेले यो कुरा गम्भीरतापूर्वक लियो
खोज्दै जाँदा नालीबेली
गाँठी कुरा फेला पर्‍यो ।
चाकरी चाप्लुसी र चम्चागिरीको भरमा
जि.एम, सि.एम., पि.एम. बनेको दले
पड्काएछ अनेक पद
कुम्ल्याएछ कालो धन
र त
सुकिलो मुकिलो भएर रातो मूला भैँ
बाहिर रातो भित्र सेतो
त्योभन्दा भित्र कालैकालो
आखिर दले परेछ
सत्ताधारी मन्त्रीको आफ्नै सालो
र त
पाएछ दलेले जल र मल राम्रै
चुसेर रगत र पसिना जम्मै हाम्रै
अनि पो मौलाएछ दले
विष्णुमतीको मूला मौलाए भैँ ।

ooo

अनुभव/अनुभूति

# १०८ वर्षीय वृद्धसँगको संवाद

✍ **गोपाल पन्थी**
**सहप्राध्यापक**
**राममणि बहुमुखी क्याम्पस, मणिग्राम, रूपन्देही**

*(वि.सं. १९७० साल श्रावणमा गुल्मी बलेटक्सार दाम्लाचौरमा जन्मेका केशवराम ज्ञवाली हाल १०८ वर्षका हुनुहुन्छ । तिलोत्तमा नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रममा दुई पटक सबैभन्दा बढी उमेरको वृद्धको रूपमा सम्मान गरिसकेको छ । नवलपरासीका नेपाल टेलिभिजनका संवाददाता कृष्ण ढकाल र राससका मोहन पौडेलले वि.सं. २०७७ फागुन १४ गते '१०८ वर्षीय पिताद्वारा छोराको चौरासी पूजा सम्पन्न' गराएको समाचार प्रसारित गरेपछि उहाँ बढी चर्चामा आउनुभएको छ । ज्यो. लक्ष्मीप्रसाद बरालले १०० वर्ष माथिका ज्येष्ठ नागरिकहरूको कुण्डली अध्ययन गर्ने क्रममा उहाँ प्राथमिकतामा पर्नुभएको छ । उहाँका माहिला पुत्र रिखिराम ज्ञवाली, साहिंला पुत्र क्या. हरिप्रसाद ज्ञवाली र कान्छा पुत्र प्रा.डा.बाबुराम ज्ञवालीको सहयोगमा हाम्रो पुरुषार्थका बुटवल प्रतिनिधि गोपाल पन्थीसँग भएको कुराकानीको संक्षिप्त अंश यहाँ प्रस्तुत गरिएको छ ।* **-सम्पादक)**



**१. तपाईंको जन्मसाल महिना कुन हो ? र जन्म स्थान कहाँ हो ?**

- वि.सं. १९७० सालमा गुल्मीको बलेटक्सार दाम्लाचौरमा भएको हो भन्ने सुनेको छु । चिनामा मेरो जन्म साल र मिति खुलेको छ ।

**२. औपचारिक शिक्षा पाउनुभयो कि नाइँ ?**

- अहँ, पढिनँ । सुनाइको पढाइ भयो । अरू भएन । सानैमा टुहुरो भइयो । स्कूल पनि थिएनन् । गुरुका घर गएर पढ्नु पर्ने हुन्थ्यो, त्यो पनि अलि टाढै थियो । सानैदेखि घर सम्हालनुपर्‍यो । पछि परदेश (भारत, हरिद्वार) तिर लागियो । हरिद्वारमा साधु सन्तको सङ्गतले अक्षर पढ्न सिकें । नेपाली भाषाको पुस्तक पढ्न सक्छु । अघि नेपालीमा लेखिएको देवी भागवत दैनिक पाठ गर्थें ।

### ३. तपाईंको विवाह कहाँ भएको हो ?

◆ गुल्मी खरबाङ्को चिदीपानीका भुसाल परिवारकी केटीसँग आठ वर्षको उमेरमा मेरो विवाह भएको हो । उनी छ वर्षकी थिइन् । धेरै कुरा संझना पनि छैन । म छ वर्षको हुँदा बुबा बित्नुभएको हो । मेरो विवाह आमाले गराइदिनुभएको हो । मलाई लिएर गए । त्यहाँ बिहे भएको थियो भन्ने सम्झन्छु । पत्नीको देहावसान भएको पनि ४२ वर्ष पूरा भयो ।

### ४. तपाईंका सन्तान छोराछोरी कति छन् ?

◆ छोरी दुईवटी हुन् । ठूलीको रोग लागेर देहावसान भयो । जुम्ल्याहामध्येका एउटा छोराको खोलामा परेर मृत्यु भयो । माहिली बुहारीको पनि बिरामी परेर दुई वर्षअघि मृत्यु भएको हो । अहिले चार छोरा, एक छोरी, नाति, नातिना, बुहारीहरू, नातिनी बुहारीहरू, पनाति, खनातिसम्म गरेर ९९ जना छन् । जेठोको कार्तिक १४ पूर्णिमामा चौरासी पूजा गरिदिएको हो ।

### ५. त्यति बेला त ढाँट छल गरी जबरजस्ती विवाह गराइदिन्थे भन्ने सुनिन्छ नि ? हो ?

◆ हो । त्यस्तो पनि हुन्थ्यो । यो केटालाई मेरो छोरी दिएँ भनेपछि विवाह पक्का भयो । अरू केही हेरिन्नथ्यो । उमेर काँचै हुन्थ्यो । केटाकेटी सानै हुन्थे । कसैले त केटालाई च्याप्पै समाएर पनि बिहे गरिदिन्थे ।



### ६. तपाईंले राणा शासन भोग्नुभयो । त्यसबेलाको अनुभव सुनाइ दिनुस् न ।

◆ राणा भनेका क्षत्रिय हुन् । त्यसबेला शासनको डर थियो । कडा अनुशासन थियो । कुनै अपराधमा शासनलाई रिस उठ्यो भने ज्यानै जान्थ्यो । तर कहिलेकाहीं अरूअरूले यसरी नमारिहालुम् भनेर अनुरोध गरेपछि बचाइन्थ्यो पनि ।

**७. गुल्मीमा राणा शासनको प्रभाव कस्तो थियो ?**

◆ गुल्मीमा पनि राम्रै प्रभाव थियो । राणा शासन अप्ठ्यारो हो । मानिसलाई अधीनमा राख्न सक्ने शासन पनि ठूलै मान्नुपर्छ ।

**८. तपाईंले आफ्ना यति धेरै सन्तानलाई कसरी हुर्काउने, खुबाउने, पढाउने गर्नुभयो ? भन्नाले खर्चको आधार के थियो ?**

◆ मेरा सम्पत्ति भनेका गाई, भैंसी, गोरू नै हुन् । धेरै भैंसी दुहुना थिए । दूध बिक्री हुन्थ्यो । हाम्रो दूध ऋषिकेश (भारत)मा बिक्री हुने गर्थ्यो । बाह्र माना दूध बेचेर खर्च चलाएँ । लत्ता, कपडा, औषधि यसैबाट चल्यो । पेट भर्नका लागि खेती गर्थें । सारा परिवारले मिलेर यी काम गरिन्थ्यो ।

**९. रेसुङ्गाका यदुकानन्द स्वामी, स्वर्गद्वारीका महाप्रभुका बारेमा केही जानकारी छ ?**

◆ रेसुङ्गा हाम्रो गाई चराउन जाने ठाउँ पनि हो । हामीले गाई चराउँदा प्रभु देखिनुहुन्थ्यो । त्यहाँ मरासिनी, आचार्य, पन्थीहरू थिए । उनीहरूलाई ल्याएर यज्ञ, पाठ गराइन्थ्यो । यति थाहा पाउँछु ।

अनि स्वर्गद्वारी महाप्रभु त साक्षात् (प्रभु) हुनुहुन्थ्यो । त्यसबेलामा पनि प्यूठानमा अचम्म देख्न पाइन्थ्यो । चार पाँच सय गाई वनमा चरिरहेका हुन्थे । डाँडाको टुप्पामा गएर प्रभुले 'ए फलानी, यहाँ आइज' भनेर बोलाउँदा ठ्याक्क त्यही गाई महाप्रभुका अगाडि आएर टक्क उभिन्थ्यो । त्यहाँको गोवर्धनका साथै साग तरकारी फलेको अझै सम्झन्छु ।

**१०. तपाईं दीर्घजीवन प्राप्त जीवित इतिहास हो । गुल्मीका राज्यहरूका बारेमा केही किंवदन्ती सुन्नुभएको छ ?**

◆ धुर्कोट, इस्मा, गुल्मी, मुसिकोट, राज्य थिए रे । पुराना राजाका कुरा त गर्थे तर मलाई त्यतिसारो जानकारी भएन । हो, अर्गलीका राणाजीको बारेमा भने जान्दछु । मैले एक पटक सरकार (राणा) को घोडा पक्डें । त्यहाँ घचाक् घुचुक भयो । मार्न पनि खोजे । 'मार्न भएन बचाउनु परो' भनेपछि मलाई छाडिदिएका थिए ।

**११. त्यस बेला राजा महाराजा कस्ता थिए ? के तिनीहरूबाट जनताले न्यायको अनुभूति गर्थे ?**

◆ मूल परेकोलाई मूल्याहा भन्नै पर्‍यो । अरू ठीक थिए । त्यस बेलाका राजाहरूको नाम याद भएन । उनीहरूले मुखैले फैसला गर्थे । अदालत नै चाहिन्थेन । त्यसलाई राम्रो भन्ने कि के भन्ने ? राम्रो होस् कि नराम्रो

तत्काल फैसला हुने गर्थ्यो । पछि जिम्मावाल, थरी, भलाद्मीले राणाको अधिकार प्रयोग गरेर फैसला गर्थे ।

**१२. तपाईं त धेरै पुरानो मान्छे । त्यस बेलाका देश विदेशका र दोस्रो विश्वयुद्ध ताकाको अनुभव केही छ ?**

◆ म बर्मा (म्यान्मार्) को रङ्गुन गएँ । त्यहाँ मिमु भन्ने ठाउँमा पनि गएँ । विश्वयुद्धले गर्दा हो कि के हो ? हामीलाई जापानी सैनिकले पक्र्यो । साथीहरू आत्तिए । अब थुन्छ भनेर डरायौं । केही दिन मोही र आटो खाएर बस्यौं । पछि विदेशबाट आएका स्वयंसेवक दलले खाने व्यवस्था गर्‍यो । त्यहाँबाट धेरै नेपाली लखेटिए । तीमध्ये केही अहिले रूपन्देहीमा पनि छन् । हामीलाई विदेशी (अमेरिकन)ले सहयोग गर्‍यो । उनीहरूमा दया हुँदो रहेछ ।

**१३. यस जीवनमा तपाईंले गर्न खोज्नु भएको र गर्न नसकेको केही छ ?**

◆ मलाई मेरो जीवनसंग केही गुनासो छैन । खोजेको कुरा पुगेको छ भन्नुपर्‍यो । छोराको चौरासी गर्न पाउनु नै एउटा खुशी हो ।

**१४. अहिलेको नयाँ पुस्तालाई तपाईंको केही सन्देश छ ?**

◆ नयाँ पुस्तालाई मैले के भन्नु छ भने मानिसको चोला मरणशील छ । यसलाई सबैले छोडेर जाने हो । एउटा मोटर गाडी (जीवन) छोडेर अर्को मोटर सबैले चढ्नुपर्छ । अर्को मोटरमा नचढुञ्जेल यस मोटरको राम्रो स्याहार सुसार गर्नुपर्छ । आफूलाई स्वस्थ राख्नुपर्छ सबैले । अर्को कुरा नयाँ पुस्ताले पुरानो पुस्ताको कुरा सुन्नुपर्छ । सुन्न सक्नुपर्छ । साधु, सन्त र सज्जन मानिसको सङ्गत पनि गर्नुपर्छ । सोअनुसार आचरण गर्नुपर्छ । यो संसार छोडेर जाने हो । आफूले गरेको धर्म मात्र सँगै जाने हुँदा धर्म छाड्नु हुन्न ।

**१५. भारतलाई कर्मक्षेत्र बनाउनुभयो । नेपाल र भारतको सम्बन्ध कस्तो देख्नुभयो ?**

◆ भूगोल र संस्कृतिको नाता दुबैको अटुट छ । भारतमा अङ्ग्रेज आएर फैक्टरी खोलिदिए । उनीहरूलाई रोजगार बढाइदिए । विकास गराइदिए । हो, त्यहाँ गरिबी पनि छ । माटाका भाँडामा पानी खाने मानिस त्यहाँ नभएका होइनन् । त्यो देश धेरै ठूलो छ । बलियो छ । धेरै जान्ने मानिस त्यहाँ छन् ।

यता नेपालमा ईश्वरको शक्ति छ । नेपाल (काठमाडौ) उपत्यकामा अठार कोसभित्र गोरू नारेर कहिल्यै जोतिएन । सारा खेती खनेर सम्पन्न

गरिएको छ । यो धर्म र संस्कार अन्यत्र कहाँ पाइन्छ । त्यसैले यो धर्मले धानेको मुलुक हो । यहाँ जति धर्म भारतमा छैन ।

**१६. तपाईंको समयका चर्चित जननेता बी.पी. कोइरालाका बारेमा केही जानकारी छ ?**

◆ उहाँको चर्चा त सबैले जानेकै छन् । मैले पनि उहाँको बारेमा धेरै सुनेको छु । गुल्मीमा भेट पनि भएको हो । तर मैले राजनीतिक दर्शनका बारेमा धेरै जानिनँ ।

**१७. पञ्चायती शासन पनि जान्नुभयो । त्यो शासन व्यवस्था कस्तो लाग्यो त ?**

◆ पञ्चायत पनि कडा व्यवस्था हो । हरियो वन नेपालको धन उनीहरूको राम्रो काम हो । अर्थतन्त्रमा उद्योग धन्दा सुरू भए । यस्ता राम्रा कामहरू धेरै भए ।

**१८. गणतन्त्र ठिक लाग्यो कि राजतन्त्र ?**

◆ देशमा राजा त चाहिन्छ ।

**१९. के कारणले देशमा राजा चाहिन्छ ?**

◆ अहिले कुलको सेवक छैन । राजा भनेको कुलको सेवक हो । यज्ञ आदि कार्यमा राजा सम्झिन्छ । राजतन्त्रको गरिमा आफ्नै प्रकारको छ जो गणतन्त्रमा पाइँदैन । अहिले मानिस अनुशासनमा बसेनन् ।

**२०. आधुनिक विज्ञान र प्रविधिको उन्नतिको बारेमा देखेका कुरा जानकारी गराउन सक्नुहुन्छ ?**

◆ विज्ञानको विकास गर्ने अमेरिका, रूस, जर्मन हुन् । हामीलाई चाहिने धेरै कुरा उनीहरूले बनाइदिएका छन् ।

**२१. सय वर्ष अगाडिको युग र आजको युगको तुलनामा कुन समयमा सुख देख्नुहुन्छ ?**

◆ आजको युगमा । पहिले खानको धेरै दुख थियो । पेट भर्नलाई पनि धेरै दुःख गर्नुपर्थ्यो । अहिले सबै फसल हुन्छ । सबैलाई सुख त आज पनि छैन । केहीलाई आज पनि दुःख छ । पहिले धन नभए पनि खान सक्थे । आज धन छ भने सबै सुख छ धन नहुनेलाई आज पनि दुःख छ ।

**२२. इमानदारितामा पहिले र अहिले के फरक छ ?**

◆ उहिले इमान थियो । बेइमानहरूलाई कडा दण्ड दिइन्थ्यो । मानिस डराउँथे । अहिले डर हरायो । अपराध बढ्यो ।

ooo

# काली गण्डकी गाउँपालिकाको संक्षिप्त परिचय

✍ **चन्द्रप्रकाश उपाध्याय**
**तम्घास, गुल्मी**

## ऐतिहासिक पृष्ठभूमि

नेपालका सबैभन्दा ठूला तीनवटा नदीहरू छन् । ती हुन् - १. गण्डकी, २. कोशी र ३. कर्णाली । गण्डकी नेपालको मध्यभागमा पर्ने महानदी हो । यो नदी मुस्ताङको मुक्तिनाथ र दामोदर कुण्डबाट निःसृत भई कागबेनीमा मिसिएर कृष्णा गण्डकी नामले प्रख्यात भएको पाइन्छ । यसै नदीका किनारमा रहेका दुई स्थान नेपालका प्रसिद्ध चारधाममा पर्दछन् । मुक्तिक्षेत्र र रुरुक्षेत्र यसै नदीका पुण्य स्थलहरू हुन् । यस अतिरिक्त रुद्रवेणी, रानीघाट, राम्दी, केलादीघाट, देवघाट, नारायणघाट, त्रिवेणी आदि स्थानहरू यसै नदी किनारका प्रमुख ऐतिहासिक र धार्मिक स्थलहरू हुन् । बराहापुराण, स्कन्दपुराण, देवीभागवत, श्रीमद्भागवत आदिमा कृष्णा गण्डकीको महिमा गाइएको छ । स्कन्दपुराणको हिमवत् खण्डमा कृष्णा गण्डकी या शालिग्राम नदीको विस्तृत चर्चा छ । कृष्णा गण्डकीलाई शालिग्राम या चक्रनदी पनि भनिन्छ । कृष्णा गण्डकीको नेपाली नाम काली गण्डकी हो । हेर्दा काली देखिए पनि जल ज्यादै स्वच्छ, सफा र पवित्र छ । यहाँको जल ज्यादै कालो नीलो आकृतिमा देखिन्छ । त्यसैले काली भनिएको हो । काली गण्डकी भगवान् विष्णुको गण्डस्थल (गाला)बाट छुटेको पसिनाबाट उत्पत्ति भएकी हुँदा यिनलाई गण्डकी भनिएको हो । शालिग्राम शिलालाई साक्षात् विष्णुको स्वरूपमा पूजा गरिन्छ । विश्वमा शालिग्राम पाइने एकमात्र नदीलाई काली गण्डकी भनिएको छ । काली गण्डकीको जल अत्यन्त पवित्र मानिन्छ । काली गण्डकीमा स्नान गर्नाले र यहाँको जल पिउनाले शुद्ध भइने, मूर्खता हराउने, निरोगी भइने, जठराग्नि जागृत हुने, मृत्युपछि मोक्ष प्राप्त हुने जस्ता विशेषताहरू रहेका छन् । त्यसले गर्दा पवित्र तीर्थस्थलको रूपमा काली गण्डकीलाई लिने गरिन्छ । गण्डकी किनारका बस्तीहरू निकै पुराना मानिन्छन् । नदीहरू पानीका मात्र स्रोत नभएर, भाषा, साहित्य, सभ्यता, संस्कृतिको विकासका स्रोत पनि हुन् । गण्डकी प्रश्रवण क्षेत्रको भू-भाग निकै ठूलो छ । गण्डकी अञ्चल, गण्डकी प्रदेश, कृष्णा गण्डकी, काली गण्डकी आदि नामबाट विभिन्न स्थान परिचित छन् । धवलागिरि, गण्डकी, लुम्बिनी, नारायणी अञ्चलका विभिन्न जिल्ला र स्थानहरू यस नदीसँग जोडिएका छन् ।

प्राणीहरूलाई इहलोक र परलोकमा गतिमुक्ति दिने काली गण्डकीको परम पवित्रतालाई द्योतन गर्ने गरी काली गण्डकी किनारमा अवस्थित गुल्मी जिल्लाको एक स्थानीय निकायको नाम कालीगण्डकी राखिएको छ ।

## पुराण र साहित्यमा कालीगण्डकीको चर्चा

परमपावनी काली गण्डकीको चर्चा महर्षि व्यासदेखि अर्वाचीन कविहरूसम्मले गरेका छन् । पुराणहरूमा गण्डकीको चर्चा यत्रतत्र पाइन्छ । काली गण्डकी तेत्तीस कोटि देवतालाई जलगर्भमा राख्ने देवमाता हुन् । काली गण्डकीको बारेमा कविहरूले यसरी अभिव्यक्ति दिएका छन् :

स्वेदस्तु कुण्डरूपेण जातस्ततो विनिःसृता ।
प्रवदन्ती गण्डकीति नाम्ना भूमि प्रचारिता ।।

यस्या गर्भे स्वयं विष्णुश्चक्ररूपेण तिष्ठति ।
महेशाद्याः सर्वदेवाः शिलारूपेण संस्थिताः ।।

***- महर्षि व्यास - स्कन्दपुराण हिमवत्खण्ड***

इयं तनुर्नदीरूपा गण्डकीति च विश्रुता ।
पूता सुपुण्यदां नृणां पुण्ये भवतु भारते ।।

सद्यस्तद्देहजाता च बभूव गण्डकी नदी ।
ईश्वर सोऽपि शैलश्च तत्तीरे पुण्यदोनृणाम् ।।

***- महर्षि व्यास - श्रीमद्देवीभागवत***

त्वदन्या सुधन्या धुनी कास्ति पुण्या
विना विष्णुपादोद्भवां जह्नुकन्याम्
उभे पुण्यतोये तटिन्यौ हि धन्ये
शुभा गण्डकी वैष्णवी चापि गंगा ।

***- आद्य शंकराचार्य - गण्डकी स्तोत्रम्***

काली भए तापनि शुक्ल पार्छिन्
जाडो गराए पनि जाड्य हर्छिन्
उकाल्दछिन् यद्यपि निम्नगा छन्
बाङ्गी भएरै सरला यिनी छन् ।

***- माधवप्रसाद देवकोटा - रुरुगौरव, खण्डकाव्य***

अये शालग्रामी जयशुचिजला गण्डकी नदी ।
तपोयोगख्याता जय रुरु हरिस्थापनकरी ॥

रुरुक्षेत्र श्रेयस्कर रुरु तनू तीर्थ जय हे ।
कृपासिन्धो बन्धो जय-जय हृषीकेश भगवान् ।

***– उमानाथ पन्थी, गण्डकी गौरवम्***

मुक्तिनाथ् पनि भन्दछन् शिरमहाँ अग्नी स्वयं बल्दछन्
चक्राकार्जलमा हरी स्वरूपका शीला तहीं बन्दछन् ।

कृष्णा गण्डकीको अपार महिमा को सक्छ वर्णन् गरी
शालिग्राम्कन भै तहाँ रहनु भो वैकुण्ठका नाथ् हरी ।

***– रुक्माङ्गत पन्थी – शृङ्गिमाहात्म्य***

माछापुच्छ्रे गिरिशिखरको पारमा मुक्तिक्षेत्र
बल्छन् बत्ती भलमल जहाँ भुल्भुले मूलभित्र ।

तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिव्यधाम
काली गङ्गा ! भनन कसरी कुँद्दछ्यौ शालिग्राम ।


***– राष्ट्रकवि माधवप्रसाद घिमिरे – काली गण्डकी***

## काली गण्डकी गाउँपालिकाको परिचय

नेपाल सरकारबाट मिति २०७३/११/२२ मा ७ प्रदेश र ७५३ स्थानीय तह निर्माण गरी काली गण्डकी गाउँपालिका घोषणा गरिएको थियो । देशैभरि घोषणा भएका स्थानीय तहहरूलाई मिति २०७३/११/२७ मा राजपत्रमा प्रकाशित गरी काली गण्डकी गाउँपालिका घोषणा गरिएको थियो । देशैभरि घोषणा भएका स्थानीय तहहरूलाई मिति २०७३/१२/०१ का दिन एकैपटक सञ्चालनमा ल्याउने व्यवस्था भएबमोजिम सोही दिन काली गण्डकी गाउँपालिकाको कार्यालय विधिवत् स्थापना गरिएको थियो ।

काली गण्डकी गाउँपालिका प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा जैविक विविधताले भरिपूर्ण भएको गाउँपालिका हो । यस गाउँपालिकाअन्तर्गत साविकका सातवटा गा.वि.स.हरू हर्मिचौर, अर्वेनी, जयखानी, पूर्तिघाट, फोक्सिङ्, खड्गकोट र भुर्तुङ्ग रहेका छन् । १०१.०४ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा कालीगण्डकी नदी तथा पर्वतको बिहादी गाउँपालिका, पश्चिममा चन्द्रकोट

गाउँपालिका र सत्यवती गाउँपालिका, उत्तरमा बाग्लुङको जैमिनी नगरपालिका, स्याङ्जाको गल्याङ नगरपालिका र दक्षिणमा सत्यवती गाउँपालिका र काली गण्डकी गाउँपालिका, स्याङ्जा अवस्थित छन् । नेपालकै हालसम्मको सबैभन्दा ठूलो जलविद्युत् कालीगण्डकी 'ए' जलविद्युत् आयोजनादेखि साविक लुम्बिनी अञ्चलकै सबैभन्दा अग्लो टाकुरा थाप्ले तथा सत्यवती क्षेत्र यसै गाउँपालिकामा अवस्थित छन् । ऋषिमुनिहरूले अति मन पराएको यस क्षेत्रमा नेपालकै चर्चित धार्मिक स्थलहरू सत्यवती, शालिग्राम शिला, शिवालय, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, गणेश मन्दिर, सिद्धस्थान मन्दिर, पातालको शिवालय, हिलेसिद्ध जस्ता सयौं मन्दिर र थानहरू रहेका छन् । यस क्षेत्रमा विशेषतः दक्ष प्रजापतिले महायज्ञ गर्दा सतीदेवीले हाम फालेको यज्ञकुण्ड जयखानीमा अवस्थित बेलटारी क्षेत्रदेखि सतीदेवीको अङ्ग पतन भएको सिद्धस्थान क्षेत्र पनि यसै गाउँपालिकाभित्र पर्दछन् । शिवालय मन्दिर बेलटारी, राधाकृष्ण मन्दिर पूर्तिघाट तथा लक्ष्मीनारायण मन्दिर फूलबारी २०० वर्षभन्दा पुरानो इतिहास बाकेर बसेका ऐतिहासिक धरोहर हुन् । यी यहाँका प्रमुख सांस्कृतिक तथा धार्मिक सम्पदाहरू हुन् ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

प्राकृतिक कारणले पनि यो क्षेत्र अत्यन्तै मनोहर रहेको छ । यस क्षेत्रमा रहेका सत्यवती लेक, हिले लेक, काली लेक, थाप्ले जस्ता चुचुराहरूबाट सजिलै

हिमशृङ्खलाहरूको अवलोकन गर्न सकिन्छ । काली गण्डकी तटदेखि थाप्ले लेकसम्मको जैविक विविधता उल्लेखनीय छ । सालको जङ्गलदेखि धुपी सल्ला, खर्सुसम्मका वनस्पतिहरू यहाँ पाइन्छन् । अधिकांश भू-भाग जंगल क्षेत्रले ढाकिएको हुँदा प्राकृतिक जडिबुटी र वन पैदावारहरूले अत्यन्त धनी यस गाउँपालिकामा जडिबुटी सङ्कलन तथा प्रशोधन केन्द्र र वन पैदावारमा आधारित उद्योग स्थापना गरी नेपालकै नमूना क्षेत्र निर्माण गर्न सकिने अवसर छ ।



यस गाउँपालिकाका ७ वटा वडामध्ये ६ वटा वडाका अधिकांश भागलाई समेटेर चीन र भारत जोड्ने रणनीतिक तथा सामरिक महत्त्वको काली गण्डकी करिडोर निर्माणाधीन अवस्थामा रहेको छ । विश्वकै सबैभन्दा धेरै हिन्दू जनसङ्ख्या भएको मुलुक भारत र हिन्दू धर्मावलम्बीको महत्त्वपूर्ण तीर्थस्थल मुक्तिक्षेत्र भएकोले आगामी दिनमा यो करिडोर तीर्थयात्रीको हवको रूपमा विकास हुने देखिन्छ । धार्मिक पर्यटन, कृषि पर्यटन तथा साहसिक पर्यटन, स्याफ्टिङ्ग, बञ्जिजम्प, प्याराग्लाइडिङ्ग तथा रक क्लाइम्बिङ्गको अथाह समभावना यस क्षेत्रमा रहेको छ । अर्गानिक खेतीका लागि प्रशस्त उर्वर भूमि तथा फलफूल खेती र पशुपालनको लागि प्रशस्त जैविक पूर्वाधार तथा जलसम्पदा रहेको छ ।

यो क्षेत्र मौलिक लोक संस्कृतिमा पनि उत्तिकै धनी छ । जातीय विविधतासँगै सबैका आ-आफ्ना मौलिक संस्कृति र भेषभूषा र परम्परा विद्यमान छन् । मारूनी, घाटु, रत्यौली, रोइला, सोरठी, नाङ्गे नाच, सरायँनाच, लाखेनाच, भजन, ख्याली यस क्षेत्रमा सदियौंदेखि आजपर्यन्त गाउँदै, नाच्दै आइएको पाइन्छ । यस पालिकाको वडा नं. ७, धुवाँखोलामा सामुदायिक होमस्टे सञ्चालन भइरहेको छ । जसबाट मौलिक लोक संस्कृतिको जगेर्ना गर्न तथा ग्रामीण स्तरसम्म पर्यटनको आर्थिक लाभ पुगेको छ । यस क्षेत्रका मानिसहरू शिक्षा, स्वास्थ्य, रोजगार, कृषियोग्य जमिन, आधुनिक जीवनशैलीतर्फ आकृष्ट हुँदै गइरहेकोले बसाइँसराइको दर उच्च रहेको छ । केन्द्रीय तथ्याङ्क विभागद्वारा गरिएको २०६८ सालको जनगणनाअनुसार तपसिल बमोजिमको जनसङ्ख्याको बनोट तथा विवरण रहेको छ :-

| वडा नं. | साविक गा.वि.स. | हालको वडा नं. | पुरुष | महिला | जम्मा | घरधुरी | क्षेत्रफल वर्ग कि.मि. |
|---|---|---|---|---|---|---|---|
| १ | हर्मिचौर | १ | ११०१ | १३२५ | २४२६ | ५२७ | १३.५५ |
| २ | अर्वेनी | २ | १२०८ | १५७५ | २७८३ | ५८३ | १०.८४ |
| ३ | जयखानी | ३ | ५६८ | ७२६ | १२९४ | २७० | १३.४१ |
| ४ | पूर्तिघाट | ४ | ९०६ | ११४० | २०४६ | ४३७ | ११.१३ |
| ५ | फोक्सिङ्ग | ५ | ११६४ | १४४० | २६०४ | ५८० | १९.७८ |
| ६ | खड्गकोट | ६ | १६६४ | २१७० | ३८३४ | ८३७ | १७.०६ |
| ७ | भुर्तुङ्ग | ७ | १६६६ | २१८१ | ३८४७ | ८६४ | १५.२७ |
| **जम्मा** | | | ८२७७ | १०५५७ | १८८३४ | ४०९८ | १०१.०४ |

## काली गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाका सदस्यहरूको नामावली

| क्र.सं. | नाम, थर | पद | वडा नं. | मो.नं. |
|---|---|---|---|---|
| १ | वेदबहादुर थापा | अध्यक्ष | ६ | ९८५७०६१७०१<br>९८२७४३३७२२ |
| २ | तारा थापा | उपाध्यक्ष | ५ | ९८२४४६८९१९ |
| ३ | ठानिश्वर पाण्डे | वडाध्यक्ष | १ | ९८४७१६२७९३ |
| ४ | देवीप्रसाद न्यौपाने | वडाध्यक्ष | २ | ९८४७१४५८१८<br>९८५७०७२८१८ |
| ५ | हेमचन्द्र बुढा | वडाध्यक्ष | ३ | ९८४७४३२७९९ |
| ६ | सु. होमबहादुर थापा | वडाध्यक्ष | ४ | ९८५७०८२९०८<br>९८०६११६४४८ |
| ७ | थम्मनसिंह आले | वडाध्यक्ष | ५ | ९८५७०७३८०५ |
| ८ | कविराज ढकाल | वडाध्यक्ष | ६ | ९८५७०५७३७८<br>९८१४१४०८८० |
| ९ | लोकप्रताप शाह | वडाध्यक्ष | ७ | ९८५७०७६००७<br>९८५७०६७००६ |
| १० | फटिकराज सुनार | कार्यपालिका सदस्य | २ | ९७४७०५६६४५<br>९८०७४४५७५३ |

| क्र.सं. | नाम, थर | पद | वडा नं. | मो.नं. |
|---|---|---|---|---|
| ११ | मीना परियार | कार्यपालिका सदस्य | ४ | ९८१७४४९३५१<br>९८६३२९२०९७ |
| १२ | कौशल्या नेपाली | कार्यपालिका सदस्य | ५ | ९८४४७२६६४८ |
| १३ | पवित्रा गिरी | कार्यपालिका सदस्य | ४ | ९८०८७९१७१० |
| १४ | मीना गौतम | कार्यपालिका सदस्य | ७ | ९८६७१०९४३३ |

यस गाउँपालिकाले वार्षिक विकास योजना तयार गरेको छ । आ.व. २०७६/०७७ का लागि पाचौं गाउँसभाबाट नीति, कार्यक्रम तथा बजेट पारित गरेको छ ।

**"कृषि, वन, जडिबुटी, पर्यटन, युवा स्वरोजगार र भौतिक पूर्वाधार ।**
**समावेशी विकास नै काली गण्डकी गाउँपालिकाको आधार ।।"**

भन्ने यस गाउँपालिकाको दीर्घकालीन सोंचअन्तर्गतको प्रमुख नीति रहेको छ । कालीगण्डकी गाउँपालिकालाई आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रूपबाट समुन्नत, आत्मनिर्भर र स्वावलम्बी बनाउने मुख्य लक्ष्य निर्धारण गरिएको छ । गाउँपालिकाले वस्तुचित्र तयार गर्दैछ । यसबाट गाउँपालिकाको वास्तविक वस्तुस्थिति बोध गर्न सबैलाई सजिलो हुनेछ ।

कालिगण्डकी गाउँपालिकामा ४४ वटा सामुदायिक र ४ वटा संस्थागत गरी जम्मा ४८ वटा विद्यालयहरू रहेका छन् । यीमध्ये एउटा विद्यालय श्री शालिग्राम वेदवेदाङ्ग संस्कृत विद्यालय, धार्मिक विद्यालय हो । दुर्गाभवन मा.वि.मा प्राविधिक धार ९-१२ अन्तरगत बाली विज्ञान सञ्चालित छ । यस पालिकाअन्तर्गत ७ वटा वडाहरू रहेकोमा १ नं. वडामा ६, २ नं. वडामा ७, ३ नं. वडामा ४, ४ नं. वडामा ७, ५ नं. वडामा ६, ६ नं. वडामा ९ र ७ नं. वडामा ९ वटा विद्यालयहरू रहेका छन् । यहाँको शैक्षिक अवस्था मध्यम प्रकृतिको छ । समग्र गाउँपालिकाको २०७४ सालको औसत सिकाइ उपलब्धि ४९ रहेको थियो । २०७५ सालमा ५५ र २०७६ सालमा सो बढेर ६० पुगेको छ । यसबाट यस कालिगण्डकी गाउँपालिकाको सिकाइ सुधारोन्मुख रहेको प्रष्ट हुन्छ ।

## विद्यालय विवरण

| क्र.सं. | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बालविकास | ४३ | ५ (गा.पा.अनुदान बाट) | ४८ |
| २ | प्राथमिक (१-५) | २८ | २ | ३० |

| क्र.सं. | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| ३ | नि.मा.वि. (६-८) | ६ | २ | ८ |
| ४ | मा.वि. (९-१०) | ४ | ० | ४ |
| ५ | मा.वि. (११-१२) | ६ | ० | ६ |
| | जम्मा | ८७ | ९ | ९६ |

## शिक्षक विवरण

| क्र.सं. | विवरण | दरबन्दी | राहतरअनुदान | जम्मा |
|---|---|---|---|---|
| १ | बाल विकास | ४३ | | ४३ |
| २ | प्राथमिक (१-५) | १२० | १८ | १३८ |
| ३ | नि.मा.वि. (६-८) | १७ | १५ | ३२ |
| ४ | मा.वि. (९-१०) | २६ | ९ | ३५ |
| ५ | मा.वि. (११-१२) | ० | १२ | १२ |
| ६ | प्राविधिक धारतर्फ | ३ | | ३ |
| **जम्मा** | | २०९ | ५४ | २६३ |

## विद्यार्थी विवरण

| क्र. सं. | तह | छात्रा | छात्र | जम्मा | दलित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाल विकास | २५१ | २९५ | ५४६ | ६५ | |
| २ | प्राथमिक (१-५) | ८१३ | ८९७ | १७१० | ४५७ | |
| ३ | नि.मा.वि. (६-८) | ५०० | ५१२ | १०१२ | २४४ | |
| ४ | मा.वि. (९-१०) | ३४२ | ३११ | ६५३ | १७० | |
| ५ | मा.वि. (११-१२) | २१७ | २०० | ४१७ | ७८ | |
| ६ | प्राविधिक धारतर्फ | २९ | ४४ | ७३ | | |

काली गण्डकीको पावन नाममा नामकरण भएको यो गाउँपालिका संस्कृति, सभ्यता र सम्पदामा अग्रणी छ । भौतिक विकास र समृद्धिको लागि गाउँपालिकाको नेतृत्व कार्यरत छ । कृषि र पर्यटन यहाँका सम्भावनाहरू हुन् । पतित पावनी काली गण्डकीको दाहिने काखमा अवस्थित यस गाउँपालिकाको चौतर्फी उन्नति हुँदै जाओस् यही कामना छ ।

ooo

# पुस्तकालयहरूको लहरमा दायित्व पुस्तकालय

✍ **रामप्रसाद पन्त**
**अध्यक्ष : दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल**

साहित्यका लागि मात्र होइन, कुनै पनि सांसारिक ज्ञानप्राप्तिका लागि ज्ञानभण्डारको आवश्यक पर्छ । त्यो ज्ञान सिधै गुरुबाट पनि प्राप्त गर्न सकिन्छ र लिपिबद्ध भएका पुस्तकहरूको अध्ययनबाट पनि प्राप्त गर्न सकिन्छ । तिनै पुस्तकहरूको भण्डार हो पुस्तकालय । पुस्तकहरूको आलय अर्थात् पुस्तकहरूको घर, जहाँ सयौँ हजारौँ मात्र होइन लाखौँको सङ्ख्यामा पुस्तकहरू सङ्गृहीत गरिएका हुन्छन् । लाइब्रेरी अफ काँग्रेस, ब्रिटिस नेशनल लाइब्रेरी र नेपालका सन्दर्भमा भन्ने हो भने राष्ट्रिय पुस्तकालय, केन्द्रीय पुस्तकालय र केशर पुस्तकालय आदिलाई लिन सकिन्छ ।

'पुरानो कोट लगाऊ, नयाँ पुस्तक किन' - थोरोको यो भनाइ ज्ञानार्जनका लागि पर्याप्त छ । तर नेपालको सन्दर्भमा सबैभन्दा बढी लेखिने र कालान्तरसम्म नटिक्ने मध्येको संस्था हो पुस्तकालय । यसको मुख्य कारण हो - पुस्तकालयको उपादेयता नबुझीकन खोल्नु र यसको दूरगामी पक्षसँग अनभिज्ञ रहनु । अर्थात् युवा जोश देखायो, पुस्तकालय खुल्यो । पुस्तकको सुरक्षामा ध्यान दिने निरन्तरता हुन सकेन, बन्द भयो । किताबहरू धुलाम्मे भए, धमिरा र मुसाले खाए, ओसिए, मासिए, समाप्त भए ।

पुस्तकालय सञ्चालन गर्नु भनेको निरन्तरको अभियान हो । एउटा पुस्ताले स्थापना गरेको पुस्तकालय उसको शेषपछि संरक्षणका लागि अर्को पुस्ता तयार हुनुपर्छ तर हामीकहाँ त्यस्तो संस्कृति बसिसकेको छैन । बाबुले चाख लिएर खोलेको पुस्तकालयमा छोराले पनि रुचि राख्छ भन्ने कुनै ग्यारेन्टी छैन । बाबुका लागि त्यही पुस्तक हीरा थियो भने छोराका लागि कीरा हुन सक्छ । अनि सकिन्छ पुस्तकालयको किस्सा । यसैले आवश्यक पर्छ - पुस्तकालयमाथि सरकारी संरक्षण । किनकि पुस्तकालय राष्ट्रको सम्पत्ति हो । ज्ञान जनजनको आवश्यकता हो ।

हाम्रोजस्तो बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय भएको देशमा विभिन्न भाषीका पुस्तकहरू सुरक्षित राख्नका लागि पुस्तकहरूको विशाल सङ्ग्रहालय हुनु जरूरी छ । ऐतिहासिक अभिलेखहरूका लागि राष्ट्रिय

अभिलेखालय र पुरातात्विक वस्तुहरूको संरक्षणार्थ पुरातात्त्विक सङ्ग्रहालय सुव्यवस्थित रूपमा सञ्चालन हुनुपर्छ । जसबाट विविध नेपाली जनजाति, धर्म र संस्कृतिमाथि अध्ययन गर्नेहरूका लागि एउटा महत्त्वपूर्ण थलो बनोस् र अध्ययन अनुसन्धानको कार्यले निरन्तरता पाओस् ।

हामीकहाँ सरकारी संरक्षणप्राप्त पुस्तकालयको अवस्था पनि राम्रो छैन । २०७२ सालको महाभूकम्पपछि क्षतिग्रस्त भएका पुस्तकालयहरू केही पुनर्निर्माण भए, केही पुनर्निर्माणको क्रममा छन् र केहीको पुनर्निर्माण हुने अझसम्म पनि अत्तोपत्तो छैन । केन्द्रीय पुस्तकालय बौरिएको अवस्थामा छ । केशर पुस्तकालय र मदन पुरस्कार गुठीबाट सञ्चालन भइरहेका मदन पुस्तकालयहरू बौरिने अवस्थामा छन् तर राष्ट्रिय पुस्तकालय अझै पनि बोरामा बाँधिएको अवस्थामा छ । पुस्तकालय बनाउन भनी छुट्याइएको जमलको जग्गामा पनि व्यापारी र भूमाफियाका आँखा परिसकेका छन् । भोलिका दिनमा के हुने हो, कुनै निश्चित छैन । सरकारी पुस्तकालयको यस्तो हालत छ भने निजीस्तरमा स्थापना गरिएका टोलछिमेकका पुस्तकालयहरू र एकल अभिरुचिमा स्थापना गरिएका घरघरका पुस्तकालयहरूको अवस्था कस्तो होला ?

केही वर्षयता डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको स्वामीत्व पनि नेपाल सरकारले स्वीकारेको छ । सरकारी नियन्त्रणमा गइसकेपछि जुनसुकै चीजको पनि अधोगति देख्नुपर्ने विडम्बनाले त्रसित हाम्रो मन द्विविधामा छ– यसले गति कस्तो लिने हो ! तर व्यवस्थापन पक्ष राम्रो भएकोले यस पुस्तकालयले गति राम्रै लेला भन्ने आशा गर्न सकिन्छ ।

वर्तमान अवस्थितिमा नेपालको साहित्यिक क्षेत्र यति फस्टाएको छ, दैनिक सालाखाला आठदशवटाका दरले किताबहरू प्रकाशित हुन्छन् । साहित्यिक संस्थाहरूको अभिवृद्धि हुँदै गएजसरी साहित्यकारहरू पनि बढेका छन् र तदनुरूप कृतिहरू पनि प्रकाशित भइरहेका छन् । एउटा कृति विमोचन कार्यक्रममा जाँदा त्यो कृतिसँगसँगै अन्य चारपाँचवटा कृति हात लाग्छन् । ती कृतिहरूमाथि सर्सर्ती नजर त लगाउनै पर्‍यो, अनि थन्क्याउने कहाँ ? थुपार्दा थुपार्दै चाङ बन्छ । ठाउँ छ भने लाइन लगाएर राख्नुपर्‍यो । खात बनाउनुपर्‍यो, अन्यथा कसैलाई दिनुपर्‍यो । लिने मानिस सत्पात्र पर्‍यो भने त त्यसले गाउँको कुनै पुस्तकालयमा लगेर राख्ला, परेन भने उसले सके त बेचेरै खाला, सकेन भने खाली सिसी पुराना कागजमा पनि दर्ता गरिदेला ! अनि त मालको कुमाल, भिल्लका देशमा मणि ।

मलाई यस्तै अनुभव भएको छ, मैले कसैलाई लेखेर दिएका उपहारस्वरूप किताबहरू फुटपाथमा बिक्रीका लागि राखिएको अवस्थामा भेटिएका छन् । सरस्वतीमाथि बेइमानी, सरस्वतीपुत्रको सदासयतामाथिको यस्तो बेइमानी पनि हुने

गरेको छ । विमोचन कार्यक्रममा सित्तैमा पाएको किताब लेखकले पुस्र्याउनुभन्दा अघि नै अरू कसैले लगेर पुस्तकालयमा बेचेको अनुभव पनि छ मसँग ।

राष्ट्रले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुपर्ने हो । गाउँपालिका वा नगरपालिकामा मात्र होइन, वडावडामा पुस्तकालयको व्यवस्था हुनुपर्ने हो तर शिशु अवस्थामा रहेको सङ्घीयताबाट त्यो आश गर्नु पनि व्यर्थ हुन्छ । अतः साहित्यिक क्षेत्र व्यवस्थित रूपमा सञ्चालन हुन हामीले अझ लामै समय पर्खनुपर्छ ।

राष्ट्रका पुस्तकालयहरूको यसप्रकारको चर्चा गर्दै गर्दा हामीले गुल्मी तम्घासमा स्थापित किरण पुस्तकालयको स्थायित्वका बारेमा पनि कुरा गर्नुपर्ने हुन्छ र पाल्पाको तानसेनमा स्थापित धवल पुस्तकालयको पनि चर्चा गर्नुपर्ने हुन्छ । यस प्रकारका जिल्लास्तरीय पुस्तकालयहरू कति जिल्लामा सञ्चालित होलान्, तिनको अवस्था पनि बुझ्नुपर्ने हुन्छ ।




पछिल्लो चरणमा दायित्व वाङ्मय प्रतिष्ठानले पनि आफ्नै भवन बनाएर पुस्तकालय स्थापना गर्ने र कार्यालय एवं कार्यक्रमहरूको सञ्चालन पनि त्यसै भवनमा गर्ने उद्देश्य राखेर बजेट जुटाउने अभियानमा लाग्यो । निःस्वार्थ सेवाभाव राखेर अगाडि बढ्दा सफलता हात लाग्दो रहेछ । हामीले वाग्मती प्रदेश सरकारसँग गरेको अनुरोधले निर्णायक भूमिका खेल्यो । हामीलाई भवन निर्माण गर्नका लागि ३० लाख आर्थिक सहयोग प्राप्त हुने भयो ।

तर विडम्बना यस्तो भयो, जग्गाविहीन अवस्थामा रहेको दायित्व वाङ्मय प्रतिष्ठानले जग्गा कहाँबाट कसरी उपलब्ध गराउने र भवन निर्माण गर्ने ? हामी जग्गाको खोजीमा लाग्यौँ । लामो प्रयासपछि बूढानीलकण्ठ नगरपालिकाले जग्गा

उपलब्ध गरायो । हामीले निर्माणकार्य ढिलो गरेनौँ किनकि प्रतिष्ठानलाई प्राप्त बजेट एक आर्थिक वर्षभित्र खर्च गरिसक्नुपर्थ्यो ।

हामीले २०७६ सालको शुभारम्भसँगै अर्थात् वैशाख १ गते भवन शिल्यान्यास गर्‍यौं र त्यसै सालको असार मसान्तसम्म निर्माण सम्पन्न गरी घटस्थापनाको शुभसाइतमा उद्घाटन पनि गर्‍यौँ ।

उद्घाटनपछिका पाँच महिनामा हामीले तीनचारवटा कार्यक्रमहरू त्यसै भवनमा सम्पन्न गर्‍यौँ र तीनवटा एटेज दराजहरू निर्माण गरी किताब सङ्कलन गर्ने काम पनि जारी राख्यौँ । पुस्तकालयलाई व्यवस्थित गर्दै गर्दा २०७६ चैत्र ११ देखि कोभिड-१९ ले हामीलाई बन्दाबन्दीमा पार्‍यो र अहिले पनि पारिरहेकै छ । हामी स्वतन्त्र रूपले हिँड्न र पुस्तकालयका गतिविधिहरू एवं प्रतिष्ठानका कार्यक्रमहरूलाई अगाडि बढाउन सकेका छैनौँ/प्रतिफल यही भएको छ, किताबहरूको सङ्ख्या २५ सयभन्दा बढाउन सकिएको छैन । हामीलाई आशा छ - कोरोना सङ्क्रमणको अन्त्यपछि दाताहरूबाट प्राप्त हुने किताबहरू पनि हामीले सङ्कलन गर्नेछौँ र प्रतिष्ठानका अन्य गतिविधिहरूलाई पनि निरन्तरता दिनेछौँ ।

हामीलाई ठूलो सन्तोषको विषय के भएको छ भने दायित्व वाङ्मय प्रतिष्ठान यसै पनि स्थापित भइसकेको संस्था थियो, यस भवनको निर्माणले चिरस्थायी बनाएको छ र बूढानीलकण्ठ नगरपालिकामा एउटा मात्र पुस्तकालयको रूपमा दायित्व पुस्तकालय स्थापित हुँदा त्यस क्षेत्रका साहित्यकार एवं साहित्यप्रेमीहरूका लागि पनि ज्ञान आर्जन गर्ने केन्द्रबिन्दु बनेको छ ।

०००


## व्यवसायी महानुभावहरूलाई सूचना

**तपाईं व्यवसाय सुरूवात गर्दै हुनुहुन्छ वा सञ्चालन गरेर अलमलमा पर्नुभएको छ भने निम्न कुराहरूमा ध्यान दिनुहोला ।**

❑ व्यवसाय दर्ता । ❑ व्यवसायको कर दर्ता/नवीकरण । ❑ व्यवसायको साईनबोर्ड❑ व्यवसायमा वस्तुहरूको मूल्यसूची सबैले देख्नेगरी राख्नुहोस् । ❑ वस्तुहरूको लेबलिङ्ग । ❑ वस्तुको बिक्रीमूल्य, उत्पादन तथा म्याद नाघ्ने मिति हेर्नुहोस् । ❑ वस्तुको मिश्रण (वस्तुको प्रकृति अनुसार) । ❑ वस्तुहरूको गुणस्तर ।

**अनुरोधक**

**गुल्मी उद्योग वाणिज्य संघ**

# पुस्तकालयका विविध गतिविधि

२०७७ कार्तिक २७ गते किरण पुस्तकालयले आफ्नो ५२ औं वार्षिकोत्सव र ११२ औं देवकोटा जयन्ती विविध कार्यक्रमको आयोजना गरी मनायो । त्यसैगरी २०७७ पुस १५ गते कविशिरोमणि लेखनाथ पौडेलको १३७ औं जन्मजयन्ती पुस्तकालयको निर्माणाधीन भवनको सभाहलमा मनाइयो ।

यस अवधिमा पुस्तकालयका आजीवन सदस्यहरूको सङ्ख्यामा पनि वृद्धि भएको छ । पुस्तकालयका संरक्षक, विशिष्ट र आजीवन सदस्यहरूको जम्मा सङ्ख्या १२१ छ । तीमध्ये १६ जना सदस्यहरू दिवंगत भएका छन् । अहिले १०५ जना सदस्यहरूको पुस्तकालयसभा रहेको छ । पुस्तकालयसभाको ५३ औं अधिवेशन २०७७ माघ २४ गतेका लागि निर्धारण गरिएको छ । उक्त सभा तम्घासको बालमन्दिरमा आयोजना गरिनेछ ।

पुस्तकालयको नयाँ भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । यस बीचमा निर्माणाधीन नयाँ भवनको माननीय गोकर्णराज बिष्टले दोस्रो पटक निरीक्षण गर्नुभएको थियो र निर्माणसम्बन्धी गतिविधिहरूको जानकारी लिनुभएको थियो ।

किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' त्रैमासिकका प्रस्तुत अङ्कसहित जम्मा ८८ अङ्क प्रकाशनमा आएका छन् । यसको २०७७ साल माघ-चैतको सम्पूर्णाङ्क ८९ पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्कको रूपमा प्रकाशनमा ल्याउने योजना रहेको छ ।

यस वर्ष किरण पुस्तकालय प्रकाशनमालाको १९ औं पुष्प 'बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र' नामक शोधमूलक कृति प्रकाशमा ल्याउने तयारी भइरहेको छ । बृहस्पतिका आर्थिक, राजनीतिक विचारहरूको शोधखोज, अध्ययन, अनुसन्धान र अनुशीलनका लागि यो कृति उपयोगी हुनेछ भन्ने विश्वासका साथ यसको प्रकाशन पुस्तकालयबाट गर्न लागिएको हो । प्रा.डा. बाबुराम ज्ञवालीद्वारा लिखित बार्हस्पत्य राजार्थशास्त्रको प्रकाशन २०७७ माघभित्र पूर्ण हुने आशा राखिएको छ ।


गुल्मी जिल्लामा पुस्तकालयसम्बन्धी दक्ष जनशक्तिको अभावलाई दृष्टिगत गरी आगामी दिनमा दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले ७ दिने पुस्तकालयसम्बन्धी तालिम सञ्चालन गर्ने प्रस्ताव पुस्तकालयले तयार गर्न लागेको छ ।

– *सचिव*

ooo

# नौलो सृष्टि : सानो दृष्टि

## १. शतवार्षिक महोत्सव स्मारिका





गुल्मी जिल्लाको सबैभन्दा पुरानो एवं शैक्षिक धरोहर संस्कृत प्रधान पाठशाला श्री संस्कृत तथा साधारण माध्यमिक विद्यालय, रुरुक्षेत्र गा.पा.-१,गुल्मीले आफ्नो शतवार्षिकी महोत्सव स्मारिका-२०७६ प्रकाशित गरेको छ । सबै गर्दा झण्डै ३५० जति पृष्ठमा विद्यालयका उपलब्ध भएसम्मका विवरणहरूका साथै सिकारूदेखि सिद्धहस्त लेखकसम्मका रचनालाई स्थान दिइएको छ ।

शैक्षिक इतिहास हेर्दा वि.सं. १९५९ मा स्थापित रुरु संस्कृत पाठशाला सायद ठोस प्रमाणका अभावमा हो कि? वि.सं. २०७४ लाई शतवार्षिकी समारोहको वर्ष मानिएको अथवा अन्य कुनै कारणहरू होलान् । यही महोत्सवलगायत प्राप्त भएसम्मका प्रमाणहरू खोजेर तयार पारिएको प्रस्तुत स्मारिका गुल्मी जिल्लाको शैक्षिक इतिहासको जग बुझ्न चाहनेहरूका लागि अत्यन्त उपयोगी सामग्री बनेको छ ।

यसभित्र राष्ट्रपति, परराष्ट्र मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, मन्त्री, सांसद, प्रदेश सांसद, मुख्यमन्त्री, प्रदेशमन्त्रीलगायत रुरु गाउँपालिकासम्मका शुभकामना मन्तव्यहरू राखिएको छ । रुरुक्षेत्रलाई विहङ्गम दृष्टिबाट चिनाउन प्रा.डा. वेणीमाधव ढकाल, रमणीय रुरुक्षेत्र तपस्विनी रुरुकन्या र भगवान् हृषीकेश' लेखमार्फत क्रियाशील हुनुभएको छ भने शशि पन्थीले 'गुल्मीको शैक्षिक इतिहासको धरोहर : संस्कृत माध्यमिक विद्यालय' लेखद्वारा ऐतिहासिक साक्ष्यका आधारमा वि.सं. १९५९ लाई स्थापना वर्ष हो भन्ने निष्कर्ष दिनुभएको छ । यस विद्यालयसँग प्रत्यक्ष वा परोक्ष रूपमा सरोकार राख्ने सबैका लेख रचनाहरू अत्यन्त सान्दर्भिक एवं यस पीठलाई उजेल्याउने प्रकारका छन् भने अन्य रचनाहरू ज्ञानविज्ञानका विविध पक्षलाई समेट्ने खालका छन् । विद्यालयका विद्यार्थी शिक्षक हुँदै अन्य समयमा पनि विद्यालयको स्तरोन्नतिमा अहोरात्र खट्नुहुने श्री ज्ञानेश्वर ज्ञवाली (देवेश्वर सरस्वती)ज्यूसँग लिइएको अन्तर्वार्ता अत्यन्त महत्त्वपूर्ण छ । अन्य सामग्रीहरू अत्यन्त पठनीय छन् । स्मारिका वर्णविन्यासका झिनामसिना कसरमसर छोडेर अन्य पक्षबाट स्तरीय बनेको छ । विद्यालयले थप प्रगति गर्दै गुल्मीको शैक्षिक साख जोगाइरहोस् । शुभकामना !!

## २. देवकोटा र निरालाका कवितामा विद्रोही स्वर

नेपाली भाषा, साहित्य, शिक्षासेवा, सामजसेवाका दीर्घ मनीषी डा. रामप्रसाद शर्मा ज्ञवालीका तीन दर्जनजति लेख रचनाहरू प्रकाशित छन् । यस्तै कृतिहरूमध्ये "देवकोटा र निरालाका कवितामा विद्रोही स्वर" समीक्षाग्रन्थ निकै महत्त्वपूर्ण ग्रन्थ हो । सूर्यकान्त त्रिपाठी निराला, भारतमा प्रचलित, दमन, शोषण, उपनिवेशका परिणामस्वरूप विद्रोही बनेर देखापरेका थिए । दुबैका काव्यसाधनामा अत्यन्त व्यङ्ग्य विद्रोही भावाभिव्यक्ति पाइने हुँदा यी अपरिमित व्यक्तित्वलाई प्रस्तुत समीक्षा ग्रन्थमा समेट्नुभएको छ ।





यो ग्रन्थ सात परिच्छेदमा तयार गरिएको छ । पहिलो परिच्छेदमा सन्दर्भ र पृष्ठभूमिको रूपमा नेपाल र भारतको उल्लेख गरी व्यक्तित्व र कृतित्वको सर्वेक्षण गरिएको छ । दोस्रो परिच्छेदलाई पुनः दुई भागमा विभाजन गरी नेपालमा आएको राष्ट्रिय भावधाराको सन्दर्भ र भारतको राष्ट्रिय जागरणलाई समेटिएको छ । तेस्रो परिच्छेदमा देवकोटा र निरालाको व्यक्तित्व र कृतित्वको तुलनात्मक विवेचना गरिएको छ । चौथो परिच्छेदमा नेपाली र हिन्दी स्वच्छन्दतावादको चर्चा गरिएको छ । पाँचौं परिच्छेदमा विद्रोहको सैद्धान्तिक विवेचना गर्नुका साथै विद्रोहको परम्परा र वर्तमान समयमा देखिएको काव्यात्मक विद्रोहमाथि प्रकाश पारिएको छ । षष्ठ परिच्छेदमा देवकोटाका कविता काव्यमा विद्रोही स्वर र सातौं परिच्छेदमा निरालाका कविता काव्यमा विद्रोही स्वरलाई उजागर गरिएको छ ।

नेपाली र हिन्दी साहित्यको इतिहासमा क्रमशः देवकोटा र निराला दुबै सामान्य मानिसहरूले बुझ्नै नसकिने प्रतिभा हुन् । दुबैको काव्यात्मक उच्चताले उतुङ्ग शिखर छोएको छ । यस्ता व्यक्तित्वहरूमा देखा परेको विद्रोही स्वरको नालीबेली केलाएर यति सहज समीक्षाग्रन्थ तयार गर्ने डा. रामप्रसाद ज्ञवालीको अनुसन्धान तपलाई हार्दिक नमन । यस कीर्तिले देवकोटा र निरालाका बारेमा बुझ्न चाहनेहरूका लागि मार्ग प्रशस्त गर्ने अपेक्षा गर्न सकिन्छ ।

## ३. बाबाको महाप्रस्थान

अर्घाखाँची जिल्ला ठूला पोखरामा जन्मनु भएका देवराज पाण्डेको शोक संस्मरणमा स्मृति-ग्रन्थ 'बाबाको महाप्रस्थान' उहाँका सुपुत्र हेमराज पाण्डेको

सम्पादन, संयोजन र अनिल पौडेल, कुसुम पाण्डे, इन्दु पाण्डे, विकास पाण्डेसमेतको सम्पादकत्वमा प्रकाशित भएको छ । उक्त ग्रन्थको प्रकाशक तुल्सीचन्द्र स्मृति प्रतिष्ठान रहेको छ । यो संस्था पनि श्री हेमराज पाण्डेले आफ्ना हजुरआमा, हजुरबाबाको नाममा स्थापना गर्नु भएको संस्था हो । यसको प्रधान कार्यालय भक्तपुरको गट्टाघरमा रहेको छ । आरम्भमा पतिदेवलाई सम्झिंदा भनेर देवराज पाण्डेकी श्रीमती दुनकला पाण्डेको संस्मरण राखिएको यो ग्रन्थमा डा. भागवत ढकालले तुल्सी - चन्द्र स्मृति प्रतिष्ठानको परिचय दिनुभएको छ भने आवरण लेख उहाँकै सुपुत्र हेमराज पाण्डेले तयार गर्नुभएको छ ।




यस ग्रन्थलाई प्रमुख तीन खण्डमा तयार गरिएको छ । पहिलो खण्डमा मोदनाथ प्रश्रित, डा. होमनाथ भट्टराई, डा. रामबहादुर बी.सी., शशि पन्थीलगायतका ३६ जना विद्वान्हरूले स्व. देवराज पाण्डेको व्यक्तित्वमाथि प्रकाश पार्नुभएको छ । दोस्रो खण्डलाई संस्मरण खण्डको नाम दिइएको छ । यस खण्डमा उहाँका ज्येष्ठ सुपुत्र भोजराज पाण्डेसहित उहाँलाई अत्यन्त नजिकबाट चिन्नु हुने आफन्तजनहरूबाट २३ वटा संस्मरण लेख तयार भएका छन् । तेस्रो खण्डलाई फूलबारी नाम दिइएको छ । यस खण्डमा पनि उहाँका बुहारीहरू नाति, नातिनी, छोराहरू लगायत १५ जनाका शब्दहरूको फूलबारी तयार गरिएको छ । अन्त्य तिर १८८ देखि २०१ सम्मका पृष्ठहरूमा रिडीघाटमा उपस्थित मलामीहरूसहित अन्य विवरण र स्व. देवराज पाण्डेको अन्तिम हस्ताक्षर भएको तुल्सी -चन्द्र स्मृति प्रतिष्ठानद्वारा वितरित सम्मान-पत्र राखिएको छ । अन्त्यमा विविध प्रसङ्गका तस्वीरहरू छन् ।

आफ्ना पिताजी स्व. देवराज पाण्डेलाई जीवनका विविध पाटाबाट चिनाउन हेमराज पाण्डेद्वारा गरिएको सत्प्रयास अत्यन्त प्रशंसनीय छ । अझ दोस्रो खण्डका सबै लेखहरूको अन्त्यमा राखिएका पद्य संस्मरण सायद हेमराज पाण्डेकै सम्पादन हुनुपर्दछ । ती अत्यन्त प्रशंसनीय छन् । पिताजीलाई सम्झनका लागि गरिएको सुपुत्र हेमराज पाण्डे र उहाँका परिवारजनको सत्प्रयास अत्यन्त प्रशंसनीय छ ।

**- अकिञ्चन**

ooo

- गोष्ठी अबेरसम्म चल्यो । मोदनाथजी, हर्षनारायणजी, होमनाथजी, विद्यानाथ कोइरालाजीहरूबाट प्रस्तुत सारगर्भित मन्तव्य पनि सुन्ने मौका पाएँ । त्यसपछि किरण पुस्तकालयमा पुग्यौं र तम्घासजस्तो भित्री भागमा रहेको ठाउँमा पनि यति आकर्षक पुस्तकालय बनेको र त्यति सक्रिय रूपमा सञ्चालन भएको अर्को उत्तम उदाहरण थियो । यहाँबाट नियमित रूपमा प्रकाशित हुँदै आएको 'हाम्रो पुरुषार्थ' भन्ने प्रकाशनका पहिले पहिलेदेखिका अङ्कहरू मलाई उपहारस्वरूप दिइयो ।

**- डा. सुरेशराज शर्मा**

(उपकुलपति), काठमाडौं विश्वविद्यालय, **शैक्षिक संगोष्ठी – प्रतिवेदन-२०५८)**

- विद्यालय, क्याम्पसबाहिर सर्वसाधारणका लागि समेत उपयोगी हुने किरण पुस्तकालय र नियमित रूपमा निस्कने साहित्यिक पत्रिका त्यहाँको अर्को विशेषता देखियो ।

**- डा. होमनाथ भट्टराई**

(सदस्य-सचिव) विश्वविद्यालय अनुदान आयोग, **शैक्षिक संगोष्ठी -प्रतिवेदन-२०५८**)

- इतिहासका कुनै पनि पानामा नाम उल्लेख नहुने तर आजको गुल्मीको जगमा शिला जस्तै अटल रहेका गुल्मेली जनताहरू, जो श्रमदान, परोपकार, सेवाभाव र इमानदारिताको लागि प्रख्यात छन्, उनीहरूको भूमिकालाई बिर्सन सकिंदैन । खास गरी तानसेन-तम्घास ७५ कि.मि. लामो मोटरबाटो लगायतका दर्जनौंदर्जन बाटाघाटाहरू, सयौं विद्यालय र गा.वि.स. भवनहरू तथा अनेकौं भौतिक संरचनाहरू निर्माण गर्ने गुल्मेलीहरूको विकासप्रेम, सामूहिक भावना र मिहिनेतबाट नेपालका अन्य जिल्लाहरूले पनि धेरै प्रेरणा हासिल गर्न सक्छन् । जिल्लाको शैक्षिक र सामाजिक जागरणको सन्दर्भमा किरण पुस्तकालय जस्ता संस्थाहरूको योगदान पनि बहुमूल्य रहेको छ ।

**- प्रदीप ज्ञवाली**

(सामाजिक तथा प्रजातान्त्रिक आन्दोलनमा गुल्मीको भूमिका, **गुल्मी परिचय, गुल्मी समाज, काठमाडौं २०६२)**

- त्रि.वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं, केशर पुस्तकालय काठमाडौं, पुरातत्त्व विभाग काठमाडौं, तथ्याङ्क विभाग र किरण पुस्तकालय, तम्घास, गुल्मी पुगी अध्ययन, अनुसन्धान गरेको छु ।

**- गोविन्दप्रसाद आत्रेय**

**गुल्मी चन्द्रकोटको ऐतिहासिक सरेफेरो (२०७४)**

ooo

# हाम्रो पुरुषार्थ Website (www.kiranpustakalaya.com) बाट पढ्न पाउँदा

श्रीमान् सम्पादकज्यू,
हाम्रो पुरुषार्थ (त्रैमासिक)

म यस किरण पुस्तकालयको नियमित पाठक हुँ र हाम्रो पुरुषार्थको आजीवन ग्राहकसमेत भएकोले यो त्रैमासिक पत्रिका कहिले छापाखानाबाट तैयार भई कहिले हातमा पर्छ भनी कुर्नुपर्दथ्यो तर अहिले उक्त सेवा इन्टरनेटको पहुँच भएको ठाउँबाट Website को माध्यमबाट समेत अध्ययन गर्न पाउँदा अत्यन्त खुसी लाग्यो । उता छापखानामा छापिरहँदा Website मा राखेका लेख रचनाहरू पढन पाउँदा यस किरण पुस्तकालय र हाम्रो पुरुषार्थको विकास भएको महसुस भयो ।

हाम्रो पुरुषार्थ राष्ट्रिय स्तरको पत्रिका अङ्क ४ सम्पूर्णङ्क ८७ मा इस्मा गाउँपालिकाको परिचय छापिएको रहेछ । यसबाट इस्मा गाउँपालिकाका बारेमा विस्तृत ऐतिहासिक विवरणलगायतका कुराहरू अध्ययन गर्न पाउँदा त्यहाँको बारेमा सम्पूर्ण विषयवस्तुको जानकारी प्राप्त गर्ने अवसर मिल्यो । यसै गाउँपालिकाको ऐतिहासिक कोटको फोटो पनि आवरण पृष्ठमा रहेछ । साथै यसै अंकको पृष्ठ ९४ को अन्त्यमा सिर्जनशील सामुदायिक विकास केन्द्रबाट आफ्नो स्थापना कालदेखि हालसम्म भएको प्रगति पढ्न पाउँदा अझ प्रभावित भएँ ।

अन्त्यमा, इस्मा गा.पा.को झलक जस्तै अन्य गाउँ तथा नगरपालिकाको पनि वस्तुस्थिति राख्दै जाने हो भने भविष्यमा उक्त अभिलेख यस पुस्तकालयमा सुरक्षित हुने र खोज तलास गर्दा तुरून्त उपलब्ध हुने हुँदा यो नमूना अंक सबै गा.पा. तथा न.पा. लाई उपलब्ध गराई जानकारी गराउँदा राम्रो हुने देखिन्छ ।

**डिल्लीराज खनाल**
रेसुङ्गा-५, लामडाँडा ,गुल्मी,
आजीवन सदस्य -किरण पुस्तकालय, गुल्मी ।

ooo

सम्पादकज्यू

म गुल्मी तम्घासमै जन्मेर त्यहीं हुर्की कक्षा १२ सम्म पढेकी विद्यार्थी हुँ । तम्घासमा छँदा किरण पुस्तकालयमा पढ्न जाने र कार्यक्रममा सहभागी हुने

गरेकी थिएँ । अहिले म उच्च अध्ययनको सिलसिलामा भारतको तामिलनाडू, चेन्नईमा बसेकी छु । यहाँ बसी किरण पुस्तकालयको वेभसाइट www.kiranpustakalaya.com बाट हाम्रो पुरुषार्थ पढ्न पाउने अवसर पाएँ । मलाई तम्घासमै बसेको अनुभव भयो । यसरी पढ्न पाएकोमा किरण पुस्तकालय र हाम्रो पुरुषार्थप्रति आभार प्रकट गर्दछु ।

**- सन्ध्या पन्थी**
जे.के. रेड्डी एण्ड को.
टी नगर,
चेन्नई, तामिलनाडू, ६०००१७, भारत ।

०००

## विद्यालयहरूलाई अनुरोध

- कोभिड १९, कोरोनाको सङ्क्रमणबाट बच्दै विद्यालय सञ्चालन गरौं ।
- विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गरौं ।
- मास्कको प्रयोग र साबुनपानीले हात धुने कुरालाई निरन्तरता दिऔं ।
- भौतिक दूरी कायम गरौं; गर्न लगाऔं ।
- टाउको दुख्ने, ज्वरो आउने लक्षण देखिएमा स्वास्थ्य चौकीमा गई स्वास्थ्य परीक्षण गरौं ।
- **'१ घण्टी, कम्तीमा १ शैक्षिक सामग्री'** प्रयोग गर्ने बानी बसालौं ।
- विद्यालय जान नपाएको समयमा समेत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, श्रव्यदृश्य शाखाबाट सम्प्रेषित पाठ प्रसारण तालिका अनुसार रेडियो वा टेलिभिजनको माध्यमबाट प्रसारण हुने श्रव्यदृश्य तथा श्रव्य पाठबाट लाभान्वित गराउन सहयोग गरौं ।

# काली गण्डकी गाउँपालिका

**पूर्तिघाट, गुल्मी**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रूरूक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |



किरण पुस्तकालय भवन निर्माण अन्तिम चरणमा




कवि शिरोमणि लेखनाथ पौडेलको १३७ औं जन्मजयन्ती समारोह

जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६

# लकडाउन अथवा निषेध आदेश रहँदा वा हटे पनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरू

## कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं




**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरू जम्मा भएका हुन्छन्



**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ



**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान





**यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ**

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरूबाट टाढा रहौं, कोरोनाबाट बचौं

## तपाईंले अपनाउनुपर्ने सावधानीहरू



भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरूमा सकेसम्म कम समय व्यतित गरौं



सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं



पर्याप्त दोहोरो हावा प्रवाहको निमित्त झ्याल तथा ढोकाहरू खुला राखौं



हात सधैं साबुनपानीले धोऔं तथा खोक्दा एवं हाच्छिउँ गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं



भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

सुशिला प्रिण्टर्स, गुल्मी (५२०४५०)